# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क ११६
मूल्य रू. २५/-, भारतमा भा.रु. २०/-

**बेल्जियमको संवैधानिक राजसंस्था**

**एमालेको रोडम्यापबारे**
**डा. बाबुराम भट्टराईको टिप्पणी**

# किन उठ्दैछ गणतन्त्रको नारा यतिखेर ?




**के कस्तो परिवर्तन जरूरी छ राज्य संरचनामा ?**
**- डा. पीताम्बर शर्माको विचार**





**किन हामी गणतन्त्रको नारा लाउँदैछौं ?**


30 MONTHS WARRANTY
नेपालमा सर्वाधिक बिक्री हुने कलर टि. भी.
DAEWOO
MADE IN KOREA*
नेपालको एकमात्र २१" फ्ल्याट कलर टि.भी.
PIP / DCS
का साथ
Golchha Organisation
HIM ELECTRONICS PRIVATE LIMITED
20D4 (Rs.15,000/-)
14D4 (Rs.10,800/-)
21D4 (Rs.16,300/-)
20D9 (Rs.16,700/-)
14D9 (Rs.11,800/-)
21D9 (Rs.17,800/-)
21U8 (Rs.27,500/-)
25G5 (Rs.30,500/-)

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २२, पूर्णाङ्क- ११६
माघ-फागुन - २०६०




**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**सम्पादक**
हरिगोविन्द लुइँटेल
**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ
**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
जमुनाप्रसाद चौधरी
**व्यापार प्रबंन्धक**
श्रीबहादुर खड्का



**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np, yuwamonthly@yahoo.com

**मूल्य : रु. २५/-**

# किन उठिरहेछ गणतन्त्रको माग ?



## किन हामी गणतन्त्रको नारा लाउँदैछौं ?
- गगन थापा

## वर्तमान राज्य-संरचनामा के कस्तो परिवर्तन आवश्यक छ ?
- पीताम्वर शर्मा





## यस्तो छ, बेल्जियमको संवैधानिक राजसंस्था

- नेपाली राजनीति र मधेश
- माओवादीले राष्ट्रसंघको पर्यविक्षण निम्त्याउनुको कारण र सन्दर्भ

यस अंकमा


**हाम्रो मूल्यांकन**
● 'टाइम'को अन्तर्वार्ताले दिन खोजेको सन्देश ४
**आवरण**
● किन उठिरहेछ गणतन्त्रको माग ?
- *अमर गिरी* ५
● किन हामी गणतन्त्रको नारा लाउँदैछौं ?
- *गगन थापा* ८
**घटना र प्रवृत्ति**
● "आवेशको झोँक" कि खतराको घण्टी ?
- *खगेन्द्र संग्रौला* ११
● माओवादीले राष्ट्रसंघको पर्यवेक्षण निम्त्याउनुको कारण र सन्दर्भ
- विनोद ढुंगेल ४२
**बहस**
● एमालेको "रोडम्याप"बारे संक्षिप्त टिप्पणी
- बाबुराम भट्टराई १३
**अन्तर्क्रिया**
● वर्तमान राज्य-संरचनामा के कस्तो परिवर्तन आवश्यक छ ?
- *पीताम्वर शर्मा* १५
**अनुसन्धान**
● बेल्जियमको संवैधानिक राजसंस्था
- *श्याम श्रेष्ठ* २१
**विश्वग्राम**
● फासीवादको रुप र शैली २४
● अर्को संसार सम्भव छ
- *गौरी प्रधान* २६
**दर्शन**
● वैशेषिक दर्शनको परमाणु सिद्धान्त
- *समिर सिंह* २८
**विचार/विश्लेषण**
● नेपाली राजनीति र मधेश
- *गोपाल ठाकुर* ३०
**संस्कृति**
● पुर्ख्यौली संस्कृतिको नमूना गोत्र र गणचिन्ह
- *डी.आर. पोखरेल* ३३
**इतिहास**
● "विशाल नेपाल" पृथ्वी नारायण शाहले गरेको राज्य-विस्तारपछि आएको होइन
- *प्रा माणिकलाल श्रेष्ठ* ३५
**क्षेत्रीय रिपोर्ट**
● दाङ घोषणापत्रले देखाएको बाटो-संविधानसभा
- *नारायणप्रसाद शर्मा* ३७
**स्वास्थ्य**
● स्वास्थ्य भनेको के ?
- *डा. सरोज धिताल* ३८
**किताब**
● नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास
- *बालचन्द्र मिश्र* ३९
**जीवन सन्दर्भ**
● जनसंस्कृति पुरस्कारले पुरस्कृत व्यक्ति रामेश
- *विजय सुब्बा* ४०
**अर्थतन्त्र**
● आर्थिक परिसूचकहरुको सेरोफेरोमा अर्थतन्त्र
- *दीपेन्द्र क्षेत्री* ४५
**पाठकको कुरो** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४४१००५९ । ले-आउट : ध्रुव बस्नेत, राजु महर्जन ।
कभर फोटो : नरेश श्रेष्ठ, ए.बी.सी. प्रेस फोटो एजेन्सी, फोन : ४२४६१२२ । कलर सेपरेशनः पोलिइमेज, फोनः ४२५२५७१ ।
कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४७७१४४८ ।

# 'टाइम'को अन्तर्वार्ताले दिन खोजेको सन्देश

**माघको** दोस्रो साताको कठ्यांग्रिने ठण्डीमा अमेरिकाबाट प्रकाशित हुने टाइम साप्ताहिकमा छापिएको राजाको ताजा अन्तर्वार्ताले एकाएक चर्को गर्मीपन पैदा गरिदिएको छ । यो अन्तर्वार्ताको ठूलो योगदान के हो भने यसले राजाको मनसायलाई ज्यादै खुलस्त ढंगले बाहिर ल्याएको छ । दरवारको नियत सम्बन्धमा भ्रम पालिरहेका धेरैको यसले भ्रम टुटाइदिएको छ । अझै पनि झर्ला र खाउँलामा बसेका धेरै आशाकुटीहरूलाई त यसले उल्टो लोप्पा नै ख्वाइदिएको छ ।

यो अन्तर्वार्ताले के देखाएको छ भने राजा आफ्नो उद्देश्यमा अत्यन्त स्पष्ट छन् । उनी 'देखिनमात्र होइन, सुनिन पनि चाहन्छन् । उनी अबको राज्य-संरचनामा त्यस्ता रचनात्मक भूमिका' चाहन्छन्, जुन अहिलेको संविधानमा राजालाई उपलब्ध छैन । पार्टीहरूलाई यसो गर, उसो गर भन्न सक्ने, पार्टी नेताहरूविरूद्ध सार्वजनिक रूपमा आलोचना गर्न सक्ने, आफूलाई मनलागेको कुरा पार्टी नेताझैं खुला रूपमा बोल्न सक्ने र निर्वाचित प्रधानमन्त्रीलाई 'असक्षम' भए भनेर मनलागेको बेलामा बर्खास्तिसमेत गर्न सक्ने यस्तो 'रचनात्मक भूमिका'सहितको राजतन्त्र चाहन्छन्, वर्तमान राजा । अन्तर्वार्ताले यी कुरा धेरै राम्ररी खुलस्त पारेको छ । यो जगजाहेर छ, दुनियाँको कुनै सम्वैधानिक राजसंस्थालाई यस्तो भूमिका र अधिकार उपलब्ध हुँदैन । तसर्थ, स्पष्ट छ, राजाले चाहेको बहुदलीयतासहितको निरंकुश राजतन्त्र नै हो ।

अन्तर्वार्ताले के सन्देश दिएको छ भने राजा निरंकुश राजतन्त्रको एजेण्डामा स्पष्ट छन् र दृढ छन् । आफ्नो एजेण्डामा स्पष्ट र दृढ नभएका प्रमुख राजनीतिक दलहरूमात्रै हुन् । अन्तर्वार्ताले के पनि स्पष्ट पारेको छ भने सत्ताको लागि आशाकुटी नजर लाउदै झाडा टार्ने चरित्रको आन्दोलन गरिरहुन्जेल पार्टीहरूसित राजाको सहमतिको कुनै सम्भावना छैन । राजा आफ्नै शर्तमा मात्र पार्टीहरूसित सहमति गर्ने पक्षमा छन् । अहिले तुरून्तै संविधानलाई ट्र्याकमा ल्याएर पार्टीहरूलाई सत्ता सुम्पने पक्षमा दरवार छैन ।

अन्तर्वार्तामा पार्टीहरूप्रति राजाको गम्भीर आलोचना र चेतावनी समाहित छ । राजाको प्रष्ट आरोप छ कि विगतका सरकारहरूको दूरदृष्टि थिएन । सर्वसाधारण मान्छेको गरिवीलाई सम्वोधन गर्ने बुद्धिमता विगतकालमा सत्ता संचालन गर्नेहरूसित थिएन । र, विगतका सरकारहरूकै कारणले माओवादी विद्रोह पैदाभएको हो । राजाको आरोप छ कि जनताको प्रतिनिधित्व गर्छु भन्नेहरूले जनतालाई ठीकसित नेतृत्व गरिरहेका छैनन् । उनीहरू खाली सरकारको कुर्सीमा म्यूजिकल चेयरको खेल खेल्न मात्र चाहन्छन् । राजाले चेतावनीसहित



पार्टीहरूलाई के पाठ पढाउनु खोजेका छन् भने जनताको प्रतिनिधित्व गर्छु भन्नेहरूले जनतालाई नेतृत्व गर्न सिक्नुपर्दछ ।

हामी यो भन्दैनौ कि विगत बाह्र वर्षमा देशको नेतृत्व गर्ने र शासन चलाउने राजनीतिक दलहरूले गल्ती गरेका थिएनन् । उनीहरूले ठूला ठूला गल्ती गरेका थिए नै । सर्वसाधारण जनताको पीरमर्कालाई उनीहरूले ध्यानै नदिएको कुरा साँचो हो । हामी यो पनि भन्दैनौं कि पार्टीहरूको आलोचना नै गर्नुहुँदैन । तर हाम्रो भनाइ के हो भने अरूलाई आलोचना गर्नेहरूले त्यही गल्ती आफूले गरेको हुनुहुँदैन र त्यस्तो गल्ती गरेका छन् भने सर्वप्रथम ती गल्तीमा आलोचकले आफूतिर फर्केर हेर्नुपर्छ र आत्मालोचना गर्नुपर्दछ । वर्तमान नेपालको २३५ वर्षको इतिहासमा पार्टीहरूले त केवल पन्ध्र सोह्र वर्षमात्र शासन गरेका हुन् । बाँकी समयमा यो देशमा राजाकै शासन थियो । त्यसैले अहिले नेपाल जुन पछौटेपन, गरिबी, अशिक्षा र चौतर्फी बरबादी भोग्दैछ, र त्यसको प्रतिक्रियास्वरूप सशस्त्र विद्राह भोग्दैछ, त्यसको लागि जिम्मेवारीको सबैभन्दा ठूलो अंश राजसंस्थाकै छ । विगत २०० वर्षमा राजसंस्थाले देशको नेतृत्व ठीकसित नर्गनाले नै अहिले नेपाल यति धेरै पछाडि परेको हो । नेपालमा अहिलेसम्म जुन वर्गगत भेदभाव, जातिगत भेदभाव, भाषाको भेदभाव, धर्मको भेदभाव, लिङ्गको भेदभाव र क्षेत्रगत भेदभाव बाँकी छ त्यो नेपालको इतिहासमा सामन्तवादले नै जन्माएको हो । पार्टीहरूले त सामन्तवादले पैदा गरेको भेदभावलाई आफ्नो शासनकालमा सम्वोधनमात्र नगरेका हुन् । अठारौं र उन्नाइसौं शताब्दीमा युरोप र अमेरिकाले अजङ्गको फड्को मार्दा नेपाल चाहिं जहांको तहीं भइराख्नु र अझ अधोगतितिर लाग्नुको मुख्य कारक त्यतिखेर नेपालको हालिमुहाली चलाइरहेको सामन्ती निरंकुशतन्त्र नै हो । त्यसैले पार्टीहरूले गरेको गल्तीको लागि आलोचना गर्नुपर्छ ठीक छ, तर त्यो गर्नको लागि त सबभन्दा धेरै देशको बरवादीको लागि जिम्मेवार संस्थाले नै सर्वप्रथम आत्मालोचना गर्नु जरूरी छ । अन्यथा, त्यो आफूले डकैती गरेर अरूको चोरीको आलोचना गर्नुजस्तै हुन जान्छ । त्यस्तो आलोचनाको के तुक हुन्छ र ?

हामीलाई के लाग्छ भने विगतमा पार्टी र पार्टी नेताहरूले गल्ती गरेका छन् र भविष्यमा पनि उनीहरूले थुप्रै गल्ती गर्न सक्छन् । तर उनीहरूलाई दण्डित गर्ने र पाठ पढाउने काम सम्वैधानिक राजाको होइन । निर्वाचित सरकारलाई दण्ड दिने नाममा अपदस्थ गर्ने हक कुनै संवैधानिक राजालाई हुँदैन । यो काम जनताको र जनप्रतिनिधिहरूको हो । निर्वाचक जनता र जनप्रतिनिधिसभाले नै गल्ती गर्ने पार्टी वा पार्टी नेताहरूलाई उपयुक्त दण्ड दिन सक्छन् । र, आवश्यक पाठ पढाउन सक्छन् । यो उनीहरूले सार्वजनिक आलोचनामार्फत् पनि गर्न सक्छन्, निर्वाचनमार्फत् पनि र सडक संघर्षमार्फत् पनि । राजाले पार्टीहरूलाई दण्ड दिने र पाठ पढाउने प्रक्रिया थाल्ने हो भने त्यो निरंकुश राजतन्त्रअर्न्तगत मात्र सम्भव हुन्छ, सम्वैधानिक राजसंस्था अन्तर्गत त्यसो गर्नु न त विधिसम्मत हुन्छ, न उचित नै ।

यो अन्तर्वार्तामा राजाले आफूलाई खाली सुरक्षा निकायको मात्र राजा बनाएका छन् । यतिसम्म कि सुरक्षा निकायको गल्ती-कमजोरी औंल्याएकोमा राज्यको चौंथो अंग- प्रेसजगतमाथि समेत 'निर्दयी' भएको आरोप लगाएका छन् । राजा खाली सेनाको मात्र हुने अरूको नहुने यस्तो प्रवृत्तिबाट राजा राष्ट्रिय एकताको प्रतीक कसरी हुन सक्छन् ? यो देशमा सुरक्षा निकायले गरेको ज्यादतीउपर प्रेस जगतले औंलो नठड्याएको भए यतिन्जेलसम्म सुरक्षा निकायको ज्यादती योभन्दा ज्यादै बर्बर र व्यापक भइसक्ने थियो ।

राजाको अन्तर्वार्ताले अब पार्टीहरूसमक्ष केवल दुईवटा बाटाहरू बाँकी रहेको देखाएका छन् । एक, राजाको शर्तमा राजासमक्ष त्वमशरणम् गर्दै सहमतिको बाटोमा जाने । दोस्रो, विद्यार्थीहरूले देखाएको बाटो पक्रदै निर्णायक संघर्षमा जाने । अर्को कुनै तेस्रो बाटो अब देशमा बाँकी छैन । अब लोकतन्त्रलाई पूर्णता दिने हो भने झर्ला र खाउँलाको आशाकुटी कुर्सी-केन्द्रित राजनीति छोडेर आन्दोलनरत राजनीतिक दलहरू निर्णायक संघर्षमा ओर्लनुपर्दछ । र, आफ्नो मोर्चाको दायरा यथासम्भव फराकिलो बनाउनुपर्छ, जसभित्र जनताको प्रभुसत्ता र लोकतन्त्रको पूर्णताको एजेण्डामा सहमत हुने सबै शक्ति अटाउन सकून् । चाहे सडकमा लडिरहेका हुन् वा जंगलमा, अब सारा लोकतन्त्रपक्षधर जनपक्षीय शक्तिको एकताले मात्र लोकतान्त्रिक आन्दोलनको विजय सुनिश्चित गराउन सक्छ । कुनै दर्शनभेट र बिन्तीपत्रको रून्चे राजनीतिले होइन । ❑



IM ELECTRONICS 14D4 (Rs 10,800/-) 14D9 (Rs.11,800/-)

# किन उठिरहेछ गणतन्त्रको माग ?

**• अमर गिरी**

अ चेलभोलि दिनहुँ सडकमा गणतन्त्रका नारा र मागहरू घन्कन थालेका छन् । कुनैबेला कोठामा छलफल गर्दासमेत भयको अनुभव हुने यो विषय अचेल सामान्यजस्तो अनुभव हुनथालेको छ । पुस १ गतेदेखि सधैंजसो युवा विद्यार्थीहरूका जुलुस निस्किएका छन् र ती जुलुसहरूमा गणतन्त्रसम्बन्धी नारा र मागहरूले नै सबैभन्दा बढी प्राथमिकता पाएका छन् । नारायणहिटी राजदरबारको नाकैमुन्तिर उभिएर टायर बाल्दै र गणतन्त्रको नारा लगाउँदै युवा विद्यार्थीहरूले इतिहासमै प्रथमपटक अभूतपूर्व साहस र अग्रगामी चेतनाको प्रदर्शन गरेका छन् ।

इतिहासको कालो दिन र प्रतिगमनको विरोधमा पुस १ गते आन्दोलनरत पाँच राजनीतिक दल र युवा विद्यार्थीहरूद्वारा प्रदर्शित विरोध प्रदर्शनमा पहिलोपटक राजतन्त्रको विरोध र गणतन्त्रको पक्षमा चर्का नाराहरू लागेका थिए । युवा विद्यार्थीहरूको त्यो आवाजलाई दवाउन उक्त दिन साँझ नै सरकारले ने.वि.सं.का अध्यक्ष गुरू घिमिरे, महासचिव गगन थापा र एमाले अखिलका पुरूषोत्तम आचार्यलाई गिरफ्तार गरेर राजद्रोहको मुद्दा लगाएको थियो । यसले युवा विद्यार्थीहरूको आक्रोशलाई घटाएन, उल्टै आगोमा घ्यू थप्ने काम गऱ्यो । युवा विद्यार्थीहरू थप आक्रोश र निर्भीकताका साथ सडकमा ओर्लिए । ठाउँ-ठाउँमा युवा विद्यार्थीहरूमाथि लाठी चार्ज र अश्रुग्याँसमात्र प्रयोग गरिएन, बन्दूकको समेत प्रयोग गरियो र दर्जनौं विद्यार्थीहरू घाइते भए, तर विद्यार्थीहरूको प्रदर्शन र गिरफ्तारीमात्र जारी रहेन, राजतन्त्रको विरोध र गणतन्त्रको पक्षमा नाराहरू पनि घन्की नै रहे । विद्यार्थीहरूको बढ्दो विरोध र आक्रोशका कारण सरकार गिरफ्तार गरिएका विद्यार्थी नेताहरूलाई रिहा गर्नमात्र बाध्य भएन, उनीहरूमाथि लगाइएको राजद्रोहको मुद्दा फिर्ता लिनसमेत बाध्य भयो । विद्यार्थीहरूले आफ्ना नेताहरूको रिहाइपछि पनि प्रतिगमनविरोधी आन्दोलनलाई निरन्तरता दिइनै रहेका छन् र राजतन्त्रको विरोध तथा गणतन्त्रको पक्षमा नारा पनि लगाइरहेका छन् ।

त्यसउप्रान्त युवा विद्यार्थीहरूले राजतन्त्रको विरोध तथा गणतन्त्रको मागलाई बहसको विषय पनि बनाएका छन् । गत पुस २५ गते सात विद्यार्थी संगठनहरूले ऐतिहासिक त्रि-चन्द्र क्याम्पसमा 'नेपालमा अब राजतन्त्रको सान्दर्भिकता कति ?' विषयक बृहत् अन्तर्क्रिया कार्यक्रमको आयोजना गरे र यस प्रकारको अन्तर्क्रिया मेचीदेखि महाकालीसम्म आयोजना गरिने बताए । उक्त कार्यक्रममा ने.वि.सं.का अध्यक्ष गुरू घिमिरेले 'हामी इतिहासलाई

**इतिहास र राजनीतिक घटनाक्रमहरुले दलहरुलाई राजा र प्रजातन्त्र दुवै चाहिएको तर राजालाई दल र प्रजातन्त्र केही नचाहिएको कटु यथार्थको उद्घाटन गर्दछन्**

**एक धर्म, एक लिङ्ग, एक जाति, एक भाषा विशेषाधिकारको पक्षपोषण गर्दै आएको राजतन्त्र कसरी राष्ट्रिय एकताको मूल मियो हुनसक्छ ?**



*किरियापुत्रीले जस्तो सेतो कपडा टाउकोमा बाँधेर प्रतिगमनविरुद्ध प्रदर्शन गर्दै*

फोटो : नेपाल न्यूज डट कम

नयाँ मोड दिन प्रयत्नशील छौं' भन्नुभयो भने एमाले निकट अनेरास्ववियुका अध्यक्ष राजेन्द्र राईले 'गणतन्त्रको स्थापना नभई आन्दोलन नरोकिने' बताउनुभयो । कार्यक्रममा उपस्थित सबै पूर्वविद्यार्थी नेताहरूले युवा विद्यार्थीहरूले देखाएको साहस र उनीहरूको अग्रगामी चेतनाको प्रशंसामात्र गरेनन्, सुस्पष्ट रूपमा गणतन्त्रको मागलाई समर्थन पनि गरे । विद्यार्थीहरूले पूर्वघोषणाअनुरूप राजतन्त्रको सान्दर्भिकताका बारेमा मुलुकमा विभिन्न भागहरूमा छलफल कार्यक्रमहरू पनि सम्पन्न गरेका छन् । त्यसलाई अब हरेक क्याम्पस र विद्यालयमा समेत पुर्‍याउन लागेका छन् ।

## किन उठिरहेछ गणतन्त्रको माग ?

युवा विद्यार्थीहरूद्वारा गरिएको राजतन्त्रको विरोध र उठाइएको गणतन्त्रको मागलाई कतिले युवा विद्यार्थीहरूको क्षणिक उत्तेजना र आक्रोशको रूपमामात्र लिने गरेको पनि पाइन्छ । तर सत्य त्यस्तो देखिंदैन । कांग्रेस नेता नरहरि आचार्यको कथन छ : 'गणतन्त्र उत्तेजना वा आक्रोशको नारा होइन, यो मुलुकका युवा विद्यार्थीहरूको सचेत अभिव्यक्ति हो ।' वस्तुतः युवा विद्यार्थीहरूले गणतन्त्रको पक्षमा व्यक्त गरिरहेका विचारहरू इतिहासको गम्भीर पाठका सचेत र सहज अभिव्यक्तिहरू अनुभव हुन्छन् । मूलतः तीनवटा विषयहरूले युवा विद्यार्थीहरूलाई सचेतन रूपमा गणतन्त्रको पक्षमा डोर्‍याएको देखिन्छ- पहिलो, इतिहासको गम्भीर पाठ, दोस्रो २०५८ साल जेठ १९ को दरवार हत्याकाण्ड र तेश्रो २०५९ असोज १८ को शाही प्रतिगमन ।

नेपालको राजतन्त्र सहज रूपमा प्रजातन्त्रको पक्षमा उभिन कहिल्यै तयार भएन । आफूलाई अप्ठेरो पर्दा यो प्रजातन्त्रका पक्षमा उभिएजस्तो त गर्‍यो, तर अनुकूल हुँदा सधैं प्रजातन्त्रका विपक्षमा खडा भयो । २००७ सालमा राजा त्रिभुवनले आफैंले घोषणा गरेको संविधानसभामार्फत् संविधान निर्माण गर्ने वचनलाई २०१० सालमा राजकीय अधिकारको स्रोत आफैं भएको घोषणा गरेर समाप्त गरे । २०१५ सालमा राजा महेन्द्रले आफ्नो शर्तअनुरूप निर्माण र घोषणा गरेको संविधानलाई २०१७ साल पुस १ गते आफैले अन्त्य गरेर एकदलीय निरंकुश पञ्चायती शासन व्यवस्थाको स्थापना गरे । तेश्रोपटक २०४७ सालमा जनतासितको संझौतास्वरूप जारी भएको संविधानलाई २०५९ सालमा राजा एक्लैले कागजको खोस्टोमा परिणत गरिदिए । आफ्ना लागि स्थिति प्रतिकूल हुँदा प्रजातन्त्रप्रति मौखिक प्रतिबद्धता, तर भित्र-भित्र त्यसबिरूद्ध गम्भीर षड्यन्त्र नेपाली राजतन्त्रको चरित्र रह्यो । राजनीतिक मात्र होइन, आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरणको मूल बाधक पनि सामन्तवाद हो भन्ने निष्कर्ष आजका युवा विद्यार्थीहरूको रहेको देखिन्छ । नेपाली समाजको समग्र रूपान्तरण र राज्यको पुनःर्संरचनाका निम्ति सदियौंदेखि बाधक बन्दै आएको राजतन्त्रलाई कति राखिराख्ने भन्ने चिन्तनबाट परिचालित भइरहेका छन्- युवा विद्यार्थीहरू । 'नेपालमा राजा वा राजतन्त्र नै बस्न नसक्ने निष्कर्ष निस्कने पर्याप्त प्रमाण र तर्कहरू छन् । जनताले प्रजातन्त्र र राजतन्त्रमध्ये एकमात्र रोज्नुपर्ने स्थिति इतिहासले पुष्टि गरेको देखिन्छ' अनेरास्ववियु अध्यक्ष राजेन्द्र राईको भनाइ छ । 'जनतामाथि अत्याचार मच्चाउने सेतो हात्तीलाई पालिराख्न नेपाली युवा विद्यार्थी तयार छैनन्', भन्ने गुरूराज घिमिरेको यो अभिव्यक्तिले यसै सत्यलाई स्पष्ट गर्दछ ।

२०५८ साल जेठ १९ गते भएको दरवार हत्याकाण्डले अप्रत्यासित रूपमा वैधता प्राप्त पुस्तैनी राजतन्त्रको अस्तित्व र निरन्तरतामाथि गम्भीर प्रश्नमात्रै उठाएन, नेपाली जनताको राजतन्त्रप्रतिको दृष्टिकोणमै परिवर्तन ल्याइदियो । यसले आम जनताको राजसंस्थामाथिको आस्था नै समाप्त पारिदियो । यसले एकातिर, सम्प्रभु भनिएका जनता कति संप्रभु रहेछन् त भन्ने वास्तविकतालाई मार्मिक ढंगले उदघाटन गर्‍यो भने अर्कातिर राजतन्त्र भनेको षडयन्त्रै षडयन्त्रको अनौठो र डरलाग्दो चक्रब्यूह रहेछ भन्ने छाप पनि छोड्यो । वैधताप्राप्त राजतन्त्रको वैधानिक प्रतिनिधिसहित उसको सिङ्गो वंशको कहालीलाग्दो विनासको दारूण कथालाई, सत्यको उद्घाटनविना नै इतिहासको पानामा विस्मृत बनाउन खोजिएको यस दुर्दमनीय घटनाले वस्तुतः परम्परागत राजतन्त्रको जग र त्यसप्रतिको मानिसहरूको आस्थालाई नै बेस्सरी हल्लाइदियो ।

> **राजाको संवैधानिक राजतन्त्र र बहुदलीय ब्यवस्थाप्रतिको प्रतिबद्धताको कुरा सक्रिय राजतन्त्रतर्फको यात्रालाई छोप्ने एउटा छद्म आवरणमात्र बनिरहेछ । दलहरूलाई वेवास्तामात्रै होइन, पूरै किनारा लगाउने रणनीतिअनुरूप अगाडि बढिरहेछ दरवार ।**

त्यसमाथि थप २०५९ असोज १८ को शाही प्रतिगमनले राजतन्त्रप्रति नकारात्मक बन्दै गरेको धारणालाई हलक्क बढाउने काम गर्‍यो । इतिहासको गम्भीर पाठ, दरवार हत्याकाण्ड र शाही प्रतिगमन तथा त्यसपछिका घटनाक्रमहरूलाई विश्लेषण गरी निष्कर्षमा पुग्दाको परिणाम हो, आज सडकमा घन्किएको गणतन्त्रको माग । राजतन्त्र, त्यसले सम्पादन गर्दै आएको भूमिका, प्रजातन्त्र र मुलुकको रूपान्तरणमा त्यसले खडा गरेका अवरोधले नै आज राजतन्त्रलाई खुला बहसको विषय बनाइदिएको छ र यसलाई रोक्न संभव देखिंदैन ।

## गणतन्त्रको माग र राजनैतिक दलहरू

युवा विद्यार्थीहरू गणतन्त्रको पक्षमा देखिए पनि संयुक्त रूपमा आन्दोलनरत पाँच राजनैतिक दलहरू अझै गणतन्त्रको पक्षमा देखिएका छैनन् । विद्यार्थीहरूको आन्दोलनलाई आन्दोलनरत दलहरूले समर्थन गरे पनि एमाले र कांग्रेसजस्ता ठूला राजनैनिक शक्तिहरू अहिलेसम्म संवैधानिक राजतन्त्रप्रति नै प्रतिबद्ध रहेका देखिन्छन् । माघ ३ गते इटहरीमा आयोजित संयुक्त सभालाई संबोधन गर्दै एमाले महासचिव माधवकुमार नेपालले भन्नुभयो : 'विद्यार्थी आन्दोलनमा गणतन्त्रको नारा लाग्नुलाई निरंकुशता मान्दैनौं भन्ने अर्थमा लिनुपर्दछ, तर जनताको असन्तोष बढ्दैगयो भने राजतन्त्रविरूद्ध उत्पन्न हुने जनआक्रोशलाई हामीले रोक्नसक्ने छैनौं ।' त्यही कार्यक्रममै कांग्रेस नेता कृष्ण सिटौलाले गर्नुभएको टिप्पणी यस्तो छ : 'आन्दोलन बढ्दै जाँदा राजा जान सक्छन्, प्रतिगमन सच्याउने मागको आन्दोलनले देशलाई पूर्ण परिवर्तनको संघारमा उभ्याएको छ ।'

नेपाली कांग्रेस र एमालेजस्ता प्रभावशाली राजनैतिक शक्तिहरू खुलेर गणतन्त्रका पक्षमा नउभिएपनि गणतन्त्रको विरोधमा पनि उभिएका छैनन् । उनीहरू पर्ख र हेरको मनस्थितिमा रहेको देखिन्छ । साथै राजामाथि दबाब उत्पन्न गर्ने अस्त्रका रूपमा गणतन्त्रको मागलाई लिइरहेको अनुभव पनि हुन्छ । तर समय र घटनाक्रमहरूले दलहरूबाट स्पष्ट दृष्टिकोण, निर्णय र भूमिका सम्पादनको माग गरिरहेका छन् । यसका निम्ति इतिहास र वर्तमानका अनुभवहरूको गम्भीर


पाँच पार्टीका नेताहरु

फोटो : नेपाल न्यूज डट कम



ELECTRONICS PRIVATE LIMITED 14D4 (Rs.10,800/-)




फोटो : नेपाल न्यूज डट कम

**वस्तुतः युवा विद्यार्थीहरूले गणतन्त्रको पक्षमा व्यक्त गरिरहेका विचारहरू इतिहासको गम्भीर पाठका सचेत र सहज अभिव्यक्तिहरू अनुभव हुन्छन्**

समीक्षा गर्दै आफ्नो दृष्टिकोण र भूमिकालाई बदल्न आवश्यक छ दलहरूले ।

प्रतिगमनपछाडि राजा सक्रिय राजतन्त्रको एक सूत्रीय एजेण्डाअन्तर्गत अगाडि बढिरहेका छन् । ०५९ असोज १८ को कदम त्यस एजेण्डातर्फको पहिलो र महत्त्वपूर्ण प्रस्थान थियो । त्यसयता सक्रिय राजतन्त्रको अभिष्टलाई पूरा गर्नका निम्ति अनेकौं प्रयत्नहरू गरिएका छन् । दलहरूका विचार र भावनाहरूलाई पटक्कै सुनिएको छैन । राजाको संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाप्रतिको प्रतिबद्धताको कुरा सक्रिय राजतन्त्रतर्फको यात्रालाई छोप्ने एउटा छद्म आवरणमात्र बनिरहेछ । दलहरूलाई वेवास्तामात्रै होइन, पूरै किनारा लगाउने रणनीतिअनुरूप अगाडि बढिरहेछ दरबार । वास्तवमा दलहरू राजा र राजतन्त्रप्रति जति संवेदनशील छन्, दरबार दल र तिनका लोकतान्त्रिक आकांक्षाहरूप्रति पटक्कै गम्भीर र संवेदनशील छैन । दलहरूलाई विरालोले मुसा खेलाएझैं खेलाउँदै आफ्नो रणनीतिलाई पूरा गर्ने सोचमा रहेको देखिन्छ दरबार । हालै अमेरिकाबाट निक्लने साप्ताहिक Time पत्रिकामा प्रकाशित राजाको अन्तर्वार्तालेे त राजाको त्यो मनसाय धेरै प्रष्टसँग देखाइसकेको छ । राजा आफ्नो निरंकुश राजतन्त्रको एजेण्डामा प्रष्ट रूपमा र दृढतापूर्वक प्रस्तुत भएका छन् । प्रष्ट हुन बाँकी त दलहरूकै एजेण्डा हो ।

एकपटकमात्र होइन तीनैपटक एकतर्फी रूपमा सम्झौता तोड्ने काम गरेको छ- नेपालको राजतन्त्रले । २००७ सालमा दिइएको संविधानसभाको वचनलाई २०१० मा तोडेका थिए राजा त्रिभुवनले । राजा महेन्द्रले २०१५ सालको संविधानलाई २०१७ सालमा आफैले समाप्त गरेथे । २०५९ मा आएर ०४७ सालको संविधानलाई समाप्त गरिएको छ । दलहरूले सम्झौता तोडेको एउटा पनि उदाहरण छैन अहिलेसम्म । उनीहरूले आफ्नो प्रतिबद्धतालाई सधैं कायम राखेका छन् र त्यसअनुरूप हिंडेका पनि छन् । नेपालको इतिहास र राजनीतिक घटनाक्रमहरूले दलहरूलाई राजा र प्रजातन्त्र दुवै चाहिएको तर राजालाई दल र प्रजातन्त्र केही नचाहिएको कटु यथार्थको उद्घाटन गर्दछन् ।

इतिहास र वर्तमान राजनैतिक यथार्थले राजनैतिक दलहरूका अगाडि महत्त्वपूर्ण प्रश्नहरू खडा गरेका छन्, जसको समुचित उत्तर खोज्नु आवश्यक छ दलहरूले । आखिर राजालाई दल र प्रजातन्त्र चाहिएको छैन भने दलहरूलाई राजा र राजतन्त्र नै किन चाहियो ? राजा सक्रिय राजतन्त्रको एजेण्डामा अघिबढ्छन् भने दलहरू गणतन्त्रको एजेण्डामा किन प्रवेश नगर्ने ? किन 'पर्ख र हेर'को मनस्थितिमा मात्रै बसिराख्ने र युवा विद्यार्थीहरूले सार्वजनिक रूपमा उठाइरहेको गणतन्त्रको मागलाई राजामाथि दबाब दिने अस्त्रका रूपमा मात्र सम्झने ? किन दलहरू आफैले राजतन्त्रलाई बहसको विषय नबनाउने ? जनताका लोकतान्त्रिक आकांक्षाहरूको किन दलहरू आफैले प्रतिनिधित्व नगर्ने ?

नेपालको लोकतान्त्रिक आन्दोलनमा राजालाई राष्ट्रिय एकताको प्रतीक मान्ने र राष्ट्रको एकता र अखण्डतालाई जोगाइराख्न राजा र राजतन्त्रको आवश्यकतालाई अपरिहार्यजस्तै सम्झने त्रुटिपूर्ण दृष्टिकोण रहँदैआएको छ । गणतान्त्रिक एजेण्डामा प्रवेश गर्दा राजतन्त्रविनाको नेपालको अनिश्चित तस्वीरको कल्पनाले धेरैलाई भस्काउने गरेको पाइन्छ, तर यो कुरा सही होइन । बहुधर्म, बहुभाषा, बहुजाति र बहुलिङ्ग भएको राष्ट्रमा एक धर्म, एक लिङ्ग, एक जाति, एक भाषा विशेषाधिकारको पक्षपोषण गर्दै आएको राजतन्त्र कसरी राष्ट्रिय एकताको मूल मियो हुनसक्छ ? नेपालको एकता र अखण्डता त मूलतः नेपाली जनताको परस्पर सद्भाव र मित्रताको आधारमा टिकेको छ । परम्परागत राजतन्त्र होइन, जनताका लोकतान्त्रिक आकांक्षाअनुरूप पूर्णपरिवर्तित राजतन्त्र नै एकताको प्रतीक हुनसक्छ । नेपालको बदलिँदै गरेको राजनैतिक परिदृश्यका माझ राजतन्त्रको अस्तित्व जनताको गणतान्त्रिक चेतनालाई सम्बोधन गरेर नै सुरक्षित रहन सक्दछ । घटनाक्रमले खुट्टा कमाउने र अलमल गर्ने होइन, दह्रो र स्पष्टढंगले हिंड्नुपर्ने मोडमा उभ्याएको छ दलहरूलाई । राजतन्त्रका सम्बन्धमा उठिरहेका व्यापक प्रश्नहरूलाई दलहरूले नै बहसको विषय बनाएर टुङ्गो लगाउने साहस गर्नुपर्दछ । राजतन्त्र जनताका लोकतान्त्रिक आकांक्षाहरूसँग सहमत भएर हिंड्न तयार छ भने ठीक छ, छैन भने त्यहीअनुरूपको गन्तव्य तय गर्नुपर्छ दलहरूले । युवा विद्यार्थीहरूलाई मात्र गणतन्त्रको पक्षमा उठाउन र बहस गर्न लगाएर त्यसको परिणामका निम्ति पर्खने स्थितिको अन्त्य गर्नुपर्छ उनीहरूले । राजतन्त्रसम्बन्धी कुनै पनि भ्रमबाट आफूलाई मुक्त गर्दै अगाडिको यात्रा तय गर्नुपर्ने ऐतिहासिक घडी हो यो । परिवर्तनलाई स्वीकार गर्ने संस्थाहरू रहन्छन्, नगर्नेहरू जान्छन् । इतिहास र वर्तमानका घटनाक्रमहरूबाट जनताका लोकतान्त्रिक आकांक्षाहरूको प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूले सिक्नुपर्ने महत्त्वपूर्ण पाठ हो यो । संघर्षको स्वरूप र दिशा यही पाठबाट निर्देशित हुन आवश्यक छ आज । वस्तुतः दलहरूले अनौपचारिक होइन, औपचारिक रूपमै यससम्बन्धी बहस र संघर्षलाई अघिबढाउन आवश्यक छ ।

## राजाको भूमिका

परिस्थिति र घटनाक्रमले संवैधानिक राजतन्त्र कि गणतन्त्र भन्ने विषय राजाको भूमिकामा नै भर पर्ने स्पष्ट गरेका छन् । समयअनुरूप चल्न र आफूलाई बदल्न नसकेका राजतन्त्रहरू समाप्त भएका छन् भने जनताका लोकतान्त्रिक आकांक्षाहरूलाई सम्मान गर्दै



**आखिर राजालाई दल र प्रजातन्त्र चाहिएको छैन भने दलहरूलाई राजा र राजतन्त्र नै किन चाहियो ? राजा सक्रिय राजतन्त्रको एजेण्डामा अघिबढ्छन् भने दलहरू गणतन्त्रको एजेण्डामा किन प्रवेश नगर्ने ?**

# किन हामी गणतन्त्रको नारा लाउँदैछौं ?



गगन थापा

*विद्यार्थीहरु के चाहन्छन् भने २०६० सालको लोकतान्त्रिक आन्दोलन, २००७ साल र २०४६ सालको जस्तो अपूर्ण नहोस्, यसले पूर्णता पाओस् । फेरि लोकतन्त्रकै लागि भावी पुस्ताले संघर्ष गर्नु नपरोस् ।*

विद्यार्थी आन्दोलनको मुखबाट राजा, राजपरिवार, राजसंस्था र राजतन्त्रलाई सार्वजनिक वहसको विषय बनाईँदा वा आन्दोलनको केन्द्रीय पात्र बनाईँदा पनि नेपाली समाजले यसलाई सुस्तरी एउटा सामान्य वा स्वभाविक घटनाको रुपमा लिन थालेको छ । यो नेपाली राजनीतिमा अहिले विकास भएको नयाँ आयाम हो ।

अहिलेको आन्दोलनमा यसअघिसम्मको 'संवैधानिक राजतन्त्र कि निरंकुश राजतन्त्र ?' भन्ने विषयको वहस 'राजतन्त्र कि राजतन्त्ररहित प्रजातन्त्र अर्थात् गणतन्त्र ?' भन्ने कुरामा स्थानान्तरित भएको छ । यसको श्रेय विद्यार्थी आन्दोलनलाई जान्छ । तर त्यसलाई कसैले यो आवेग हो, उत्तेजना हो भनेका छन् । त्यस्तै कसैकसैले यो विद्यार्थीहरुको मुखबाट ओकल्न लगाइएको पार्टीहरुको आन्दोलनको चरम असफलताको कुण्ठाको अभिव्यक्ति हो भनेर पनि विश्लेषण गरेको पाइन्छ । यो प्रश्नलाई संवोधन गरिनु जरुरी छ । मेरो बिचारमा यसको लागि हामीले अलिकति पछाडि फर्केर हेर्नुपर्छ । सम्झनु पर्ने कुरा के छ भने गत बैशाख २५ गते पाँच राजनीतिक पार्टीहरुले संयुक्त रुपमा निकालेको पहिलो कार्यक्रममा नै विद्यार्थीहरुले गणतन्त्रको माग गर्दै राजतन्त्र र राजसंस्थाविरुद्ध चर्को नारा लगाएका थिए । यसबाट आन्दोलनरत विद्यार्थीहरु प्रारम्भमा नै पार्टीहरुले दिएका नाराहरुको सीमामा बस्न मञ्जूर नभएको स्पष्ट देखिन्छ ।

तर शुरुको र अहिलेको आन्दोलनमा के फरक देखिन्छ भने पहिले शुरुमा पार्टीहरुले तय गरेको भन्दा बाहिर गई राजतन्त्रविरोधी नारा लगाउँदा पार्टी नेताहरुले रोक्थे, तर अहिले उनीहरु मूकदर्शक भई हेर्छन् । अहिले पनि के भन्न सकिन्छ भने विद्यार्थीहरुले अहिले लगाइराखेका नाराहरुलाई आफ्नो आन्दोलनको नारा बनाउँन पार्टीहरु अझै तयार देखिंदैनन् । तर विद्यार्थीहरुको निष्कर्ष के छ भने यी नाराहरुले नै उनीहरुलाई लोकतान्त्रिक लक्ष्यमा पुऱ्याउँछन् । त्यसैले उनीहरुले प्रारम्भदेखि नै पार्टीले तोकेको सीमा मिचेर यी नाराहरु लगाउन प्रयत्न गरेका हुन् भन्ने मलाई लाग्दछ ।

यी कुराहरुको साथसाथै एउटा प्रश्न के उठ्छ भने किन विद्यार्थीहरु पार्टीहरुभन्दा फरक धारमा हिंड्न कोशिस गरिरहेछन् ?

यस सन्दर्भमा मलाई के लाग्छ भने पार्टीहरुको नेतृत्वले जहिले पनि पुरातन मान्यताको प्रतिनिधित्व गर्छ । विद्यार्थी पुस्ताले नूतन अर्थात् नयाँ मान्यताको प्रतिनिधित्व गर्छ । र, यो एक किसिमको पुरातन मान्यता र नयाँ मान्यताबीचको द्वन्द्व हो ।

अहिले विद्यार्थीहरुले आफ्नो आन्दोलनलाई गणतन्त्रतर्फ उन्मुख गराउनुपर्छ भन्ने निष्कर्ष निकाल्नुको पछाडि विद्यार्थी संगठनहरुको स्पष्ट धारणा र तर्कहरु रहेका छन् । ती कुराहरुलाई सूत्रवद्ध गर्ने हो भने उनीहरुको ठम्याइ के रहेको छ भने २००७ सालको र २०४६ सालको दुबै जनआन्दोलनमार्फत् नेपालको लोकतन्त्रले पूर्णता पाउँन सकेको थिएन । लोकतन्त्रको मामलामा अघिल्ला आन्दोलनहरु किन पूर्ण हुन सकेनन् भन्दा तिनीहरुले राजतन्त्रविरुद्धको आन्दोलनलाई पूर्ण गर्न सकेनन् । त्यसैले विद्यार्थीहरु के चाहन्छन् भने २०६० सालको लोकतान्त्रिक आन्दोलन, २००७ साल र २०४६ सालको जस्तो अपूर्ण नहोस्, यसले पूर्णता पाओस् । फेरि लोकतन्त्रकै लागि भावी पुस्ताले संघर्ष गर्नु नपरोस् ।

विद्यार्थीहरुको ठम्याइ के रह्यो भने नेपालको विशिष्ट परिस्थितिमा राजतन्त्र जुनसुकै स्वरुपमा रहँदा पनि यो लोकतन्त्रको विकासमा सबैभन्दा ठूलो अवरोधको रुपमा रहेको छ । यो निरंकुश स्वरुपमा

**नेपालको राजतन्त्र आज त्यो मोडमा उभिएको छ, या त उसले जनताले उठाइरहेको गणतान्त्रिक एजेण्डाप्रति आफूलाई सकारात्मक बनाउनुपर्नेछ, या त ढिलोचाँडो अवशानको बाटो रोज्नुपर्नेछ ।**

आफूलाई बदल्न तयार भएका राजतन्त्रहरू टिकेका छन् । राजतन्त्र सामन्तवादको प्रतिनिधि संस्था हो र पूँजीवादको विकास सँगसँगै यसविरूद्ध संघर्षको शुरूवात भएको थियो । राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना १८ औं शताब्दीबाट शुरू भएको पाइन्छ । शक्तिशाली फ्रान्सेली राजतन्त्रलाई राजा जनताको लोकतान्त्रिक एजेण्डामा आउन नमान्दा नै उच्छेद गरिएको थियो ।

वर्तमान समयमा विश्वमा राजतन्त्रात्मक मुलुकहरू नै कम छन्, निरंकुश राजतन्त्रात्मक मुलुकहरूको संख्या त अब ज्यादै न्यून छ । नेपाल लगायत जम्मा २८ वटा राजतन्त्रात्मक मुलुकहरू छन् विश्वमा, निरंकुश राजतन्त्रहरूको संख्या झण्डै एक दर्जन जतिमात्र छ । धेरै निरंकुश राजतन्त्रहरू मुस्लिम राष्ट्रहरूमा छन् । तर परिवर्तित विश्व परिस्थिति, जनतामा आउँदै गरेको जागरण र आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक रूपान्तरणमा राजतन्त्रले खडा गरेका डरलाग्दा पर्खालहरूविरूद्ध भएका संघर्षले राजतन्त्रलाई या त लोकतान्त्रिकरणको दिशातर्फ डोऱ्याइरहेका छन् या त अन्त्यको दिशातर्फ । वस्तुतः राजतन्त्र जनताको गणतान्त्रिक संस्थामातहत गणतान्त्रिक एजेण्डामा एकमत भएर नै टिक्न सक्दछ, होइन भने ढिलोचाँडो त्यसको अन्त्य अनिवार्य हुन्छ ।

नेपालको राजतन्त्र इतिहासका महत्त्वपूर्ण कालखण्डहरूमा जनताले अगाडि सारेका लोकतान्त्रिक एजेण्डाहरूलाई आंशिक रूपमा स्वीकार गर्न त तयार भयो तर वास्तविक रूपमा होइन, छद्म रूपमा । त्यसैले जब मौका मिल्यो त्यो लोकतन्त्रका विरूद्ध खडा भयो । राष्ट्र र जनताको समुन्नति, राजनैतिक स्थायित्व, राष्ट्रियताको संरक्षण र शान्तिका नाममा लोकतन्त्रका विपक्षमा खडा हुने गरेको नेपालको राजतन्त्र मुलुकमा विद्यमान संकटहरूको प्रमुख कारक हो । राजतन्त्रको भूमिकाको यही वास्तविकतावोधबाट जन्मिएको छ आज गणतन्त्रको माग र यसले राष्ट्रव्यापी बहसको रूपधारण गरिरहेछ । वास्तवमा नेपालको राजतन्त्र आज त्यो मोडमा उभिएको छ, या त उसले जनताले उठाइरहेको गणतान्त्रिक एजेण्डाप्रति आफूलाई सकारात्मक बनाउनुपर्नेछ, या त ढिलोचाँडो अवशानको बाटो रोज्नुपर्नेछ ।

जनताको गणतान्त्रिक संस्था र एजेण्डाअन्तर्गत राजतन्त्रलाई सुरक्षित राख्ने न्यूनतम आधार भनेको जनतालाई पूर्ण संप्रभु बनाउनु र सबै कुरामा जनतालाई निर्णायक ठान्नु हो । राजतन्त्र राख्ने कि नराख्ने भन्ने विषयमै खुला बहस र जनमतसंग्रहमार्फत् निर्णय गर्न पाउनुपर्छ जनताले । यो कुनै डराउनुपर्ने विषय नै होइन । जनताको सहमतिविना कुनै पनि संस्था लामो समयसम्म टिकिराख्न नै संभव हुँदैन । विश्वमा राजाको आवश्यकतालाई महशुस गरेर राजतन्त्रको अन्त्यपछि पनि पुनः राजा बनाइएका उदाहरणहरूमात्र छैनन्, बाहिरबाट ल्याएर राजा बनाइएका उदाहरणहरू पनि छन् । जस्तो : नर्वे र बेल्जियममा । तर त्यो पनि राजा जनप्रतिनिधिसभाबाट चुनिन, अनुमोदित हुन जनप्रतिनिधिमातहत बस्न तयार भएपछि मात्र भएको थियो ।

नेपाली जनता गणतान्त्रिक एजेण्डामा प्रवेश



NIM ELECTRONICS PRIVATE LIMITED 14D4 (Rs.10,800/-) 14D9 (Rs.11,000/-)

रहँदा यसको प्रस्तावना नै लोकतन्त्रको विरुद्धमा रह्यो भने यो संवैधानिक हुँदा पनि यसका काम-कार्वाहीहरु जहिल्यै पनि लोकतन्त्रको विकासमा अवरोधको रुपमा नै खडा छ । तसर्थ, लोकतान्त्रिक आन्दोलनको पूर्णताको लागि हामीले हाम्रो आन्दोलनलाई राजतन्त्रविरुद्ध पनि उन्मुख गराउनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

अर्को कुरा के छ भने २०५८ साल जेठ १९ गते घटित राजदरबार हत्याकाण्डपछाडि नेपालमा परम्परागत र स्वभाविक दुबै किसिमले राजसंस्थाको अन्त्य भएको हाम्रो ठम्याइ रहेको छ । अहिलेको प्रतिगमन पुनरुत्थानवादी स्वरुपमा आएको छ । मुलुक अग्रगमनतिर जान लागिरहेको घटनाको प्रतिक्रियास्वरुप असोज १८ को कदम आएको छ । यसले दरबार अथवा राजसंस्था बलियो भएको देखाउँदैन । त्यसकारण लोकतान्त्रिक आन्दोलनको लागि यो सबैभन्दा ठूलो अवसर हो । यदि प्रतिगमनको योजना र आकांक्षाको विरुद्धमा लाग्ने शक्तिहरु एकजुट हुने हो भने, आन्दोलनको परिधि फराकिलो पार्न सक्ने हो भने गणतन्त्र हासिल गर्नु सम्भव छ । यो विश्वासले पनि विद्यार्थीहरुलाई उत्साहित बनाएको छ । समग्रमा भन्ने हो भने अघिल्लो पुस्ताले हामीलाई लोकतन्त्र दियो । सँगसँगै त्यसले हामीलाई सांस्कृतिक दासता पनि दियो । राजतन्त्र र लोकतन्त्र सँगसँगै रहनु भनेको सांस्कृतिक दासता हो । नेपालको राजनीतिमा लामो समयदेखि देखिएको अस्थिरताको स्रोत दरबार हो । त्यही अस्थिरताले नै माओवादी जनयुद्धलाई जन्म गरायो । त्यसैले विध्वंशको संस्कृति पनि हामीलाई अघिल्लो पुस्ताले नै दियो । तर हामी नयाँ पुस्ता अहिलेको आन्दोलनलाई बीच बाटोमा छोडेर पहिलेको सँस्कृतिलाई नै निरन्तरता दिन चाहन्नौ । हामी मूल्यको सँस्कृति, शान्तिको सँस्कृति र लोकतन्त्रको सँस्कृति आउँदो पुस्तालाई दिन चाहन्छौं । यी कुराहरुले पनि विद्यार्थीहरुलाई गणतन्त्रको नारातर्फ उन्मुख गराएको हो भन्ने मलाई लाग्छ ।

हाम्रो बुझाइमा सामाजिक सन्तुलन र सामाजिक सम्बन्ध यथास्थितिमा बस्ने कुरा होइनन् । यिनीहरु हमेशा गतिशील कुराहरु हुन् । राजसंस्था वा राजतन्त्र सामन्तवादको प्रतीक नै हो, त्यो सामन्तवादको प्रतिनिधि संस्था हो । त्यसैले संवैधानिक राजतन्त्र भनेको त्यही सामन्ती निरंकुश राजतन्त्रको लोकतान्त्रिकरण हो । २०४६ सालको जनआन्दोलनले हामीलाई निरंकुश राजतन्त्रबाट संवैधानिक राजतन्त्रमा रुपान्तरित गऱ्यो । तर त्यो दुबैतर्फको वाध्यता थियो । राजा निरंकुश अवस्थामा बसिरहने स्थिति पनि नभएको र हामीले पनि मुलुकलाई पूर्ण लोकतन्त्रमा लान नसकेको स्थिति थियो त्यो ।

त्यसपछाडि के भयो भने सधैं राजतन्त्र वा राजसंस्था हिजोकै स्थितिमा पुनर्स्थापित हुन प्रयत्नरतरहिरह्यो । यसबीच लोकतान्त्रिक शक्तिहरुले पनि आपसमा मिलेर संसदीय अभ्यासको अवधिलाई उपयोग गर्दै संविधान संशोधनद्वारा हिजोको अपूर्ण लोकतन्त्रलाई पूर्णता दिनुपर्थ्यो । तर उनीहरुले त्यसो गर्न सकेनन् । यही हुनाले अहिलेको विद्यार्थी आन्दोलन राजतन्त्ररहित प्रजातन्त्र अर्थात् गणतन्त्रको प्रतिनिधि घटनाको रुपमा विकसित भइरहेको छ ।

संवैधानिक राजतन्त्रको पक्षमा बोल्ने समूह, संघ, संस्था वा पार्टीहरुको तर्क के छ भने नेपालको विशिष्ट भू-राजनीतिक स्थितिमा राजा राष्ट्रिय एकताका प्रतीक हुन् । राष्ट्रिय अखण्डताको निम्ति राजसंस्थाको निरन्तरता अपरिहार्य छ । अहिलेको अवस्थामा पनि राजसंस्था कामलाग्दो छ ।

तर हामीलाई यी तर्कहरु वस्तुसंगत छन् भन्ने लाग्दैन । किनकि एउटा त राजतन्त्रवादीहरुले राजसंस्थाको औचित्य पुष्टि गर्नको निम्ति गर्ने गरेको अवतारवादी दैवी शक्तिमा आधारित व्याख्यालाई हामी विज्ञानविरोधी मिति सकिएको आधारहीन कुराको रुपमा लिन्छौं । अर्को कुरा, राजालाई जहाँसम्म राष्ट्रिय एकताको प्रतीकको रुपमा लिने कुरा छ यो कुनै तर्कसंगत कुरा होइन । यस सवालमा हामी के भन्छौं भने जुन राजा एउटा धर्म, एउटा जाति, एउटा भाषा, एउटा लिंगको मात्र विशेषाधिकारको कुरा गर्छ, त्यो कसरी राष्ट्रिय एकताको प्रतीक हुन्छ ? अहिले मुलुकमा सतहमा देखिएका अन्तर्विरोधहरु जस्तै जातिय, क्षेत्रीय,

**विद्यार्थीहरूको ठम्याइ के रह्यो भने नेपालको विशिष्ट परिस्थितिमा राजतन्त्र जुनसुकै स्वरूपमा रहँदा पनि यो लोकतन्त्रको विकासमा सबैभन्दा ठूलो अवरोधको रूपमा रहेको छ**




गरिरहेको बेला नेपालको राजतन्त्रले मूलतः स्वीडेनको इतिहासबाट सिक्नु आवश्यक छ । स्वीडेनमा राजसंस्थालाई अत्यन्त सम्मान गरिन्छ, तर यस्तो सम्मान त्यहाँको संवैधानिक राजतन्त्रले त्यसै प्राप्त गरेको होइन । त्यहाँको राजतन्त्रले जनताको लोकतान्त्रिक चाहना र त्यसका निम्ति चलेको संघर्षको कुनै प्रतिवाद नै गरेन । राजालाई जनताका लोकतान्त्रिक आकांक्षाविरूद्ध उभिन कट्टरपन्थीहरूले त्यहाँ पनि दबाब नदिएका होइनन् तर राजाले त्यसलाई स्वीकार गरेनन् । यथास्थितिवादलाई टिकाइराख्न चाहेका कट्टरपन्थीहरू र लोकतन्त्रवादीहरूबीच चलेको संघर्षमा राजा स्वयम्ले संकट समाधानका निम्ति भूमिका खेले र शान्तिपूर्ण रूपमा सम्पूर्ण अधिकारहरू जनतालाई सुम्पिएर आफू नाममात्रको राजाका रूपमा रहन तयार भए । स्वीडेनको संविधानमा स्पष्ट लेखिएको छ- 'स्वीडेनमा सम्पूर्ण सार्वजनिक सत्ता जनताबाट निःसृत हुन्छ ।' यतिमात्र होइन, यदि कुनै कारणले ६ महिनासम्म राजालाई आफ्नो कर्तव्य पालन गर्न बञ्चित गरेको छ भने अथवा कर्तव्य पालन गर्न असमर्थ भएका छन् भने सरकारले त्यसको सूचना संसदलाई दिनुपर्छ र संसदले राजालाई पदमुक्त गर्न पनि सक्दछ । यसरी कायम गरिएको छ, स्वीडेनमा संसदको सर्वोच्चता र यसरी प्रयोग गर्छन् जनताले आफ्नो गणतान्त्रिक सत्ता अधिकारको प्रयोग । त्यहाँको संविधानले राजालाई कुनै स्वविवेकीय अधिकार प्रदान गरेको छैन । सेनासम्बन्धी अधिकार पनि राजालाई दिइएको छैन । जनताको लोकतान्त्रिक भावनालाई पूर्णतः सम्मान गर्दै आफूलाई पदमुक्त गर्नसक्नेसम्मको गणतान्त्रिक अधिकार संसदलाई प्रदान गर्नसक्ने स्वीडेनको राजतन्त्रबाट पाठ सिक्न जरूरी छ, नेपालको राजतन्त्रले । नेपालमा चलिरहेको आन्दोलन र जनताको गणतान्त्रिक चेतनालाई सम्बोधन गर्ने सर्वोत्तम बाटो हुनसक्छ यो । जनतालाई नै निर्णयका निम्ति सबै कुरा छोडिदिए राजा वास्तविक रूपमै राष्ट्रिय एकताको प्रतीकका रूपमा रहिरहने स्थिति पनि प्रदान हुनसक्दछ । तर यो सबै निर्भर छ राजाको सोच र भूमिकामा । राजा कसरी अगाडि बढ्छन्, यसले नै सबै कुराको टुङ्गो लगाउने छ । ❑

लैङ्गिक, दलित र जनजातिय भेदभाव र उत्पीडनका जति पनि समस्याहरु छन्, ती नेपालको एकीकरणदेखि नै राज्यद्वारा सिर्जना गरिएका र हल नगरिएका समस्या हुन् । यी सबैले राजसंस्था राष्ट्रिय एकताका प्रतीक होइनन् भन्ने कुरा देखाइरहेछन् । यदि त्यो राष्ट्रिय एकताका प्रतीक भइदिएको भए दश बाह्र वर्षमा जब समाज अलि खुला भयो, जब उत्पीडनहरुलाई सतहमा आउने अवसर प्राप्त भयो, तब यी कुराहरु सबै एकै पटक छताछुल्ल भएर आउने थिएनन् । ती हल भइसकेका हुन्थे । नेपाल दह्रो राष्ट्रिय एकतामा बाँधिइसकेको हुन्थ्यो । त्यस्तै जहाँसम्म धर्मको सवाल छ, राजाले हिन्दू धर्म विशेषको मात्र प्रतिनिधित्व गर्ने चाहना व्यक्त गरेका छन् । हाम्रोजस्तो बहुधार्मिक राज्यलाई धर्मको सवालमा निरपेक्ष गर्ने प्रजातान्त्रिक परिपाटी अंगाल्ने राजाको चाहना देखिँदैन । यसले पनि राजसंस्था राष्ट्रिय एकताको प्रतीक बनेको छैन भन्ने कुरा प्रष्ट देखाइरहेको छ ।

त्यस्तै, राष्ट्रिय अखण्डताको कुरा उठाउनेहरु राजा राष्ट्रवादी हुन्छन् भन्ने तर्क गर्छन् । हाम्रो बुझाइमा राजाको राष्ट्रवाद स्वार्थले प्रेरित छ । अर्को कुरा, उनीहरु राजसंस्था नरहने हो भने नेपालमा सिक्कीमिकरणको सम्भावना छ भनेर पनि तर्क गर्छन् । तर हामी के देख्छौं भने यदि राजसंस्था रहिराख्ने हो भने नेपालमा भुटानीकरणको खतरा छ । अहिलेको विश्व परिस्थितिमा विदेशी हस्तक्षेप सबै एउटै रुपमा आउँदैनन् । वर्तमानमा जति धेरै राजनीतिक अस्थिरता हुन्छ, त्यति नै बढी विदेशी हस्तक्षेपको र चलखेलको सम्भावना रहन्छ । जबसम्म नेपालको राजनीतिमा दरबारलाई ठाउँ रहन्छ, तबसम्म अस्थिरता अनिवार्य रुपमा कायम रहन्छ । त्यसैले राजसंस्था नहुने हो भने होइन कि रहिरहँदा राष्ट्रिय अखण्डतामा खतरा रहन्छ ।

अर्को कुरा, नेपालको भू-राजनीतिको अवस्थाले गर्दा हामी सैन्यबलको आधारमा यसको भू-अखण्डतालाई रक्षा गर्न सक्दैनौं । राजाप्रति वफादार सेनाको भरमा हामी हाम्रो भू-अखण्डताको रक्षा गर्न सक्दैनौं । हाम्रो ठम्याइ के हो भने यदि सेना जनताप्रति उत्तरदायी भयो भने त्यस्तो सेनाले तुलनात्मक रुपमा बढी राष्ट्रिय भू-अखण्डताको रक्षा गर्नसक्छ । त्यसैले राजसंस्था कायम नै रहेमा मुलुकको भू-अखण्डता रहिरहन्छ भन्ने कुरा वस्तु संगत छैन भन्ने हामीलाई लाग्छ ।

अहिले पनि नेपालमा राजसंस्था कामलाग्दो छ भन्ने सोचाइहरु पनि छन् । तर हामीलाई के लाग्छ भने त्यस्तो संस्थामात्र कामलाग्दो हुन्छ, जसले समाजमा सहमति कायम गरेर समाजको सामाजिक सम्बन्धलाई निरन्तर रुपमा अगाडि बढाउन सामाजिक सन्तुलन राखिराख्ने काम गरेको हुन्छ । अहिलेको हाम्रो परिवेशमा नेपाली समाजको एकता कायम गर्न, यसलाई प्रगतिशील रुपान्तरणको लागि अगाडि लिएर जान र यसलाई गतिशील बनाउन राजसंस्थाको त कहिँकतै केही पनि प्रयोजन र योगदान छैन । त्यसकारण हामीलाई के लागेको छ भने राजसंस्थाको त काम नै देखिँदैन, यो त उपादेयताहीन भइसक्यो । जुन संस्था कामलाग्दो छैन, त्यो लोप हुनु त अनिवार्य छ । यो त समाजको आधारभूत नियम हो, प्राकृतिक नियम हो । अहिले फलाम तातेको जुन बेला छ, यस बेलामा त्यस फलामलाई हथौडाले हान्नुपर्छ भन्ने हाम्रो विश्लेषण रहेको छ ।

समग्रमा भन्ने हो भने हामीले अहिले उठाइरहेको विषय बौद्धिक विलासको विषय होइन । यो आवेग र उत्तेजनाको विषय पनि होइन । पार्टीको अघिल्लो पुस्ताका नेतृत्वमा हामीले एक किसिमको हीनताबोध पाएका छौं । शासकीय क्षमताको सन्दर्भमा राजासँग एक किसिमको पूर्णता छ आफूमा छैन भन्ने हीनताबोध नेतृत्वमा पाइन्छ । तर अहिलेको पुस्ता भनेको ०४६ सालको आन्दोलन देखेको पुस्ता हो । यो पुस्ता अहिलेको खुला विश्वसँग संसर्ग गरेको पुस्ता हो । यसलाई के विश्वास छ भने राजसंस्थाबिना पनि मुलुकलाई झन् सही ढंगले अगाडि बढाउन सकिन्छ ।

कसैलाई प्रश्न उठ्नसक्छ, हामीले उठाइरहेका कुराहरु एकैपटक कसरी आए ? वास्तवमा ती कुराहरु पुस १ गते मात्र एकैचोटि आएका होइनन् । नेपाली युवाहरुमा २०४६ सालको आन्दोलन पूर्ण भएन भन्ने प्रसंग त भित्र छँदैथियो, त्यसलाई जेठ १९ को घटनाले झन् बाहिर ल्यायो । त्यस्तै असोज १८ ले त झनै बाहिर ल्यायो । घटना परिघटनाले त्यो कुरालाई बाहिर ल्याएको मात्र हो । वास्तवमा जेठ १९ पछाडि हामीले महशूस गरेको कुरा के हो भने राजसंस्थाप्रतिको जनआस्था मरिसक्यो, अब जनआस्थाविना सैन्य बलको आधारमा मात्रै नेपालमा रहेको राजसंस्था बाँकी बस्दैन ।



फोटो : नेपाल न्यूज डट कम

*ढोलक बजाएर विरोध : प्रदर्शनकारी-विरुद्ध प्रहरी*

हामी देशको राज्य-संरचना नै बदल्न चाहन्छौं र प्रतिगमनको यो बीउलाई सदाको लागि उन्मूलन गर्न चाहन्छौं, ताकि अब आउँने पुस्ताले फेरि पनि लोकतन्त्रका लागि पटकपटक लड्नु नपरोस्

पचास वर्षको राजनीतिक इतिहासलाई फर्केर हेर्ने हो भने नेपाली युवाहरु प्रत्येक पाँच दश वर्षमा सधैँ नै प्रजातन्त्रका लागि लडेका छन् । र, निश्चित छ, अहिले पनि हाम्रो आन्दोलन सामान्य सम्झौतामा टुङ्गियो भने फेरि अर्को दश वर्षमा उनीहरु लोकतान्त्रिक अधिकारका लागि लड्ने छन् । किनकि नेपालको इतिहासले के देखाएको छ भने अहिले पनि नेपालको राज्यको चरित्र अर्ध-सामन्ती रहेको छ । यस्तो राज्य-संरचनामा राजसंस्था रहिराख्ने हो भने निश्चित रुपमा त्यो सामन्तवादको प्रतीकको रुपमा रहन्छ । र, राज्य-संरचना अर्ध-सामन्ती भइसकेपछि समाजमा सामन्तवादको अवशेष दरिलो रुपमा रहेको अवस्थामा त्यसले कुनै न कुनै ढंगले प्रतिगमनको खेल खेल्छ नै । त्यसकारणले हामी देशको राज्य-संरचना नै बदल्न चाहन्छौं र प्रतिगमनको यो बीउलाई सदाको लागि उन्मूलन गर्न चाहन्छौं, ताकि अब आउँने पुस्ताले फेरि पनि लोकतन्त्रका लागि पटकपटक लड्नु नपरोस्, उसले लोकतन्त्रको सुनिश्चितताका लागि लडोस् । उसले लोकतन्त्रको संस्थागत विकासका लागि लडोस्, लोकतन्त्रको वास्तविक अभ्यासका लागि लडोस् । यस कुरामा हामी पार्टी नेतृत्वसँग पनि फरक मत राख्ने अवस्थामा गइराखेका छौं ।

हामी के भ्रममा छैनौं भने हाम्रो आन्दोलनले पार्टीको आन्दोलनमा प्रवेश नगरीकन एकै पटकमा गणतन्त्रको प्राप्ति हुन्छ । तर हामीलाई निश्चित रुपमा के लागेको छ भने हाम्रो आन्दोलनले प्रत्येक पार्टीभित्र वैचारिक बहसलाई प्रारम्भ गरेको छ । पुरातन मान्यतालाई प्रतिनिधित्व गर्ने पार्टीभित्रको नेतृत्व र नयाँ मान्यतालाई मान्ने पार्टीभित्रको नेतृत्वबीचको बहसलाई यसले संस्थागत पनि गरेको छ र स्थापित पनि गरेको छ । र, हाम्रो विश्वास के हो भने गणतन्त्रको निम्ति भएको यो आन्दोलन पार्टीहरुको आन्दोलनको रुपमा विकसित भएन भने यसले निरन्तरता लिँदैन, तर अब गणतन्त्रको प्रश्नले एउटा स्कूलको रुप लिइसकेको छ । त्यसैले यो अहिले मत्थर भई नै हाले पनि यसले कुनै पनि बेला आन्दोलनको रुपमा विस्फोटन हुने अवस्था जतिखेर पनि हुनेछ ।

जहाँसम्म गणतन्त्र ल्याउने विधिको कुरा छ यस सवालमा म के भन्छु भने अहिले गणतन्त्रले जुन स्कूलको रुप लिएको छ यसले नेपाली राजनीतिलाई ध्रुवीकरण गरेको छ र यो तीव्र भएपछि यसले नै विधिलाई पहिल्याउँछ । र पनि हामी के भन्छौं भने तीव्र जनसंघर्षबिना र जनसंघर्षका सम्पूर्ण स्वरुपलाई पूर्ण एकिकृत नगरिकन संवाद र सहमतिबाट गणतन्त्र आउँदैन । तर अहिलको अवस्थामा हामी पार्टीको आन्दोलनको पक्षमा किन छौं भने अहिलेको लागि प्रारम्भिक आवश्यकता के हो भने देशमा सर्वप्रथम संवैधानिक क्रियाशीलता हुनुपर्‍यो । र, पार्टीहरु आफ्ना १८ बुँदे एजेण्डामा इमान्दार भए भने र सेनालाई संसदमुनि ल्याउन सकियो भने हामी पुग्न खोजेको लक्ष्यको त्यो पहिलो खुड्किलो हुनेछ । तैपनि हामी के भन्छौं भने गणतन्त्रले अहिले स्कूलको रुप लिनुपर्छ र लिइसक्यो पनि । हिजोसम्म यो माओवादीको मात्र नारा थियो । ❑

**वार्तामा आधारित, *प्रस्तुति : तुल्सीदास महर्जन***



IM ELECTRONICS PRIVATE LIMITED 14D4 (Rs.10,800/-)

# 'आवेशको झोँक' कि खतराको घण्टी ?

❑ खगेन्द्र संग्रौला

सडकमा युवाहरूले धरहरा नै हल्लिने गरी राजतन्त्र विरोधी नारा लगाएको सुनेर वामदेव गौतमले अताल्लिँदै भने, "यो युवाहरूको आवेशको झोँक हो ।" चाखलाग्दो कुरा के हो भने यसो भन्ने वामदेवको व्यक्तित्व वास्तवमा आवेशको झोँककै अर्को नाम हो । तर्कसङ्गतिको सधैँ नै अभाव हुनु उनका विचार र कर्मको सनातन विशेषता हो । गृहमन्त्री छँदा उनी माओवादीलाई दबाउन स्वेच्छाचारी प्रकृतिको आतङ्ककारी विधेयक पारित गराउन लिट्टी कसेर डटेका थिए । पछि जब उनी एमाले भत्काएर मालेका नेता बने, उनले प्रचण्डभन्दा बढी प्रचण्ड भएको अभिनयसाथ टुँडिखेलमा उँभिएर उत्ताउलिँदै माओवादीलाई लाल सलाम गरे । अझ पछि संसदको सिफारिसमा प्रधानमन्त्री रोज्ने हक राजालाई दिइनुपर्छ भनी उनले खेताला शैलीमा प्रचण्ड जिरह गरे । जुन बेला दलहरू दरबारको तिरष्कार र ताडनाको चरम् शिकार भएका थिए, त्यो बेला उनी एक्लै राजन्का हातको टिका थापी कुर्सी प्राप्त गर्ने आसिक माग्न एक्लै सुटुक्क दरबार पसे । मर्यादाको बार फोरेर बारीमा बाली खान पसेको बहर गोरूझैं कतै एक्लै चियाको चुस्की लिन पनि उनी नगएका होइनन् । उनै वामदेव अहिले युवा विद्यार्थीहरूलाई अविवेकी हुल्लडबाज ठानेर तिनको घोर अपमान गर्दै तिनले लगाएका नारामा 'आवेशको झोँक' देखिरहेका छन् । वामदेवको व्यक्तिगत भनाइ मात्र हुँदो हो त यो चर्चायोग्य विषय बन्ने नै थिएन । तर उनको वेट अर्थात् ओजन विचारमा नभई शरीरमा मात्र भए पनि उनी एमालेका एकजना शीर्षस्थ हेभीवेट हुन् । त्यसैले वामदेवको बोलीमा एमाले नेतृत्वको नीति बोलेको बुझिन्छ । र नै यसबारे यहाँ केही चर्चा गर्नु आवश्यक भएको हो ।

उता सडकमा नारा लगाउने क्रममा सत्ताका कटबाँसका लाठामुनि एमालेको झण्डा बोक्ने रामकुमारी झाँक्रीको अनुहार रगतपच्छे हुँदै थियो, यता एमालेले राजतन्त्रविरोधी नारा एमालेको नीति होइन भनी धनुषटङ्कार मुद्रामा दरबारछेउ सफाइ दियो । वामदेवको कथन त्यही सफाइको पूरक सूत्र हो । एमाले नेतृत्वगणलाई प्रश्न गरौं- के सडक छ्यालब्याल हुने गरी आवेगको चुचुरोबाट पोखिएको त्यो नारा युवाहरूको आवेशको झोँक मात्र हो त ? ऐतिहासिक अनुवहरूबाट पैदा हुने उत्तर एमालेको मनशाय अनुकूल छैन । युवाहरूले लगाएको नाराको पृष्ठभूमिमा सत्र साल, छत्तीस साल र उनान्साठी सालको राजतन्त्रसम्बन्धी पीडादायी अनुभवको चाप छ । जेठ १९ को घटनालाई त झन् यो नाराको उत्पादन गर्ने त्रासद कारखाना नै भनिदिए पनि हुन्छ । त्यस घटनाले राजतन्त्रसित जोडिएर आएका दुईवटा रहस्यमय विश्वासलाई मिथ्या साबित गरिदियो । त्यसअघि राजा विष्णुका औतार हुनाले यी औतार राष्ट्रका रक्षाकारी अभिभावक हुन् भन्ने भक्तिभजन प्रचलित थियो । तर कथित विष्णुका औतारले आफ्नै ज्यानको रक्षा गर्नसम्म पनि सकेनन् । र, यो मिथ्या विश्वास सदाका लागि अन्धविश्वास साबित भयो ।

राजा अनेक थरी नेपालीहरूलाई एक सूत्रमा आबद्ध गर्ने एकताका प्रतीक हुन् भन्ने अर्को भक्तिभजन पनि प्रचलित थियो । जब आफ्नै परिवारको एकतालाई पनि धान्न नसकी आफ्नै अन्तपुरमा आफ्नै वंशका हातबाट राजा वीरेन्द्रको हत्या भयो, यो भजन पनि पुरोहितहरूको हवाइ कल्पना रहेछ भनेर लोकले छर्लङ्ग बुझ्यो । तसर्थ सडकमा प्रकट भएको स्वस्फूर्त नारालाई जेठ उन्नाइसको कारखानाबाट उत्पादित यथार्थपरक ज्ञानले पनि निकै नै प्रोत्साहित गरेको हुनुपर्छ भनी लख काट्न सकिन्छ ।

उसो त युवाहरूले उद्घोष गरेको राजतन्त्र विरोधी नारा आफ्नै दलका बूढाहरूको ढुलमुले मनोविज्ञान, तिनको यथास्थितिमुखी प्रवृत्ति र तिनको सत्तामुखी चरित्रप्रतिको लाक्षणिक प्रतिक्रिया पनि हो । दलहरू सडकमा कुद्न थालेको वर्ष दिन भयो । दलको आन्दोलन भनिए पनि भोक र प्यास, थकाइ र निन्द्रा भन्न नपाइकन नेताहरूको आदेशमा रातदिन सडकमा कुदिदिने यिनै युवा विद्यार्थीहरू हुन् । गरौं कि नगरौंको दुबिधासाथ निन्द्रालु मुद्रामा शुरू भएको आन्दोलनले लामो

**जब आफ्नै परिवारको एकतालाई पनि धान्न नसकी आफ्नै अन्तपुरमा आफ्नै वंशका हातबाट राजा वीरेन्द्रको हत्या भयो, यो भजन पनि पुरोहितहरूको हवाइ कल्पना रहेछ भनेर लोकले छर्लङ्ग बुझ्यो**





आन्दोलनको नेतृत्व गर्दै नेविसंघका महामन्त्री गगन थापा

समयको अभ्यासपछि जब केही गति लिने लक्षण देखियो, नेताहरूले कथित सकारात्मक सङ्केतको वेदीमा लगेर आन्दोलनको सम्भावित गतिलाई बलि चढाइदिए । नेतृत्वको कतै थाल बज्दैमा र्‍याल काढ्न थालिहाल्ने यो प्रवृत्ति युवाहरूलाई मन परेन । उसो त ढ्याके मुखियाले बोसो घटाउन व्रत लिएजस्तो तालले जगतै हँसाउने गरी गरिएको एक दिने अनसनको तुच्छता देखेर पनि युवाहरू जोक्करजस्तो आफ्नो नेतृत्वप्रति कम क्षुब्ध भएका होइनन् ।

सामन्ती शासनतन्त्रको जुवामुनि गोरू सरहका दास बन्न इन्कार गर्ने युवाहरू इतिहासको बाटोमा असोजतन्त्रले खडा गरेका बारबन्देजहरू भत्काएर आँधीको गतिमा अघि बढ्न चाहे । तर राजनीतिक दूरदर्शिता, इच्छाशक्ति र जोखिम उठाउने आँट निम्छरो भएको बूढो नेतृत्वमा भने नम्र निवेदनको प्रभावले माथिबाट केही झरी पो हाल्ला कि, तै तै झरी पो हाल्ला कि भन्ने आशा छँदै थियो । नेतृत्वको यो लम्पट प्रवृत्ति र सुस्त गति युवा जमातका दृष्टिमा आन्दोलनको बाटोको तगारो बन्न गयो । र, न्यायोचित क्रोध र उग्र आवेगसाथ आफ्नै पद्धतिको बूढो तगारो भत्काउँदै युवाहरू अघि बढे । सडकमा राजतन्त्र विरोधी नारा उच्चारण हुनाको पृष्ठभूमि, मेरो विचारमा, यही नै हो । यो युवाहरूको अन्धवेगको अभिव्यक्ति होइन, तिनको अनुभवजन्य विवेकको स्वस्फूर्त प्रकटीकरण हो । यो आवेशको झोँक होइन, यो इतिहासको तर्कसङ्गत आवाज हो ।

सतहमा हेर्दा युवाहरूको नारा परम्परागत दरबारिया निरङ्कुशता विरूद्ध लक्षित देखिन्छ । तर अन्तर्यमा भने यो टेकु दरबार र बल्खु दरबारको 'राजतन्त्र'विरूद्ध पनि लक्षित छ । अनेक बात र लात खाएर पनि कुनै शुभ बिहानीमा प्रभुले फल



**तथ्य यस्तो छ। यसबीच वामदेवको एउटा लोभी आँखो भित्ताका दौरा-सुरुवालमा स्थिर छ। अर्को आँखो सडकतिर हेरेर आतङ्कित भएको छ।**


झारिदेलान् भनी भक्तिभाव गर्न नछाड्नु, अनेक हण्डर र ठक्कर खाएर पनि इतिहासबाट नसिक्नु, झर्ला र खाउँलाको लम्पट अभ्यासमा हर्दम् लिप्त भइरहनु, आफू पनि अघि नबढ्नु र युवाहरूको बाटो पनि छेकिरहनु- यो टेकु र बल्खु दरबारमा जरा गाडेर बसेको राजतन्त्रीय संस्कृतिको अभिव्यक्ति हो । बूढो नेतृत्वसँग आजीत भई सडकमा लाम लागेका युवाहरूका जाज्वल्यमान् अनुहारमा दलभित्रको राजतन्त्रप्रतिको उग्र असहमति प्रस्टै देख्न सकिन्छ । यहाँनेर मलाई आधुनिक चीनका महान् लेखक लु सुनको एउटा भनाइको सम्झना हुन्छ । उनी भन्छन् – जीवन हिँड्ने बाटोमा जे जे तगारो बन्छ, मानिसहरू ती सबै कुरालाई निर्ममतासाथ भत्काउँदै अघि बढ्छन् । कहाँसम्म भने बुद्धको मूर्ति नै बाटाको तगारो बन्न पुगेछ भने पनि मानिसहरू त्यसलाई भत्काएर अघि बढ्न वाध्य हुन्छन् ।

तथ्य यस्तो छ । यसबीच वामदेवको एउटा लोभी आँखो भित्ताका दौरा-सुरुवालमा स्थिर छ । अर्को आँखो सडकतिर हेरेर आतङ्कित भएको छ । र, एमाले प्रवक्ताको भेषमा लोभ र आतङ्क मिसिएको विचित्रको स्वरमा उनी भनिरहेका छन् – सडकमा लागेको नारा आवेशको झोँक हो । तर सत्य के हो भने युवाहरूका मुक्तिकामी आकाङ्क्षा र सपनामा ठण्डा पानी खन्याउने मनशायबाट प्रेरित यो भनाइ स्वयं नै एउटा मूर्खतापूर्ण झोँक हो । सडकमा युवाहरू विरूद्ध उग्र दमनको मुद्रामा सत्ता तैनाथ छ । तैपनि दिनपछि दिन र हप्तापछि हप्ता गर्दै विवेकी र साहसी युवाहरू निधारमा रक्तम्य पट्टी बाँधेर मृत्युलाई हाक्काहाक्की चुनौती दिइरहेका छन् । के त्यो सब क्षणिक आवेशको झोँक हो ?

वामदेवजीहरूका कान पूरापूर बहिरा भइसकेका नभए *हिमाल*मा छापिएका दुई युवाहरूका भनाइमा इतिहासका पदचापको स्पष्ट ध्वनि सुन्न सकिन्छ । काङ्ग्रेसी महलका गगन थापा भन्छन् – "निरङ्कुशतन्त्र विरूद्ध युवाहरूको अभियानमा दलहरू बाधक बनेमा यिनलाई पनि प्रतिगामी घोषित गर्न बाँकी राखिने छैन ।" र, उता वामदेव गौतमहरूलाई लक्षित गरेर एमाले युवा नेतृ रामकुमारी झाँक्री उपहासको भाकामा भन्छिन् – "संवैधानिक राजतन्त्रको माग पार्टीले हैन, राजाले गर्नुपर्छ । यहाँ त उल्टो भइराखेको छ ।"

सडकको यो बोली निश्चय नै टेकु र बल्खुका छोटे राजन्हरूका लागि खतराको घण्टी हो । घण्टीको आवाज मीठो छ ❑


के शाही प्रतिगमनलाई परास्त गर्ने र माओवादी विद्रोहीहरुलाई हतियार बिसाउन प्रेरित गर्ने उत्तम लोकतान्त्रिक बाटो हो संविधानसभाको प्रक्रिया ?




लेखकहरु :

कृष्ण खनाल, खगेन्द्र संग्रौला, गोविन्द न्यौपाने, नरहरि आचार्य, मुक्ता श्रेष्ठ, राजेन्द्र महर्जन, श्याम श्रेष्ठ

सम्पादक : राजेन्द्र महर्जन

प्रकाशक

मूल्यांकन प्रकाशन गृह

अन्धविश्वास र कुरीतिहरूले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्धविश्वासहरूतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा-व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरूले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जनसाधारणलाई जानकारी दिन सचेत र शिक्षित व्यक्तिहरूले अग्रसर हुनुपर्छ ।

श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय

सूचना विभाग

# एमालेको 'रोडम्याप'बारे संक्षिप्त टिप्पणी



*पुनः पुरानो संविधानमा टेकेर नयाँ संविधानको निर्माण गर्ने कुरा गर्नु भनेको राजाको त्यो परम्परागत राजकीय अधिकार स्वीकार्नु र भोलि राजालाई अर्को वैधानिक 'कू' गर्न अग्रीम निम्तो दिनु मात्रै हो ।*

बाबुराम भट्टराई

संसदवादी पार्टीहरूमध्येको एक प्रमुख पार्टी एमालेले हालै देशको विद्यमान राजनैतिक समस्या समाधानको निम्ति आफ्नो छुट्टै नौ बुँदे 'रोडम्याप'को प्रस्ताव सार्वजनिक गरेको छ । देशमा क्रान्ति र प्रतिक्रान्तिबीच भीषण द्वन्द्व चर्किरहेको बेला मध्यमार्गी संसदवादी शक्तिको तर्फबाट प्रस्तुत यो प्रस्तावलाई सबैले विद्यमान वस्तुगत परिस्थितिको सापेक्षतामा हेर्नु र मूल्यांकन गर्नु आवश्यक छ । हुन त नेपाली कांग्रेस लगायत हाल आन्दोलनरत पाँच संसदवादी पार्टीहरूबीचमा नै यसबारे मतैक्य मात्र नभएको होइन, थुप्रै अविश्वास र आशंकासमेत देखापर्दछ, तैपनि नेतृत्वदायी क्रान्तिकारी शक्तिको हिसाबले हामीले यसलाई नमूना मध्यमार्गी प्रस्तावको रूपमा बुझ्नु उपयुक्त ठानेका छौं ।

यो 'रोडम्याप'का नौ बुँदाबारे विस्तृत चिरफारतिर नलागी यसको मूल स्पिरिट वा अन्तर्वस्तुबारे मात्रै संक्षिप्तमा हामी के टिप्पणी गर्न चाहन्छौं भने- उन्नाइसौं शताव्दीमा जर्मनी र फ्रान्स र बीसौं शताव्दीको शुरूमा रूसमा सामन्ती निरंकुशतावादी राजतन्त्र र क्रान्तिकारी लोकतन्त्रबीचको द्वन्द्व चरमोत्कर्षमा पुग्न लागेको बेला मध्यमार्गी संसदवादी शक्तिहरूले जुन ढुलमुले, अस्पष्ट र द्वयार्थक राजनैतिक अडान अवलम्बन गरेका थिए, त्यसैको नेपाली अवतारको रूपमा एमालेको 'रोडम्याप' प्रस्तुत भएको छ । त्यस हिसावले झट्ट हेर्दा यसको कतिपय बाहिरी रूप पक्ष सकारात्मक, सन्तुलित, सुझबूझपूर्णजस्ता देखिन्छन् भने यसको मूल अन्तर्वस्तु पूरै अस्पष्ट, भ्रमपूर्ण र प्रतिक्रान्तिकारी चरित्रको छ ।

सर्वप्रथम यसको नयाँ र महत्वपूर्ण सकारात्मक पक्ष के हो भने एमालेले पहिलो चोटि देशमा विद्यमान राजनैतिक समस्या समाधानको निम्ति नयाँ संविधान निर्माण गर्नेसम्मको तत्परता देखाएको छ । एमालेले पहिले २०४७ को संविधानलाई आलोचनात्मक समर्थन मात्र गर्ने भनेको भए पनि पछि गएर जसरी नयाँ जोगीले बढ्ता खरानी घस्छ भने झैं नेपाली कांग्रेसलाई समेत उछिनेर सो सम्विधानसंगै सती जानेसम्मको हठ प्रदर्शन गऱ्यो, त्यसले देशमा अग्रगमनको निम्ति ठूलो बाधाको काम गऱ्यो । यदि एमाले नेतृत्वले शुरूदेखि नै त्यो 'आलोचनात्मक समर्थन'को पक्षलाई परित्याग नगरेर जनताको नयाँ अग्रगामी चेतना र समाजको वस्तुगत आवश्यकता अनुरूप अरू थप राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक जनवादीकरणको निम्ति अघि बढ्ने तत्परता देखाएको भए शायद देशमा अग्रगामी परिवर्तनको ढोका धेरै पहिले र बढी सहज ढंगले खुल्न सक्दथ्यो । विश्वमा सामन्तवादविरोधी पूंजीवादी जनवादी क्रान्तिको इतिहासको अलिकति पनि हेक्का राख्नेले के कुरा राम्ररी बुझ्नु पर्दथ्यो भने २०४७ को संविधानका कथित 'अपरिवर्तनीय' प्रावधानहरू र मुख्यतः त्यसमा अन्तर्निहित राजाको परम्परागत 'राजकीय अधिकार' तथा त्यससँग जोडिएको शाही सेनामाथिको नियन्त्रण यथावत् रहेसम्म देशमा पूंजीवादी लोकतन्त्रले पूर्णता प्राप्त गर्नै सक्दैनथ्यो र राजाले सो संविधानलाई धोती लगाइदिने सम्भावना हमेशा रहिरहन्थ्यो । आखिर गत तेह्र वर्षको अनुभवले त्यसलाई पुष्टि पनि गऱ्यो । यो स्थितिमा पूंजीवादी लोकतन्त्रलाई पूर्णता दिन २०५८ असोज १८ गते भन्दा पहिले पनि २०४७ को संविधानको सट्टा बढी लोकतान्त्रिक संविधान निर्माण गर्नु अपरिहार्य हुन्थ्यो भने असोज १८ को शाही प्रतिगमनपछि त नयाँ संविधान निर्विकल्प बनेको थियो । परन्तु माओवादीले जस लिन्छ भन्ने डरले एमाले लगायतका संसदवादी दलहरूले त्यो वस्तुगत यथार्थलाई स्वीकार्न डराएर खालि असोज १८ पछिको प्रतिगमन सच्चाउने मात्र कुरो गरेर जुन 'न घरको, न घाटको' नीति अहिलेसम्म अपनाउँदै आएका थिए, त्यसले निरंकुश राजतन्त्रलाई झन् बलियो पार्ने काम मात्र गरिरहेको थियो । त्यसैले प्रतिगमन सच्चाउन र अग्रगमनको निम्ति नयाँ संविधान निर्माणको प्रश्न न्यूनतम आवश्यकता बनिसकेको थियो । यो प्रश्नलाई ढिलै भए पनि सम्बोधन गर्ने संकेत गर्नु एमालेको अहिलेको 'रोडम्याप'को एक कदम सकारात्मक पक्ष हो ।

**झट्ट हेर्दा यसको कतिपय बाहिरी रूप पक्ष सकारात्मक, सन्तुलित, सुझबूझपूर्ण देखिन्छन्...**

परन्तु यसै प्रश्नमा पनि एमाले अझै ढुलमुल रहेको र अब असम्भव बनिसकेको 'संविधान संशोधन'को सपनालाई परित्याग गर्न नसकेको कुरा नौ बुँदे रोडम्याप'मा राम्रै झल्कन्छ । जस्तो कि बुँदा नं. ६ मा भनिएको छ- 'गोलमेच सम्मेलनमा सहमत कार्यक्रमको कार्यान्वयनका लागि संविधान संशोधन वा नयाँ निर्माण कुन प्रक्रियामा जाने भन्ने विषयमा सहमतिमा पुग्नुपर्छ ।' सबै पक्षको सहमतिको निम्ति दुवै विकल्प खुला राखिएको हो भने पनि एमाले स्वयंको चाहना कुन हो भन्ने प्रष्ट छैन र विगतका अनुभवहरूलाई हेर्दा उसको चाहना अझै पनि 'संविधान संशोधन' नै हो भन्ने आशंका गर्ने प्रशस्त ठाउँ छ । यदि त्यसो हो भने यो 'रोडम्याप' 'हात्ती आयो हात्ती आयो फुस्सा' मात्र सावित हुने निश्चित छ । किनकि सबै तथ्य र तर्कका आधारमा अब पुरानो संविधान ब्यूँतिने कुनै सम्भावना छैन र कथंकदाचित् ब्यूँतिहाले पनि त्यसको कथित 'अपरिवर्तनीय' बुँदा र मुख्यतः राजाको 'राजकीय अधिकार'को दावीलाई संशोधनबाट बदल्न सक्ने कुनै वैधानिक बाटो रहँदैन । हामी फेरि पनि जोड दिएर के भन्न चाहन्छौं भने राजाले असोज १८ गते जनतामा आइसकेको भनिएको 'सार्वभौमसत्ता'लाई सजिलै अपहरण गर्न सकेको उनमा परम्परादेखि रहँदै आएको भनिएको 'राजकीय अधिकार' (state authority) को बलमा नै हो, जसलाई संविधान संशोधनबाट होइन, बलपूर्वक मात्र खोस्न

**एमाले अझै ढुलमुल रहेको र अब असम्भव बनिसकेको 'संविधान संशोधन'को सपनालाई परित्याग गर्न नसकेको कुरा नौ बुँदे रोडम्याप'मा राम्रै झल्कन्छ**

**नयाँ अग्रगामी संविधानले कहिल्यै पनि पुरानो संविधानबाट वैधानिकता प्राप्त गरेको हुँदैन र गर्न पनि सक्दैन**

सकिन्छ । राज्यसत्तासम्बन्धी यो अहम् प्रश्नलाई हाम्रा संसदवादी शक्तिहरूले अहिलेसम्म बुभ्न नसक्नु वा बुभ्रेर पनि बुभ्र पचाउनु नेपाली इतिहासको ठूलो विडम्वना भएको छ ।

यदि नयाँ संविधान निर्माणको निम्ति एमाले तयार भएकै हो भने पनि 'रोडम्याप'मा प्रस्तुत संविधान निर्माणको प्रक्रिया र संविधानको अन्तर्वस्तु यति अस्पष्ट र भ्रामक छ कि त्यसले नयाँ संविधानतर्फ कदमको सकारात्मक पक्षलाई पूरै ओभ्रेलमा पारेर ऋणात्मक बनाइदिएको छ । यस सम्वन्धमा सबभन्दा गम्भीर कुरा के हो भने एमालेले नयाँ संविधानमा जान पुरानो संविधानलाई पहिले ब्यूँताउनु पर्ने पूर्वशर्त राखेको छ र पुरानो संविधान र त्यसैको संसदमा टेकेर मात्र नयाँ संविधानमा जान सकिने बालहठ प्रदर्शन गरेको छ । यदि ती सबै कुरा भएमा र अग्रगामी नयाँ संविधान बनेमा कसैले प्रक्रियागत अत्तो थापिरहनु पर्ने कुनै जरूरत हुँदैन । तर प्रक्रिया र अन्तरवस्तु, अथवा साधन र साध्यबीचमा द्वन्द्वात्मक अन्तरसम्वन्ध हुन्छ र सही प्रक्रिया वा साधनविना वास्तविक अन्तरवस्तु वा साध्य प्राप्त हुन सक्दैन । भ्रन् शाही सेनाको बलमा परम्परागत राजकीय अधिकारको दावी गर्दै आएको र त्यसैको बलमा २०४७ को संविधानलाई अपहरण गरिसकेको सामन्ती निरंकुशतावादी राजतन्त्रसँगको जीवनमरणको लडाइँमा क्रन्तिकारी लोकतान्त्रिक शक्तिहरूले कतिपय इतिहाससिद्ध विधि वा प्रक्रियालाई ठीकसँग ग्रहण गर्न नसक्ने हो भने घोषित लोकतान्त्रिक लक्ष्य प्राप्त हुनै सक्दैन । त्यस हिसावले एमालेको 'रोडम्याप'ले विघटित संसदमा रहेका राजनीतिक दलहरूको सहमति र सिफारिसमा प्रधानमन्त्री नियुक्त गरी सर्वदलीय सरकार गठन गर्दैमा पुरानो संविधान ब्यूँतने जुन लाटो हिसाव गरेको छ र त्यसपछि सरल रेखामा क्रान्तिकारी शक्तिहरूलाई पुरानो संविधान र संसदभित्र छिराएर संसदवाटै नयाँ संविधान निर्माण गर्ने मीठो सपना बाँडेको छ, त्यो रूपमा सामान्य जस्तो देखिए पनि सारमा अत्यन्तै भयानक र खतरनाक छ । किनकि इतिहास कसैको मनोगत चाहनाबमोजिम होइन, कि आफ्नै वस्तुगत नियमअनुसार अघि बढ्छ र एमालेका 'रोडम्याप'ले देखाएको बाटो बिल्कुल इतिहासको नियम विपरित छ । त्यसैले त्यसले क्रान्ति र अग्रगमनको दिशामा होइन, अन्ततः प्रतिक्रान्ति र प्रतिगमनको दिशामा लैजाने निश्चित छ । किनकि यो इतिहाससिद्ध तथ्य हो कि नयाँ अग्रगामी संविधानले कहिल्यै पनि पुरानो संविधानबाट वैधानिकता प्राप्त गरेको हुँदैन र गर्न पनि सक्दैन । यदि त्यसो गर्न खोजियो भने त्यो संविधान अग्रगामी र चीरस्थायी बन्नै सक्दैन । नयाँ संविधानले सधैं आफ्नो वैधानिकता आफै सिर्जना गरेको हुन्छ । संसारका प्रमुख संविधानहरूको इतिहासबाट यो कुरा पुष्टि हुन्छ । त्यसैले नै भनिएको हो, जनताको चुनिएका प्रतिनिधि वा संविधानसभामार्फत् निर्माण गरिएको संविधान नै सबभन्दा लोकतान्त्रिक हुन्छ, किनकि संविधानसभा आफै सार्वभौमसत्तासम्पन्न हुन्छ र त्यसले आफ्नो वैधानिकता आफै निर्माण गर्न सक्छ । नेपालको विशिष्ठ सन्दर्भमा त भ्रन् संविधानसभा किन अपरिहार्य बनेको छ भन्ने २००७ सालदेखि अहिलेसम्म पटकपटक बनेका संविधानहरूमा औपचारिक ढंगले सार्वभौमसत्ता जनतामा निहित छ भनिए पनि बारम्बार त्यसलाई राजामा निहित रहेको भनिएको 'राजकीय अधिकार'ले निष्तेज र अपहरण गर्दै आइरहेको छ, किनकि अहिलेसम्मका सबै संविधानहरू त्यही परम्परागत राजकीय अधिकारको दावीका साथ राजाबाट जारी हुँदैआएका छन् । राजाबाट जारी भएको संविधान राजाबाट अपहरित र खारेज हुन पनि सक्छ भन्ने नजीर जस्तै स्थापित भैसकेको छ । यो स्थितिमा पुनः पुरानो संविधानमा टेकेर नयाँ संविधानको निर्माण गर्ने कुरा गर्नु भनेको राजाको त्यो परम्परागत राजकीय अधिकार स्वीकार्नु र भोलि राजालाई अर्को वैधानिक 'कू' गर्न अग्रीम निम्तो दिनु मात्रै हो । त्यसैले यो दुःखद् परम्पराको अन्त्य गर्न तथा सार्वभौमसत्ता र राजकीय अधिकार दुवै सदाको निम्ति जनतामा हस्तान्तरण गर्न गोलमेच सम्मेलनबाट नयाँ वैधानिकता निमार्णको प्रक्रिया शुरू गरेर संविधानसभाबाट त्यसलाई पूर्णता दिनु अपरिहार्य छ भन्ने हाम्रो भनाइ हो । यो अहम् प्रश्नलाई ओभ्रेलमा पारेर एमालेको 'रोडम्याप'ले उही पुरानै इतिहास दोहोऱ्याउने भयंकर गल्ती गरेको छ ।



**एमालेको 'रोडम्याप'ले नयाँ संविधान निर्माणको उच्चारणसम्म गरेर सकारात्मक संकेत देखाए पनि यसको समग्र अन्तरवस्तुले अन्योल, आशंका, भ्रम फैलाउने काम नै बढी गरेको छ**

**सम्पूर्ण देश नै क्रमशः गणतन्त्रमय बन्दै गैसकेको स्थितिमा एमालेको यो 'रोडम्याप' समयभन्दा निकै पछाडि परिसकेको छ**

जहाँसम्म नयाँ संविधानको अन्तरवस्तुको कुरा छ, त्यसबारे पनि एमालेको 'रोडम्याप'मा कुनै प्रष्टता र नवीनता छैन । त्यसमा खालि 'अग्रगामी साभ्रा कार्यक्रम' भनेर ४. नं. बुँदामा 'दलित, महिला, जनजाति आदिको हकहितको संरक्षण', 'विकेन्द्रित शासनप्रणाली', 'सुशासन', 'जनमुखी लोकतन्त्र' आदि सामान्य र अमूर्त कुरा मात्र उल्लेख छ । सबभन्दा गम्भीर कुरा के भने देशमा अहिलेसम्म लोकतन्त्रको मुख्य दुश्मन रहेको र राजाको कथित राजकीय अधिकारको श्रोत रहेको शाही सेनालाई विघटन गरेर नयाँ राष्ट्रिय सेना निर्माण गर्ने र त्यसलाई जनप्रतिनिधिहरूका मातहतमा राख्ने कुराको कहीं कतै उल्लेख छैन । बिरालोको घाँटीमा घण्टी भ्रुण्डाउने प्रश्न भने भ्रैं नेपालमा सच्चा लोकतान्त्रिक प्रणाली स्थापना गर्ने र त्यसलाई सुरक्षित गर्ने अहम् प्रश्न भनेकै सशस्त्र सेनाको प्रश्न हो र त्यसबारे मौन बसेर वा त्यसलाई थाती राखेर देशमा विद्यमान राजनैतिक समस्या समाधान हुनै सक्दैन । त्यस अतिरिक्त राजतन्त्रको प्रश्न, प्रतिनिधिसभामा सबै वर्ग, जाति, क्षेत्र, लिंगको समानुपातिक प्रतिनिधित्व, धर्मनिरपेक्षता, जातीय तथा क्षेत्रीय स्वशासन, आर्थिक-सांस्कृतिक लोकतन्त्रको प्रश्न आदिबारे मूर्त प्रस्तावविना अग्रगामी परिवर्तनको कुरा गर्नु पाखण्ड मात्र हुन्छ ।

यसरी एमालेको 'रोडम्याप'ले नयाँ संविधान निर्माणको उच्चारणसम्म गरेर केही सकारात्मक संकेत देखाए पनि यसको समग्र अन्तरवस्तुले अन्योल, आशंका, भ्रम फैलाउने काम नै बढी गरेको छ । फेरि कुनै पनि राजनैतिक प्रस्तावले निरन्तर गतिमा रहेको समाजको वस्तुगत आवश्यकता र शक्ति सन्तुलनलाई ठीकसँग सम्वोधन गर्नसक्नु पर्दछ । अन्यथा एउटा काल र परिस्थितिमा प्रगतिशील हुनसक्ने प्रस्ताव अर्को काल र परिवेशमा प्रतिगामी बन्न पुग्दछ । अहिले विद्यार्थीहरू गणतन्त्रको नारा लिएर सडकमा उत्रिसकेको र सम्पूर्ण देश नै क्रमशः गणतन्त्रमय बन्दै गैसकेको स्थितिमा एमालेको यो 'रोडम्याप' समयभन्दा निकै पछाडि परिसकेको छ । त्यसैले एमालेले देशमा आफ्नो उचित राजनैतिक हैसियत र भूमिका खोज्ने हो भने उसले यो 'रोडम्याप'लाई देशमा विकसित नयाँ चेतना, नयाँ वस्तुगत आवश्यकता र नयाँ राजनैतिक शक्ति सन्तुलन अनुरूप विकसित र परिमार्जित गर्न सक्नुपर्दछ । अन्यथा यो इतिहासको अग्रगामी प्रवाहको 'रोडम्याप' नभएर पश्चगामी प्रवाहको 'रोडम्याप' बन्न पुग्नेछ । ❑

*२०६० माघ ११*

# वर्तमान राज्य-संरचनामा के कस्तो परिवर्तन आवश्यक छ ?

● पीताम्वर शर्मा



## प्रा. कृष्ण खनालको लेखमाथि डा. पीताम्बर शर्माको टिप्पणी

***मूल्यांकन*** पूर्णाङ्क-११४ अंकमा कृष्ण खनालजीले अब संविधान संशोधनले मात्रै देशमा विद्यमान समस्या सम्बोधन हुँदैन भनी लेख्नुभएको छ । किनभने पहिलो कारण, २०४७ को संविधानप्रति कुनै पनि पक्षको आफ्नो अपनत्व देखिएन, संविधान जनताको स्वामित्व नभएको दस्तावेजको रूपमा देखियो । दोस्रो, राज्यको पुनर्संरचनाको आवश्यकता टड्कारो रूपमा देखियो । तेस्रो, राजसंस्थाको स्थान र भूमिकाको कुरामा निकै प्रश्नहरू उठे । चौथो, बेलायती ढाँचाको संसदीय लोकतन्त्रको मोडल नेपालको सन्दर्भमा असान्दर्भिक र विफल रह्यो र सहमतीय प्रणालीका वैकल्पिक मोडलहरू हेर्नुपर्ने अवस्था आइपऱ्यो । पाँचौं, जनजातीय, भाषिक, धार्मिक र समानताको प्रश्न हल गर्न पनि राज्यको ढाँचा बदल्नुपऱ्यो । र, छैठौं, माओवादी विद्रोहको राजनैतिक समाधान खोज्नुपर्ने भएकोले त्यसको निम्ति पनि नयाँ संविधान बनाउनुपर्ने आवश्यकता देखियो । त्यसैले माथि उल्लिखीत कुराहरूका लागि संविधानसभा चाहियो भनेर जुन तर्क दिनुभएको छ, त्यसमा म पूर्णतया सहमत छु । खनालजीको तर्कले ल्याउने निचोड के हो भने देशका सामु तेर्सिएको संकट समाधान गर्न संविधानसभा अब अपरिहार्य छ । ढिलो छिटो देश त्यसमा नगई सुखै छैन । अबको मुख्य प्रश्न संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्नुको औचित्य छ कि छैन भन्ने होइन, प्रश्नचाहिँ संविधानसभाद्वारा बन्ने संविधानको नयाँ गूदी र एजेण्डा के हुनुपर्छ ? त्यो एजेण्डामा कसरी जाने ? भन्ने हो ।

त्यसैले, संविधानसभाको औचित्यभन्दा पनि संविधानसभाको माध्यमबाट अब जुन नयाँ संविधान बन्छ, त्यसको अन्तरवस्तु र एजेण्डा के के हुनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु ।

### जनताको सार्वभौमसत्ता

पहिलो कुरा, प्रजातन्त्रमा सबभन्दा ठूलो महत्व प्रक्रियाको हुन्छ । २०४७ को संविधान नेपाली जनताले आफ्नो इच्छाले ल्याएको हो भनिएता पनि त्यो ल्याउन लोकतान्त्रिक प्रक्रियामा त्यति जोड दिइएकोजस्तो मलाई लाग्दैन । उदाहरणको लागि : "हामी नेपाली जनताले हामीमा निहित सार्वभौमसत्ताको प्रयोगद्वारा हाम्रो इच्छाअनुसार हाम्रा आर्थिक, राजनैतिक, सामाजिक आकांक्षाहरूको परिप्राप्तिका निम्ति यो संविधान बनाई लागु गरेका छौं" भन्नु र राजाले "हामीबाट प्रयोग भइआएको राज्यसत्ता प्रयोग गरिबक्सी फलाना फलानाको सल्लाह र सम्मतिअनुसार यो संविधानको घोषणा गरी लागु गरिबक्सेका छौं" भनेर २०४७ सालको संविधानमा भनिएजस्तै भन्नुमा ठूलो र तात्विक अन्तर छ । लोकतान्त्रिक संविधान जनताको सार्वभौमसत्तासम्पन्नताको अभिव्यक्ति हुनुपर्छ, यदि जनता साँच्चै नै सार्वभौमसत्तासम्पन्न हुन् भने । सार्वभौमसत्ता जनतामा निहित छ भनेर २०४७ को संविधानले भनेता पनि त्यो संविधान त्यस भनाइअनुरूप उभिन सकेन । पहिलो कुरो, त्यो संविधान राजाको राजकीय सत्ता प्रयोगद्वारा जारी भयो र दोस्रो कुरा, त्यसमा जनताको सार्वभौमसत्ता सीमित गर्ने थुप्रै कुरा रहे । त्यसैले अब बन्ने संविधानमा जनताको सार्वभौसत्तालाई निरपेक्ष रूपमा स्थापित गर्नुपर्दछ । जनताको सार्वभौमसत्तालाई कुनै दल, समूह र व्यक्तिले अपहरण गर्नसक्ने स्थिति संविधानको माध्यमबाट आउन नदिने व्यवस्था गरिनुपर्दछ । र, सार्वभौम जनताले आफूमा निहित सार्वभौमसत्ताको अभिव्यक्ति जुनसुकै बेला गर्न पाउने प्रणाली सधैंभरि संविधानमा हुने प्रावधान राख्नु संविधानसभाबाट बन्ने नयाँ संविधानको महत्त्वपूर्ण एजेण्डा हुनुपर्छ । जनताको सार्वभौमसत्तासम्पन्नतालाई चीरकालसम्म सुरक्षित राख्ने प्रणालीगत ग्यारेन्टी संविधानले गर्नुपर्छ । २०४७ सालमा एकचोटि जनताको सार्वभौमसत्ताको अभिव्यक्ति भयो, संविधानमा धारा ३ राखेर, तर त्यसपछि संविधान गतिशील हुनसकेन । जनताको सार्वभौमसत्ताको अभिव्यक्ति एकपटक मात्र भएर पुग्दैन । अब बनाइने संविधान गतिशील हुनुपर्छ र जनताले आफू सार्वभौमसत्तासम्पन्न भएको अभिव्यक्ति मौका मौकामा दिन पाउने व्यवस्था हुनुपर्छ । त्यस्तो अभिव्यक्ति दिने व्यवस्था भनेको जनमतसंग्रहको प्रणाली हो । सार्वभौम जनताले जनमतसंग्रहमार्फत् संविधान र कानूनको कुनै पनि प्रावधान बदल्न पाउने र राष्ट्रिय महत्वको कुनै पनि विषयगत निर्णय गर्न पाउने प्रणाली हुनुपऱ्यो । यसबाहेक जनता सार्वभौमसत्तासम्पन्न हुनको लागि अरू पनि शर्तहरू छन् । जस्तो : पहिलो, जनप्रतिनिधिसभा अन्तर्गतको सेना हुनुपर्छ । दोस्रो, असोज १८ पछि जनताका नाममा राजाले शासन गरेजस्तो होइन, जुनसुकै बेला पनि जनताले चुनेका प्रतिनिधिले नै शासन गर्ने व्यवस्था हुनुपर्छ । यसो भयो भने अहिलेजस्तो उग्रवामपन्थ र उग्रदक्षिणपन्थले जनताको सार्वभौसत्ता अपहरण गर्ने खतरा हुँदैन ।

### राज्य-संरचनामा परिवर्तन

दोस्रो कुरा, देशमा यतिबेला राज्य-संरचना सम्बन्धमा धेरै महत्त्वपूर्ण सवाल उठेका छन् । कतिपय सवालहरू माओवादीहरूले टड्कारो रूपमा उठाएका छन्, कतिपय स्वतःस्फूर्त रूपमा उठेका छन् । राज्य-संरचना सम्बन्धमा उठेका ती महत्वपूर्ण सवालहरूलाई संबोधन गर्ने काम संविधानसभाबाट अब बन्ने संविधानमा गरिनुपर्छ । तिनलाई

> **जनताले आफू सार्वभौमसत्ता सम्पन्न भएको अभिव्यक्ति मौका मौकामा दिन पाउने व्यवस्था भनेको जनमतसंग्रहको प्रणाली हो ।**

> **कुनै ठाउँमा ५० प्रतिशतभन्दा बढी एउटा जातिको बाहुल्य छ भने त्यहाँ सबै दलहरूले त्यही जातिको मानिसलाई मात्र प्रतिनिधि चुनेर पठाउन पाउने प्रावधान अबको नयाँ संविधानमा राखिनुपर्छ ।**

सार्वजनिक राष्ट्रिय बहस र संवादको विषय बनाइनुपर्दछ ।

राज्य-संरचनाका सन्दर्भमा अहिले देखिएका सवालहरू हुन्- महिलाको सवाल, दलितको सवाल, जातीय, धार्मिक, भाषिक पहिचानको सवाल, प्रादेशिक स्वतन्त्रताको सवाल, ऐतिहासिक रूपले अर्घेल्याइएकाहरूको सवाल र राष्ट्रले त्यस सम्बन्धमा लिने नीतिको सवाल र राष्ट्रिय एकीकरण र राष्ट्रियताको सम्वर्द्धनको सवाल । यी सबै सवालहरू विकासको मर्म र आकांक्षासँग जोडिएका सवालहरू हुन. । प्रजातान्त्रिक मान्यताको स्थापना गर्न स्वतन्त्रताको हक दिएर मात्रै पुग्ने रहेनछ । त्यो हकको उपयोग निमुखा र निर्बलले गर्न सक्दैनन् । राज्यले निर्बललाई सबल बनाउन प्रो-एक्टिभ सहजकर्ताको भूमिका खेल्नुपर्छ ।

अब बन्ने संविधानमा सबैले विकास गर्न पाउने समान अवसर र हैसीयत सुरक्षित हुनुपर्‍यो । अनि बल्ल विकासको अन्तरङ्ग प्रक्रिया शुरू हुन्छ भन्ने ती सबै सवालको निचोड हो । अर्को शब्दमा यो राष्ट्रिय एकीकरणको सवाल हो । यो सवाल विगत २३० वर्षदेखि असम्बोधित भएर रहिरहेको छ । पृथ्वीनारायण शाहले नेपालको राजनैतिक, भौगोलिक एकीकरण त गरे, तर सामाजिक, आर्थिक एकीकरणका निम्ति जुन प्रयास हुनुपर्थ्यो, त्यो प्रयास हुँदै भएन । राज्यले राष्ट्रिय एकीकरणको नाममा खास जाति, खास भाषा, खास मान्यता, खास धर्म र खास संस्कृतिमात्र बलियो बनाएर लग्यो । त्यसले गर्दा खस वा बाहुन क्षेत्रीबाहेक अरू जनजातिहरूले आफूलाई राज्यबाट अर्घेलिएको र पेलिएको स्थितिमा पाए, जुन सही हो । यी सवालहरूसँग अरू कुराहरू पनि जोडिएका छन् । २०४७ को संविधानले पनि सबै प्रजातान्त्रिक स्वतन्त्रताहरू दिएको छ । तर यसले स्वतन्त्रताको अभिव्यक्तिलाई सहज बनाउने विधि र तरिका दिने काम गरेको छैन । जबसम्म सहजीकरण गर्ने काम गरिँदैन, तबसम्म स्वतन्त्रताको कुनै अर्थ हुँदैन । ठीक त्यस्तै कुरा मानव अधिकारका सम्बन्धमा छ । त्यसैले प्रजातान्त्रिक मान्यताहरूको स्थापना कसरी गर्ने र कुन रूपले सहजीकरण गर्ने भन्ने एउटा प्रश्न हुनसक्छ । अर्को प्रश्न हुनसक्छ- राज्य-व्यवस्थामा समानुपातिक जातीय प्रतिनिधित्व र त्यसको आधार ।

अहिले नेपालको राज्य-व्यवस्थामा समानुपातिक जातीय प्रतिनिधित्व हुनसकेको छैन । जस्तो, रसुवा जिल्लामा ६० प्रतिशतभन्दा बढी जनसंख्या तामाङ्गहरूको छ, तर अहिलेको राज्य-संरचनामा त्यहाँबाट संसदमा बाहुन चुनिएर आउँछ । यो पार्टीको आन्तरिक हिसाब किताबको कोणबाट ठीकै होला । तर नेपालको संसदमा तामाङले आफ्नो सही प्रतिनिधि पुर्‍याउने ठाउँ र अवसर कहाँ त ? त्यो ठाउँ त तामाङले पाएनन् नि ! त्यस्तै समस्या राई, लिम्बू, गुरूङ, मगर, नेवार, मधेशी- सबैको होला । त्यो आवाज अहिले सबै जनजातिले उठाइरहेका छन् । त्यसैले राज्यको नीति-निर्णय गर्ने ठाउँमा समानुपातिकढंगबाट जातीय आधारमा उनीहरूको प्रतिनिधित्व कसरी गर्ने ? यो सवाल अबको नयाँ संविधानमा हल गरिनुपर्छ ।

यसको लागि एउटा उपाय के हुनसक्छ भने कुनै ठाउँमा ५० प्रतिशतभन्दा बढी एउटा जातिको बाहुल्य छ भने त्यहाँ सबै दलहरूले त्यही जातिको मानिसलाई मात्र प्रतिनिधि चुनेर पठाउन पाउने प्रावधान अबको नयाँ संविधानमा राखिनुपर्छ । भारतमा खास समुदायका निम्ति संरक्षित चुनाव क्षेत्रहरूको व्यवस्था छ । त्यस्तै गरेर अरू देशहरूमा जातीय समस्या समाधान गर्नको लागि अरू के के समाधानका उपायहरू अपनाइएका छन्, भन्ने कुरामा बहस गर्नुपर्ने बेला आएको छ ।

सामाजिक र आर्थिक रूपमा जुन जातिहरू पिछडिएका छन्, ती जातिहरू हाम्रो देशमा राजनैतिक रूपमा कहिल्यै पनि माथि नै आउन सकेनन् । यसको उदाहरणको रूपमा नेकपा एमालेको केन्द्रीय समिति र स्थायी समितिलाई लिन सकिन्छ । एउटा वामपन्थी पार्टीको केन्द्रीय समिति र पोलिट्ब्यूरोमा अधिकांश रूपमा बाहुनै बाहुन छन् । अरू राजनैतिक पार्टीहरूमा पनि यही स्थिति छ । यसरी टाठाबाठाहरूले मात्र निर्णय गर्ने, नीति, कानून बनाउने, केन्द्रमा तथा मुख्य ठाउँमा पुग्ने भएपछि टाठाबाठा नभएकाहरू अगाडि बढ्ने उपाय नै भएन । यसो भएपछि सबै जात, जाति, भाषा, संस्कृति, धर्म, राजनैतिक रूपले सबल हुने र राष्ट्रिय रूपले एकीकृत हुने भन्ने कुरा नै भएन । त्यसैले राज्यका सबै अंगमा सबै जातिको समानुपातिक प्रतिनिधित्व कसरी सुनिश्चित गर्ने, यो प्रश्न अबको संविधान निर्माणमा महत्वपूर्ण प्रश्न हुनुपर्छ ।

त्यस्तै गरेर जातीय अन्तरसंवादको प्रश्नलाई पनि नयाँ संविधानमा सामेल गर्नुपर्छ । समानुपातिक प्रतिनिधित्वअन्तर्गत निर्बल जातिलाई अगाडि ल्याउन प्रयत्न गरिए तापनि त्यहाँभित्र सबै जातिबीच जातीय संवादका ढोकाहरू खुला रहिरहने स्थितिलाई पनि सुनिश्चित गर्नु जरूरी हुन्छ । यो काम स्थानीय स्वायत्तशासन तथा विकेन्द्रीकरणअन्तर्गत पनि गर्न सकिन्छ । हरेक क्षेत्रमा हरेक विकासका नीति-निर्णय र कार्यक्रमहरूमा केवल बहुसंख्यक जातिमात्र होइन, अल्पसंख्यक हरेक जातिलाई पनि अनिवार्य सहभागी गराउनै पर्ने प्रणाली सृजना गरेर यो काम गर्न सकिन्छ । मुख्य कुरा, एउटा इलाका, जिल्ला वा क्षेत्रमा बहुसंख्यक, अल्पसंख्यक सबै जाति, भाषाभाषीहरू स्थानीय विकास, निर्माणका कामहरू, शिक्षा स्वास्थ्यका कामहरू र सार्वजनिक सम्पदाको प्रयोग आदिबारे निर्णय गर्दा, नीति-निर्माण गर्दा एकै ठाउँमा बस्नै पर्ने, छलफल गर्नै पर्ने प्रणाली सृजना गर्नुपर्‍यो । यसैलाई मैले जातीय अन्तर्सम्वाद



*२०४६ सालको जनआन्दोलनका क्रममा पाटनमा भएको वृहद सभा*

भनेको हुँ । जातीय अन्तर्सम्वादको अनिवार्यताले नै राष्ट्रिय एकीकरणको प्रक्रिया मजबूत बनाउँछ ।

अर्को, विकासमा पछिपरेका र राज्यबाट अर्घेल्याइएका, महिला, दलित र जनजातिको लागि राज्यले गर्नुपर्ने पहल र अवलम्बन गर्नुपर्ने खास नीतिहरू नयाँ संविधानमा हुनुपर्छ । विगत इतिहास हेर्दा यी वर्गहरूको लागि आरक्षणको आवश्यकता हुन्छ भन्ने कुरा प्रमाणित भइसकेको छ । किनभने कर नपरिकन राज्यका संचालकहरूले आफै निर्वल र विकासको क्रममा पछिपरेका जनजातिलाई अगाडि लिएर जान्छन् भन्ने कुरामा विश्वास गर्न गाह्रो छ । अहिलेसम्मको हाम्रो अनुभवले पनि यही कुरा देखाएको छ । यसरी त पिछडिएका र अर्घेलिएकाहरू सधैं पछिको पछि हुने भए । उनीहरू बराबर हुने खण्ड नै सिर्जना हुने भएन । त्यसैले उनीहरूलाई माथि उकास्ने परिस्थिति सृजना गर्न खास आधारमा, खास स्थितिको सृजना नहुञ्जेलका लागि आरक्षणको व्यवस्था नयाँ संविधानमा गर्नुपर्छ । त्यो दलितलाई पनि गर्नुपर्छ, महिलालाई पनि र जनजातिलाई पनि । आरक्षण गर्दा पिछडिएका जातिमा पनि त्यसभित्रको उच्च वर्गले मात्र फाइदा नलिएर बहुसंख्यक निम्नवर्गकाले फाइदा लिन सकून् भन्ने सवालमा ध्यान पुऱ्याउनुपर्छ । जाति-जनजातिभित्र पनि आर्थिक वर्ग हुन्छ र आरक्षणका नाममा पछौटे जाति जनजातिभित्रका उच्च वर्गले अनावश्यक फाइदा लिइदिन्छन् । भारतमा यस्तो भएको देखिन्छ ।

अर्को कुरा स्थानीय स्वायत्त शासनको कुरा हो । धार्मिक, सांस्कृतिक, जातीय र भाषिक विभेदका समस्याहरू स्थानीय स्वायत्त शासनकै हिसाबबाट पनि संवोधन गर्न सकिन्छ । यदि कुनै ठाउँमा गुरूङहरू बहुसंख्यामा छन् भने त्यहाँ प्राथमिक तहमा गुरूङ भाषा सबैले पढ्नैपर्ने गरिनुपर्छ । त्यहाँका नेपाली भाषीहरूले पनि गुरूङ भाषा सिक्छन्, जस्तो : अरू ठाउँमा गुरूङहरूले नेपाली भाषा सिक्छन् । स्थानीय स्वायत्तशासनको महत्ता राजनैतिक र आर्थिक शक्तिको विकेन्द्रीकरणमा निहित हुन्छ । स्थानीय तहमै राजनीतिक, आर्थिक, सामाजिक, क्षेत्रमा शक्तिको विकेन्द्रीकरण गर्न सकियो भने स्थानीय तह सवल हुन्छ र विकास तलबाट शुरू हुन्छ । स्थानीय तहका विकासका प्रयत्नहरू, प्राथमिकताहरू, कार्यान्वयन तथा अनुगमन स्थानीय तहबाटै सम्भव हुन्छ । अहिले जुन पैसा केन्द्रले आफैले मात्र चलाइरहेको छ, त्यो पैसा स्वतः स्थानीय तहमा जानुपर्छ र जान्छ । अब बन्ने संविधानले स्थानीयतहमा राजनैतिक, प्रशासनिक तथा आर्थिक विकेन्द्रीकरणप्रतिको प्रतिबद्धता र माध्यमलाई स्पष्ट रूपमा स्थापित गर्नुपर्छ । २०४७ को संविधानले यो कुरा दिएन । मुख्य कुरा, अब स्थानीय निकायलाई राजस्वको निश्चित हिस्सा पाउने हक हुनुपर्‍यो । आफ्नो क्षेत्रको स्रोत सम्पदामाथि हक हुनुपर्‍यो । कुनै क्षेत्रको स्रोत सम्पदा हिमाल र जडीबुटी होला, कुनैको पानी, जल विद्युत, कुनैको पर्यटन, कुनैको कृषि, कुनैको पशुपालन र दुग्ध व्यवसाय होला । त्यसबाट राज्यलाई आउने राजश्वको निश्चित हिस्सामाथि स्थानीय निकायको हक हुनुपर्‍यो । जस्तो : सगरमाथा चढ्न दिएर आउने राजश्वको निश्चित हिस्सामाथि सीलुखुम्बूको हक हुनुपर्‍यो, यार्चागुम्बा बेचेर आउने राजस्वको निश्चित अंशमाथि कर्णालीक्षेत्रको स्वतः अधिकार हुनुपर्‍यो । राजश्व कहाँ खर्च गर्ने ? कसरी खर्च गर्ने ? विकासको प्राथमिकता के ? अनुगमन कसरी गर्ने ? त्यो निर्णय गर्ने अधिकार पनि स्थानीय निकायलाई नै हुनुपर्‍यो । यथार्थमा स्वायत्तशासन भनेको यही हो । यसबाट स्थानीय निकायमा स्वगतिमा विकास प्रक्रिया शुरू हुनुका साथसाथै स्थानीय तह केन्द्रमा निर्भर हुने स्थिति समाप्त हुन्छ ।

यी सबै कामहरू गर्न राज्यको संरचना कुन रूपको चाहिन्छ भन्ने बारेमा पनि विचार गर्नुपर्छ । खनालजीले संघात्मक राज्यको कुरा गर्नुभएको छ । यदि साँच्चैकै स्थानीय स्वायत्तशासन तथा विकेन्द्रीकरण लागु गर्न सकियो भने एकात्मक राज्य भएता पनि स्थानीय तहका जनतालाई धेरै सबल बनाउन सकिन्छ । तर स्थानीय स्वायत्त शासन र विकेन्द्रीकरण दिन सकिएन भने संघ भएर पनि केन्द्रको समस्या ४-५ वा १०-१२ प्रदेश वा राज्यमा विभाजित हुन्छ, त्यति हो ।

कुन आधारमा संघात्मकतातिर जाने ? भौगोलिक प्रदेश, जातियता, भाषा अथवा के आधारमा जाने ? जाति र भाषाको आधारमा जाने हो भने यो ५०/६० वर्षमा नेपालको जनसंख्या अभूतपूर्व रूपमा स्थानान्तरण भएको छ । त्यो स्थानान्तरणको मुद्दालाई हेर्ने कि नहेर्ने ? यी सबै सवालमा बहस हुनु जरूरी भएको छ । संघात्मकतालाई स्वीकारिए पनि स्वायत्तशासन र विकेन्द्रीकरण त हुनैपर्छ । मेरो विचारमा साँच्चिकैको स्थानीय स्वायत्तशासन हुने हो भने संघात्मकताको आवश्यक छैन ।

साँच्चिकै स्वायत्तशासन भनेको एक प्रकारको स्विस मोडेल हो । त्यो मोडेलमा परराष्ट्र नीति, रक्षा, र खास प्रकारका आर्थिक कारोबारहरूबारे मात्र केन्द्रीय तहमा निर्णय गरिन्छ । त्यसबाहेक बाँकी सबै कुराको निर्णय स्थानीय तहमा नै हुन्छ । शिक्षा, स्वास्थ्य, विकास, निर्माण सबैबारे स्थानीय तहमा नै निर्णय गर्ने अधिकार हुन्छ । राजश्वको निश्चित हिस्सामाथि पनि तलको अधिकार हुन्छ । त्यसको निम्ति केन्द्रको मुख ताकिरहनु पर्दैन । जस्तो, स्विट्जरलैण्डमा राजश्वको ३० प्रतिशत हिस्सामाथि क्याण्टोन र कम्युनको हक हुन्छ । अनि स्थानीय प्राकृतिक स्रोत-साधनको व्यवस्थापन, संचालन र त्यसबाट आउने आम्दानीमाथि पनि स्थानीय निकायको निश्चित अधिकार रहन्छ । यस्तो भएपछि विकास तलबाट हुन थाल्दछ । 'माथि' माथिको निर्भरता घट्छ ।

जति ज्यादा मान्छेहरू साक्षर, शिक्षित र जागरूक भए उति ज्यादा स्थानीय निकायले स्वायत्तताको उत्तरदायीत्व प्रयोग गर्न सक्छन् । यसैले स्थानीय विकासमा शिक्षाको सर्वोपरि महत्व छ भन्ने म ठान्छु । असाक्षर र अशिक्षित जनता छन् भने स्वायत्तताको नाममा पाइने अधिकार त्यहाँका थोरै टाठाबाठाले नै गुट्मुट्याउने संभावना टड्कारो हुन्छ । यसका बावजुद पनि स्थानीय तहमा नै शासन गर्ने अधिकार जानुपर्छ, स्थानीय तहमा नै निर्णय गर्ने अधिकार जानुपर्छ र स्रोत-सम्पदामाथिको पहुँच र त्योमाथिको नियन्त्रण गर्ने हक जानुपर्छ । यसमा कुनै विवाद नै छैन ।

तर आत्मनिर्णयको अधिकारबारे भने म अस्पष्ट छु । खनालजीले भन्नुभएको छ, नेपालमा जातीय स्वायत्तता र आत्मनिर्णयको कुरा भारत र श्रीलंकामा जस्तो राज्यबाट छुट्टिने उद्देश्यले आएको कुरा होइन, आफ्नो सांस्कृतिक र जातीय पहिचानको निमित्त मात्र आएको हो । त्यसरी नै आएको हो भने मेरो केही भन्नु छैन । तर आत्मनिर्णयको कुरा राज्यबाट नै बाहिर निस्कने ढंगले आएको हो भने सबैको पहिचान, सहभागीता र योगदान सुनिश्चित गर्ने नेपाल राज्यको मेरो

खास आधारमा, खास स्थितिको सृजना नहुञ्जेलका लागि आरक्षणको व्यवस्था नयाँ संविधानमा गर्नुपर्छ । त्यो दलितलाई पनि, महिलालाई पनि र जनजातिलाई पनि।

मुख्य कुरा, अब स्थानीय निकायलाई राजस्वको निश्चित हिस्सा पाउने हक हुनुपर्‍यो । आफ्नो क्षेत्रको स्रोत सम्पदामाथि हक हुनुपर्‍यो।

असाक्षर र अशिक्षित जनता छन् भने स्वायत्तताको नाममा पाइने अधिकार त्यहाँका थोरै टाठाबाठाले नै गुट्मुट्याउने संभावना टड्कारो हुन्छ

हाम्रो देशमा बहुदलीय मोडेलभन्दा सहमतीय मोडेल नै ज्यादा उपयुक्त हुन्छ भन्ने मेरो पनि धारणा छ ।

नेपालमा राजतन्त्र कि गणतन्त्र भन्ने प्रश्नको निक्यौंल त संविधानसभाले नै गर्ला, तर मुख्य प्रश्न सम्वैधानिक राजतन्त्रलाई गणतान्त्रिक हिसाबले कसरी चलाउने भन्ने पनि हो

परिकल्पनामा त्यसो गर्न संभव छैन भन्ने मलाई लाग्छ ।

संघात्मक राज्यको कुरो गर्दा नेपाल राष्ट्र कसरी एक रहिरहन्छ ? कसरी नेपालभित्रका विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्बी र क्षेत्रहरूको समानता र विकासको आकांक्षा नेपाललाई एकताबद्ध राखेरै पूरा गर्न सकिन्छ ? यो सवालमा ध्यान जानु जरूरी छ । संघात्मक राज्यको कुरा गर्दा ख्याल राख्नुपर्ने मुख्य कुरो के हुन्छ भने तपाईंसित जुन स्रोत सम्पदा छ त्यो आर्थिक संपदालाई केवल बाँड्नेमात्र हो कि ती संघहरूले नै नयाँ आर्थिक सम्पदाको निर्माण गर्नसक्ने खण्ड बनाउने हो ? त्यो स्थिति, त्यो खण्ड बनाउन नसक्ने हो, नबनाउने हो भने संघात्मक राज्यले पनि क्षेत्रीय असमानता जन्माइहाल्छ । जस्तो, नेपाललाई हिमाल, पहाड र तराई तीनवटा भागमा विभाजित गरिदिने हो र तराईसँगको आर्थिक र परिपूरक सम्पदाको विकास र अन्तरप्रादेशिक लेनदेनलाई नबढाउने हो भने, हिमाल र पहाडको विकास हुने म कुनै ठाउँ नै देख्दिन । पहाडकै संपदाको विकासको निमित्त पनि तराईको लगानी चाहिन्छ । अनि लगानी ज्यादा त्यहीं हुन्छ जहाँ स्रोत संपदा बेसी छन् र लागत कम हुन्छ ।

त्यसैले, कुन आधारमा संघात्मक राज्य बनाउने ? त्यो आधार धेरै महत्त्वपूर्ण छ भन्नुको तात्पर्य यो हो । मेरो विचारमा एकात्मकता र संघात्मकताको कुरा गर्दा विकासलाई आधार बनाइनुपर्छ । कुन परिपाटी र प्रणालीद्वारा संपदाको बढी परिचालन र विकास गर्न सकिन्छ ? कुन परिपाटीद्वारा विकास प्रक्रियालाई जनताको आकांक्षा परिपूर्ति हुने ढंगले अगाडि बढाउन सकिन्छ ? त्यही आधारमा संघात्मकता र एकात्मकताबारे टुंगो लगाउनुपर्छ । नेपालका सन्दर्भमा, जातीयताका आधारमा संघहरूको कुरा गरिएपनि ती आर्थिक रूपले सम्भव र दीगो हुन्छन्जस्तो मलाई लाग्दैन ।

त्यसैले, नेपालको राजनीतिक, आर्थिक, समाजिक र सांस्कृतिक एकीकरणका लागि कुन संरचना राम्रो होला ? त्यही संरचनाको आधारमा संघात्मकता र एकात्मकताको बारे निर्णय गर्नुपर्छ ।

### प्रजातान्त्रिक राज्य प्रणाली

मेरो तेस्रो कुरो, प्रजातान्त्रिक राज्य-प्रणाली बारेमा हो । त्यसमा म प्राध्यापक खनालले राख्नुभएका विचारप्रति पूर्णतया सहमत छु । नेपालमा वेस्टमिनिष्टर ढाँचाको बहुदलीय संसदीय लोकतन्त्रको मोडेल असफल सावित भएको छ भनेर उहाँले भन्नुभएको छ । त्यसमा म पनि सहमत छु । हाम्रो देशमा बहुदलीय मोडेलभन्दा सहमतीय मोडेल नै ज्यादा उपयुक्त हुन्छ भन्ने मेरो पनि धारणा छ । खासगरी देशको विकास र सामाजिक रूपान्तरणको सवालमा पार्टीहरूले साझा एजेण्डा तयार गरेर मिलीजुली सरकारको बाटोमा जानुपर्छ भन्ने मलाई लाग्छ । जो बहुमतमा आयो, त्यसले सबैलाई पेलेर लाने, त्यो प्रयोग हामीकहाँ असफल भएको छ । यसले निरंकुशता र भ्रष्टाचार दुवै बढायो । नेपालमा अहिले आवश्यक प्रणाली भनेको बहुमतमा भएकाको मात्र होइन, अल्पमतमा भएकाहरूको पनि कुरा सुन्नुपर्ने खण्ड निर्माण गर्नु हो । त्यसो भयो भने देशमा अल्पमतमा भएकाहरूले उपेक्षित भएको नाममा विद्रोह गर्नुपर्ने आवश्यकता पनि समाप्त भएर जान्छ । सहमतीय प्रणालीमा अल्पमतका खास समस्याहरू पनि खास किसिमले बेलैमा संबोधन गर्ने कुरो हुन्छ । अल्पमतको कुरो सुनेन भने सहमतीय प्रणाली नै चल्दैन ।



राज दरबार

सहमतीय प्रणालीका विभिन्न किसिम हुनसक्छन् । एउटा किसिम हो- संसदमा जे जति दलहरू छन्, जनप्रतिनिधि भएर चुनिएर आएका ती सबैको समानुपातिक हिसावले संयुक्त मंत्रीमण्डल बनाउनु, जस्तो स्विट्जरलैण्डमा बनाइन्छ । स्थानीय निकायमा पनि त्यही ढाँचामा सहमतीय सरकार बनाउन सकिन्छ । अर्को किसिम हो- विकाससम्बन्धी खास खास नीति र कार्यक्रमका आधारमा सोच मिल्ने राजनीतिक दलहरूले आपसमा एउटा साझा धारणा र कार्यक्रम बनाएर मिलीजुली सरकार बनाउनु । जस्तो, केही स्केण्डिनेभियन मुलुकमा यस्तो गर्ने प्रणाली छ । म राजनीति शास्त्री होइन, तर मलाई के थाहा छ भने, यी र यस्तो अनेकौं सहमतीय प्रणालीगत मोडेलहरू इजरायलमा, डेनमार्कमा, नर्वेमा, बेल्जियममा अहिले पनि प्रचलित छन् । यस्ता मोडेलहरू हाम्रो देशमा कति उपयुक्त र सान्दर्भिक छन्, बहस-छलफल गर्नु जरूरी भएको छ । कुन मोडेल अपनाए हामीलाई बढ्ता फाइदा होला ? कुन मोडेल हाम्रो अनुभव र संस्कृतिका हिसाबले बढी उपयुक्त होला ? विचार-विमर्श गर्नु जरूरी छ । तर एउटा कुरा के स्पष्ट भइसक्यो भने बेलायतले भारतलाई दिएको र भारतबाट हामीले अन्धतापूर्वक सापटी लिएको वेस्टमिनिष्टरको बहुमतीय संसदीय मोडेलको नेपालमा काम छैन । यसले भ्रष्टाचार बढाउने र अल्पमतमाथि बहुमतको निरंकुशता लाद्ने सिवाय केही गरेन । जुनसुकै प्रणाली ल्याए पनि सरकारका कृयाकलापलाई निहारिरहने सशक्त र सबल निकाय नभए भ्रष्टाचार नियन्त्रण गर्न चाहिं सकिंदैन ।

सबभन्दा ठूलो कुरा त जनप्रतिनिधिको चयनको तरिकालाई सबभन्दा बढी पारदर्शी, कम खर्चिलो र उत्तरदायित्वपूर्ण बनाउनु नै हो । अहिलेको चुनाव प्रणालीमा पैसा खर्च गरेर चुनाव जित्ने जनप्रतिनिधि चुनाव जित्नासाथ पैसा कमाउनेतिर लागिहाल्छ । यदि चुनावलाई कम खर्चिलो बनाउन सकियो र चुनाव प्रक्रियालाई बढीभन्दा बढी पारदर्शी बनाउन सकियो भनेमात्र चुनाव र राजनीतिलाई पैसा कमाउने माध्यम बनाउनुको साटो साँच्चिकै राष्ट्रसेवा गर्ने र खास प्रकारका नीतिहरू लिएर अगाडि बढ्ने माध्यमको रूपमा लिएर जाने मान्छेहरू विधायिकामा प्रवेश गर्न सक्छन् । विधायकका रूपमा

जनप्रतिनिधिको भूमिका अहिले गौण छ । यो भूमिकालाई कसरी सर्वोपरि बनाउन सकिन्छ, त्यतातिर ध्यान पुऱ्याउनु आवश्यक छ । यस सन्दर्भमा अनुत्तरदायी विधायकलाई चुनावअघि जुनसुकै बेला पनि निर्वाचक जनताले फिर्ता बोलाउन सक्ने प्रत्याह्वान प्रणालीको व्यवस्था पनि गर्नु आवश्यक होला ।

अब आउने संविधानमा धर्मनिरपेक्षताको कुरालाई समावेश गर्नैपर्छ । किनभने जनजाति, भाषिक, धार्मिक सांस्कृतिक सवाललाई सम्बोधन गर्न यसको आवश्यकता छ ।

## लोककल्याणकारी राज्य

चौथो कुरो हो, लोककल्याणकारी राज्यको स्थापना । यस्तो राज्यको स्थापना गर्ने कुरा अहिलेको संविधानले पनि भनेको छ । तर त्यसको स्थापना कसरी गर्ने ? राज्यको दायित्व के ? त्यसका सीमाहरू के ? राज्यले के काम गर्ने ? निजी क्षेत्रले के काम गर्ने ? यसमा स्पष्टता आवश्यक छ । यो एजेण्डाले विकासका ती समग्र कुरालाई छुन्छ, जुन कुरा नै राजनीतिको चूरो हो । विकासका आकांक्षाहरूको परिपूर्तिको निम्ति राजनीति एउटा माध्यम हो । प्रत्येक व्यक्तिले आफ्नो योग्यता र सृजनात्मक प्रतिभाको बढीभन्दा बढी अभिवृद्धि र प्रयोग गर्ने स्थितिको निर्माण गरी त्योअनुरूप जीवनयापन गर्न पाउनु नै विकासको अन्तिम लक्ष्य हुनुपर्छ । यो अन्तिम लक्ष्य पूरा गर्नको लागि विकासका निमित्त राज्यको प्राथमिकता र दायित्व के हो ? यसमा स्पष्ट हुनुपर्छ । संविधानमा लोककल्याणकारी राज्य भनेर लेख्ने, तर राज्यले असीमित उदारवादी नीति अङ्गीकार गर्ने विरोधाभाष हुनु भएन । त्यसैले लोककल्याणकारी राज्यको सम्बन्धमा उदारवादको गन्तव्य के हो ? शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, गरीबी निवारण, पूर्वाधार निर्माण, संस्कृतिको जगेर्ना, पिछडिएका वर्गलाई अगाडि ल्याउन र वातावरण संरक्षण आदिमा राज्यको दायित्व के हो ? संविधानमा स्पष्ट किटान हुनुपर्छ ।

मेरो विचारमा यदि लोककल्याणकारी राज्यको स्थापना गर्ने हो भने राज्यको दायित्व सम्पदा-सम्पन्नलाई अवसरका बाटाहरू देखाउने र विपन्नलाई डोऱ्याउने हो । कतिपय कुरामा राज्यले निजी क्षेत्रसँग हातेमालो गर्नसक्छ । राज्यले उदारवादलाई त्यो हदसम्ममात्र अँगाल्नु पऱ्यो, जुन हदसम्म राज्यको दायित्व पूर्ति हुन्छ ।

२०४७ सालको संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त र नीतिहरूको उल्लेख छ । तर ती नीति र सिद्धान्तहरू लागु गर्ने अवस्थामा राज्य छ कि छैन ? त्यसलाई कसले लागु गर्ने ? त्यसको सुनिश्चितता कसले गर्ने ? यी सबै कुरा स्पष्ट गरिएको छैन । यी कुराहरू स्पष्ट नभइकन त्यसको कुनै अर्थ हुँदैन । त्यसैले अब आउने नयाँ संविधानमा यी कुराहरू सुस्पष्ट हुनुपर्छ र अहिलेदेखि नै यसबारे बहस थालिनुपर्छ ।

## राजतन्त्र र गणतन्त्र

पाँचौं कुरा, राजतन्त्र र गणतन्त्रको प्रश्न हो । असोज १८ यता र हालैको टाइम म्यागेजिनलाई राजाले दिएको अन्तरवार्तापछि यो प्रश्नले राजनीतिक र सडक समान रूपले तताइरहेको आभास मिल्छ । यसले राजतन्त्र र गणतन्त्रको बहसको सान्दर्भिकता छर्लङ्ग्याउँछ ।

राजतन्त्र र गणतन्त्रको प्रश्न मूलतः दुई कुरासँग जोडिएको छ । एउटा, जनताको सार्वभौमसत्ता सम्पन्नताको कुरा र अर्को राष्ट्र प्रमुखको भूमिकाको कुरा । जनताको सार्वभौमसत्ता सम्पन्नतालाई चीरकालसम्म सुनिश्चित गर्नु नै नयाँ संविधानको मुख्य मर्म हुनुपर्छ । यस अर्थमा राजतन्त्र जनताको सार्वभौमसत्ता सम्पन्नताको उदाहरणका रूपमा मात्र रहिरहन सक्छ । यसो हुनका लागि निम्न शर्तमा मात्रै राजतन्त्रको सन्दर्भ देखिन्छ :

- आफैंमा अधिकारविहीन राजा, पूर्णतः सम्वैधानिक राजसंस्था
- संसद अन्तर्गतको सेना
- एकदमै सीमित राजपरिवारको घेरा
- संसदले उत्तराधिकारीको निर्णय गर्ने प्रणाली
- राजतन्त्रमाथि आवधिक रुपमा जनमतसंग्रह गर्न पाइने प्रणाली
- दरबारको पारदर्शी आर्थिक कारोबार
- नेपाली जनतामा समर्पित राष्ट्रगान

२०४७ को संविधानले राजतन्त्रलाई जुन 'शंकाको फाइदा' दिएको थियो, त्यो फाइदाको गलत प्रयोग भएको कुरा अब कसैबाट लुकेको छैन । अब बन्ने संविधानमा राजतन्त्रलाई 'शंकाको फाइदा' दिइनु हुन्न । नेपालमा राजतन्त्र कि गणतन्त्र भन्ने प्रश्नको निक्यौंल त संविधानसभाले नै गर्ला, तर मुख्य प्रश्न राजतन्त्र कि गणतन्त्र भन्ने मात्रै हैन । प्रश्न सम्वैधानिक राजतन्त्रलाई गणतान्त्रिक हिसाबले कसरी चलाउने भन्ने पनि हो । र, गणतन्त्रमा जाने हो भने त्यो एउटा फड्को हो कि क्रम हो भन्ने प्रश्न पनि महत्वपूर्ण छ । यी सबैलाई बहसका विषय बनाउनु आवश्यक छ ।

अबको राज्य-संरचनामा सेनाको स्थितिबारे कुरा गर्दा सेनालाई राजतन्त्रबाट अलग्याउनुपर्छ र उसलाई व्यवसायिक र विकासमुखी बनाउनुपर्दछ । सेनाको संख्यामा व्यापक कटौती गर्नुपर्छ । अहिले नेपालमा ७२ हजारको सेना छ । यत्रो संख्या नेपाललाई चाहिँदैचाहिँदैन । कोसँग लड्नु छ र हामीले ? न हामी चीनसित लड्न सक्छौं न त भारतसित नै । त्यसैले सेनालाई आधि नै घटाएर ३०/३५ हजारमा ल्याउनुपर्छ । सेनाको मुख्य काम संकटको स्थितिमा र प्राकृतिक प्रकोपमा उद्धार कार्य गर्ने, र अरू समयमा विकास निर्माणको कार्य गर्ने हुनुपर्छ । सेनाको अर्को काम चाहिँ व्यावसायिक सैनिकको पनि हुनसक्छ । विश्वमा जहाँ जहाँ शान्ति सेनाको मद्दत जरूरी छ त्यहाँ त्यहाँ नेपाली सेना पठाउने कार्य गरेर देशले आम्दानी गर्ने बाटो बनाउन सकिन्छ । यस्तो व्यवस्था गर्नुपर्दछ कि नेपालको आधा सेना हमेशा देशबाहिर शान्ति स्थापनाको कार्यमा होस् र त्यसले देशको निम्ति आयआर्जन गरिरहेको होस् । नेपालको सेनाको ऐतिहासिक वीरता जुन छ त्यसको प्रशिद्धीलाई विश्वव्यापी रूपमा प्रयोग गर्दै नेपालले अन्य मुलुकमा व्यवसायिक सैनिकको रूपमा काम गर्ने हो भने हामीले बाहिर गएर फौजी तालिमको काम पनि गर्नसक्छौं र आफै शान्ति सेना भएर काम पनि गर्नसक्छौं । यस प्रकार सेना राष्ट्रको लागि बोझ नभएर आयआर्जनको स्रोत हुनसक्छ । मेरो ठम्याइमा नेपालमा सेनाको तीनवटा


श्री ५ ज्ञानेन्द्र

**राज्य-संरचनामा सेनाको स्थितिबारे कुरा गर्दा सेनालाई राजतन्त्रबाट अलग्याउनुपर्छ र उसलाई व्यवसायिक र विकासमुखी बनाउनुपर्दछ । सेनाको संख्यामा व्यापक कटौती गर्नुपर्छ ।**

**जनताको सार्वभौमसत्ता स्थापनाका लागि राजतन्त्रको 'लोककल्याणकारी' मिथकको अन्त्य हुनुपर्छ ।**

> जनताको सार्वभौमसत्ता स्थापनाका लागि राजतन्त्रको 'लोककल्याणकारी' मिथकको अन्त्य हुनुपर्छ ।
>
> नेपालको सेना सामन्तवादको अन्तिम जगेडा शक्ति र पदचिन्हका रुपमा रहेको छ। यसलाई हामीले जनताको सेनाको रुपमा बदल्नुपर्छ ।
>
> संविधानले जनताको सार्वभौसत्ताको कुरा गरेको छ, न्यायपालिकाले प्रकारान्तरले राजाको 'सिर्जित' विशेषाधिकारलाई जनताको सार्वभौमसत्ता-भन्दा माथि राखिदिएको छ

मात्र प्रयोजन छ । एक, संकटको स्थितिमा वा प्राकृतिक प्रकोपमा उद्धार कार्य, दुई, दुर्गम क्षेत्रमा विकास निर्माण कार्यमा संगठित शक्तिको रूपमा प्रयोग र तीन, शान्ति सेनाका रूपमा अन्य मुलुकमा प्रयोग र आयआर्जन । यसबाहेक सेनाको अन्य प्रयोजन म देख्दिन ।

नेपालमा सेनाको सबैभन्दा ठूलो समस्या सेनाको सामन्ती चरित्र हो । नेपालको अहिलेको सेनाले जनताको आकांक्षाको प्रतिनिधित्व गर्दैन । सेनाको जुन माथिल्लो तहका मान्छेहरू छन् तिनीहरू राजतन्त्र र त्यस वरिपरिको सामन्ती संस्कारभित्रबाट पन्पेका मान्छेहरू हुन् । तिनीहरू देश र जनताको कार्यमा होइन, सामन्तवादको स्वार्थ रक्षामा ज्यादा प्रतिवद्ध देखिन्छन् । नेपालको सेना सामन्तवादको अन्तिम जगेडा शक्ति र पदचिन्हका रूपमा रहेको छ । यसलाई हामीले जनताको सेनाको रूपमा बदल्नुपर्छ । सेनालाई संसद मातहत ल्याउनुपर्छ । सेनालाई जनप्रतिनिधिद्वारा परिचालित हुने बनाउनुपर्दछ ।

नेपालको अहिलेसम्मको अनुभवले के देखाएको छ भने जनताको सार्वभौमसत्ता स्थापनाका लागि राजतन्त्रको 'लोककल्याणकारी' मिथकको अन्त्य हुनुपर्छ । अहिलेसम्म राजतन्त्रले 'हामी परापूर्वकालदेखि लोकसम्मतिमै आधारित भएर काम गर्‍यौं' भन्ने जुन मिथक हुर्काएर पालेको छ त्यो मिथक नेपाली जनताको ऐतिहासिक अनुभवभन्दा ठीक उल्टो छ । नेपाली जनताको उत्पीडनप्रति पृथ्वीनारायण शाह पछिका शाह राजाहरू कसरी बेखवर र असंवेदशील रहे भन्ने कुराको प्रमाणका निम्ति महेशचन्द्र रेग्मीको आर्थिक इतिहास पढे पुग्छ । झण्डै दुई शताब्दीको उत्पीडन र शोषण 'लोकसम्मति'मै आधारित त थिएन होला । त्यसैले 'सामन्ती लोकसम्मति'लाई नै 'जनताको सम्मति' भन्नु इतिहासप्रति बेइमानी गर्नु हो । राजसंस्थालाई नेपालको एकताको प्रतिक भन्ने पनि गरिन्छ । यो प्रतिकको पनि शल्यक्रिया गर्नु आवश्यक छ ।

संविधानसभा जनताको चाहना के रहेछ भनेर थाहा पाउने, लोकसम्मतिलाई जाँच्ने उपाय पनि हो । लोकसम्मतिको अमूर्त र छायाँवादी विश्लेषणलाई व्यवहारको कसीमा जाँच्नै पर्छ । नेपाली राष्ट्रियताको जिम्मा सार्वभौमसत्तासम्पन्न नेपाली जनताको हो भन्ने तथ्य पनि स्थापित गर्नुपर्छ । १८ औं र २१ औं शताब्दीको भेद छुट्याउन नेपाली जनता सक्षम छन् ।

### न्यायपालिका

छैठौं कुरा संविधानको मर्मको रक्षा गर्ने सक्षम न्यायपालिकाको हो । ०४७ सालको संविधानले न्यायपालिकालाई ठूलो महत्त्व र अधिकार दिएको छ । तर न्यायपालिकालाई जति अधिकार दियो त्यो अधिकारको प्रयोग गर्ने खण्डको निर्माण भएको छ छैन ? भन्ने कुराप्रति मौन रह्यो । संसदको विघटन भए यताका न्यायपालिका निर्णयहरूले संविधानको मर्मको रक्षा गर्ने न्यायपालिकाको सक्षमताप्रति धेरै प्रश्नहरू उठेका छन् । जस्तो, असाधारण स्थिति भएमा संसदको उमेर बढाउन सकिन्छ भनेर संविधानमा व्यवस्था गरिएको छ । तर संकटकालजस्तो असाधारण स्थितिमा न्यायपालिकाले चुनाव गराउन सकिन्छ भनेर निर्णय दियो । प्रकारान्तरले न्यायपालिकाले संविधानको धारा १२७ अनिश्चितकालसम्म रहिरहनसक्छ भन्ने कुरा पनि मानिदियो । अनि संविधानमा जनताको सार्वभौमसत्ता कहाँ छ भन्ने उत्तर भने उसले दिएन । असोज १८ पछिका घटनाक्रमले जनप्रतिनिधिको शासन नभए पनि संविधानसम्मत नै हुने रहेछ भन्ने कुरा पनि स्थापित भइरहेछ । यो संविधानको मर्मको रक्षा हो कि संविधानको मर्मको पुनर्लेखन हो ?



सर्वोच्च अदालत

संविधानले जनताको सार्वभौसत्ताको कुरा गरेको छ, न्यायपालिकाले प्रकारान्तरले राजाको 'सिर्जित' विशेषाधिकारलाई जनताको सार्वभौमसत्ताभन्दा माथि राखिदिएको छ । त्यस्तै, राष्ट्रियसभा निरन्तर र स्थायी सभा हो भनेर संविधानले भन्छ । तर राष्ट्रिय सभाको निरन्तरता सुविधाको कुरामात्रै हो भनेर न्यायपालिकाले प्रकारान्तरले निर्णय गर्‍यो । यो अनुभवबाट संविधानको मर्मको रक्षा गर्न न्यायपालिका सक्षम नरहेको स्पष्ट हुँदैन ? त्यसैले अब आउने संविधानसभाले बनाउने संविधानमा न्यायपालिकालाई संविधानप्रति बढी उत्तरदायी बनाउनुपर्ने आवश्यकता देखियो । सर्वोच्चका न्यायाधीसहरू संसदीय समिति र संसदबाट अनुमोदन भएरमात्र नियुक्त हुने व्यवस्था पो उपयुक्त हुन्छ कि । त्यस्तै, अहिलेको व्यवस्थामा न्यायपालिकाको भ्रष्टाचार हेर्ने आफ्नै निकाय छ । अब त्यसो नभएर अन्य निकाय वा संसदीय समितिले हेर्ने व्यवस्था पो गर्नुपर्छ कि । अर्थात् न्यायपालिकालाई पनि चेक एण्ड व्यालेन्सको प्रणालीभित्र ल्याउनुपर्‍यो ।

न्यायाधीसहरूलाई संसदीय समितिबाट अनुमोदन गर्ने प्रणालीले उनीहरूमाथिको संसदको चेक एण्ड व्यालेन्स कायम हुन जान्छ । मुख्य कुरा न्यायाधीसहरूलाई संविधान र विधिको शासनप्रति उत्तरदायी बनाउनु हो । एकचोटि आरोप लागेका तर भविष्यका लागि अयोग्य घोषित नभएका व्यक्ति सर्वोच्च अदालतका प्रधान न्यायाधीस समेत भएका उदाहरण छन् । यो प्राविधिक रूपले त ठीक होला तर नैतिक रूपले चाहिं ठीक कुरा होइन । एकपटक आरोप लागेर कारवाही भएको मान्छे सर्वोच्च अदालतजस्तो अंगको प्रमुख त्यसले बन्दा के सन्देश दिन्छ ? त्यसैले न्यायालयको भ्रष्टाचार हेर्ने निकाय सोझै न्यायपालिकासँग सम्बन्ध नभएको निकाय हुनुपर्छ भन्नेबारेमा बहस चलाउनु जरूरी छ । यी कुराहरू अब आउने संविधानमा समाहित हुनुपर्छ । संविधानसभाका माध्यमबाट बन्ने संविधानमा आवश्यक केही महत्वपूर्ण अन्तरवस्तुको चर्चा माथि गरियो । यस्तै अन्तरवस्तुहरूको सार्वजनिक बहसबाट निस्कने निचोडले अब बन्ने संविधानलाई नेपाली जनताका आकांक्षाहरूलाई मुखरित गर्ने र व्यवहारमा उतार्न सघाउने महत्वपूर्ण अस्त्र बनाउनसक्छ । त्यस्तो संविधान नेपाली जनताको सार्वभौम सत्ता सम्पन्नताको अन्तिम उदाहरण हुनेछ ।

मेरो विचारमा संविधानसभाद्वारा निर्माण गरिने संविधान प्रजातान्त्रिक नेपालको अनिवार्य आवश्यकता हो । जहाँसम्म संविधानसभाको औचित्यको कुरा छ, क्रान्तिद्रष्टा कवि गोपालप्रसाद रिमालको यो भविष्यवाणी पर्याप्त होला :

*"हेरौंला, त्यो हुरी भएर आउनेछ,*
*तिमी पात भएर पछ्याउने छौ !"*

*– गोपालप्रसाद रिमाल 'आमाको सपना'*

# बेल्जियमको संवैधानिक राजसंस्था




■ श्याम श्रेष्ठ

## वर्तमान राजसंस्थाको उदय

बेल्जियममा अहिले जुन पुस्तैनी संवैधानिक राजसंस्था छ त्यो त्यति पुरानो होइन । सन् १८३१ मा बाहिरबाट राजा निम्त्याएर बेल्जियमका जनताहरूले यसको स्थापना गरेका हुन् । यसअघि अहिले जुन बेल्जियम छ, त्यसले झण्डै १८-१९ सय वर्षसम्म विभिन्न बाह्य मुलुकहरूको हालीमुहाली र शासन सत्ता भोग्नुपरेको थियो । ईशापूर्व पहिलो शताब्दीदेखि रोमनहरूको, त्यसपछि जर्मनीका फ्रायन्कस्हरूको, अनि स्पेनीशहरूको, त्यसपछि अष्ट्रियनहरूको र अन्ततः फ्रान्सिसीहरूको ।

बेल्जियम नाम नै 'बेल्जी' नाम गरेका त्यहाँका आदिबासी सेल्टीक कविलाहरूको बसोबास क्षेत्रका रूपमा रहेको हो । अत्यन्त बहादुर र साहसी मानिएका यी बेल्जी कविलाहरूको आदिम चरित्रको शासन व्यवस्था ईशापूर्व पहिलो शताब्दीमा विकसित रोमन शासकहरूको आक्रमणबाट ढल्यो । त्यसपछि तीन सय वर्षसम्म रोमको एउटा प्रान्तका रूपमा बेल्जियम विकसित भयो । तर त्यसउप्रान्त रोमको सत्ता कमजोर हुनथाल्यो । सन् ४०० तिर फ्र्यायन्कस् नामका जर्मन कविलाहरूले बेल्जियममाथि कब्जा जमाए । उनीहरूको शासन कालको यही अवधि हो जसमा वर्तमान बेल्जियमको उत्तरी भागलाई अत्यधिक रूपमा जर्मनीकरण गरियो र त्यो जर्मन फ्रंयाकिस् भाषा बोल्ने क्षेत्रका रूपमा विकसित भयो । अनि दक्षिणी क्षेत्र चाहिं रोमन नै रहिरह्यो । सन् १५१९ देखि १७१३ सम्म बेल्जियम स्पेनीशहरूको कब्जामा गयो, अनि १७१३ देखि १७९४ सम्म अष्ट्रियनहरूको कब्जामा अनेकौं शासकअन्तर्गत, विशेष गरी बाह्रौं शताब्दीदेखि १७ औं शताब्दीसम्ममा, बेल्जियमका घेण्ट, ब्रुगेज्, ब्रसेल्स, र एण्ट्वेर्प जस्ता थलोहरू विशाल शहरका रूपमा विकसित भए । यि व्यापार र उद्योगका लागि, त्यसमा पनि विशेषतः टेक्सटाइल र कलाका लागि यूरोपकै मुख्य व्यवसायिक केन्द्रका रूपमा चर्चित भए ।

फ्रान्सिसी क्रान्तिको लगत्तैपछि सन् १७९४ मा नेपोलियन वोनापार्टको फ्रान्सले बेल्जियममाथि आक्रमण गर्‍यो र त्यसलाई फ्रान्समा गाभ्यो । तर बहुचर्चित वाटर लूको लडाइँमा नेपोलियन नराम्ररी पराजित भएपछि सन् १८१५ मा विजित शक्ति राष्ट्रहरूको भियन्ना कांग्रेसले बेल्जियमलाई फ्रान्सबाट अलग्याएर नेदरल्याण्डसमा गाभ्ने कार्य गर्‍यो । तर बेल्जियमको भाषिक, धार्मिक र ऐतिहासिक भिन्नताले गर्दा यो गभाइ सुखद र सह्य हुनसकेन । यसविरूद्ध बेल्जियाली जनताहरूले सन् १८३० मा विद्रोह गरे । यो विद्रोहपछि ठूलो शक्तिराष्ट्रहरूले हस्तक्षेप गरेर बेल्जियमलाई नेदरल्याण्डस्बाट छुट्याउने कार्य गरे र यसलाई स्वतन्त्र अधिराज्यका रूपमा मान्यता दिए । बेल्जियममा पहिलो पटक सन् १८३१ मा जनताद्वारा प्रत्यक्ष रूपले निर्वाचित राष्ट्रिय कांग्रेसद्वारा संविधान निर्मित भयो । त्यही संविधानले बेल्जियमको राजनीतिक इतिहासमा पहिलोपटक त्यहाँ संवैधानिक संसदीय राजसंस्था स्थापित गर्‍यो । बेल्जियममा राजा थिएन, त्यसैले राष्ट्रिय कांग्रेसले जर्मनीको साक्से-कोवर्ग र गोथाबाट राजकुमार लियोकोल्डलाई आमन्त्रित गरेर बेल्जियमको राजा चुन्ने कार्य गर्‍यो ।



*बेल्जियमका वर्तमान राजा अल्वर्ट द्वितिय*

**त्यहाँ राजाको मृत्युपछि दुई सदनात्मक संसदको संयुक्त अधिवेशनसमक्ष शपथ ग्रहण नगरी नयाँ राजा सिहासनमा बस्नै पाउँदैनन् र बैध नै हुँदैनन् ।**

यसरी जन्म्यो बेल्जियममा नयाँ राजवंश र संवैधानिक राजसंस्था । राष्ट्रका निर्वाचित प्रतिनिधिहरूले प्रत्यक्ष रूपले चुनेर त्यहाँ संवैधानिक राजसंस्थाको उदय भयो । यसरी त्यहाँ राजसंस्थामाथि जनताको सर्वोच्चता स्थापित गरियो र जनताको प्रभुसत्ता मातहत राजसंस्थालाई राखियो । बेल्जियमको संविधानमा स्पष्टतः भनियो 'संपूर्ण राज्यशक्ति राष्ट्रबाट निःसृत हुन्छ ।' त्यो समयदेखि अहिलेसम्म त्यहाँ लगातार परिष्कृत र परिमार्जित हुँदै संवैधानिक राजसंस्था रहिरहेको छ ।

## राजसंस्थाका विशिष्टताहरू

"बेल्जियमको राष्ट्रिय कांग्रेसले सन् १८३१ मा जुन संविधान निर्माण गर्‍यो, त्यसले त्यहाँ गणतन्त्रात्मक राजसंस्था स्थापित गर्न चाहेको थियो" अर्थात् "गणतन्त्रात्मक संस्थाहरूसहितको संवैधानिक राजा" । बेल्जियमको परराष्ट्र मन्त्रालयद्वारा वेबसाइटमा प्रकाशित "The Role of Monarchy" शीर्षकको प्रकाशनमा भनिएको छ । यो उदेश्य पूरा गर्नको लागि उनीहरूले मन्त्रीहरूको उत्तरदायित्वको

सिद्धान्त अंगीकार गरे । यो व्यवस्थाअन्तर्गत संविधानको धारा १०६ अनुसार कोही एकजना मन्त्रीले प्रतिहस्ताक्षर नगरिकन राजाका कुनै पनि निर्णय र काम कार्वाहीहरू वैध मानिन्नन् र व्यवहारमा लागु हुँदैनन् । जसले प्रतिहस्ताक्षर गर्छ तिनै मन्त्री त्यो निर्णयप्रति जिम्मेवार हुन्छ र राजा उत्तरदायित्वबाट मुक्त हुन्छन् ।

राष्ट्रिय कांग्रेसले निर्माण गरेको संविधानको अर्को विशेषता के छ भने त्यहाँ राजाको मृत्युपछि दुई सदनात्मक संसदको संयुक्त अधिवेशनसमक्ष शपथ ग्रहण नगरी नयाँ राजा सिहासनमा बस्नै पाउँदैनन् र वैध नै हुँदैनन् । संसदमा गरिने शपथ ग्रहणमा राजाले भन्नुपर्ने हुन्छः "म संविधान र बेल्जियाली जनताका कानूनहरूको पालना गर्ने, हाम्रो राष्ट्रिय स्वतन्त्रता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने किरिया खान्छु ।" संविधानको धारा ९१ मा यस्तो व्यवस्था गरिएको छ । जनप्रतिनिधिले बनाएको संविधान र कानून मान्छु भनेर राजगद्दी उत्तराधिकारीले संसदसमक्ष उपस्थित भएर किरिया खाएपछि मात्र नयाँ राजालाई संसदले अनुमोदन गर्ने, नत्र ऊ सिंहासनमा बस्नै नपाउने यो संस्थागत व्यवस्था गणतन्त्रात्मक राजतन्त्रको व्यवस्था हो । यो बेल्जियमको संवैधानिक राजसंस्थाको सुन्दरता हो ।

यति मात्र होइन, बेल्जियममा राजगद्दी उत्तराधिकारी १८ वर्ष नपुग्दै राजाको मृत्यु भएको छ भने उनी राजा हुन पाउँदैनन् । त्यो स्थितिमा संसदको दुबै सदनको संयुक्त अधिवेशनले रिजेण्ट अर्थात् राजप्रतिनिधिको छनौट गर्दछ । रिजेण्टले पनि नयाँ राजाले जस्तै संसदसमक्ष उपस्थित भएर शपथ लिएपछि मात्र उनी कार्यभार सम्हाल्न लायक बन्दछन् । संविधानको धारा ९२ र ९४ ले यो संबन्धमा प्रष्ट उल्लेख गरेको छ । संविधानको धारा ९५ मुताविक त्यहाँ कुनै पनि कारणले राजगद्दी खाली भयो भने पनि नयाँ निर्वाचित संसदको संयुक्त अधिवेशनले राजाको छनौट गर्दछ ।

**संविधानको धारा १०६ अनुसार कोही एकजना मन्त्रीले प्रतिहस्ताक्षर नगरिकन राजाका कुनै पनि निर्णय र काम कार्वाहीहरू वैध मानिन्नन् र व्यवहारमा लागु हुँदैनन् ।**

## बेल्जियम एक झलक

| | |
|---|---|
| • जनसंख्याः | १ करोड ३ लाख (सन्१९९१) |
| • जनसंख्या बृद्धि दर : | ०.३ प्रतिशत |
| • आयु अपेक्षा जन्ममा : | ७८ वर्ष |
| • शहरी जनसंख्या : | ९७ प्रतिशत |
| • साक्षरता दर : | १०० प्रतिशत (सन् २०००) |
| • कुल गार्हस्थ उत्पादन : | २२७.६ अर्ब डलर |
| • औसत आर्थिक वृद्धि दर (१९९०-२००१) : | २.१ प्रतिशत |
| **अर्थतन्त्रमा** | |
| • कृषिको योगदान | २ प्रतिशत (सन् २००१) |
| • उद्योगको योगदान | २७ प्रतिशत(सन् २००१) |
| • सेवाको योगदान | ७२ प्रतिशत(सन् २००१) |

राजा आफैले आफू शासन गर्न असमर्थ भएको ठाने र मन्त्रीहरूले त्यो बोध गरे भने पनि राजप्रतिनिधिको छनौट संसदको संयुक्त अधिवेशनले गर्दछ । *(हेर्नुहोस् संविधानको धारा ९३)*

यसप्रकार बेल्जियमको राजसंस्था सम्बन्धी व्यवस्था राजा निर्वाचित संसदको मातहत रहने र त्यसद्वारा अनुमोदित हुने व्यवस्था हो ।

बेल्जियममा राजाले राष्ट्रको प्रतिनिधित्व गर्छन्, राज्यको होइन । उनी राष्ट्रप्रमुखको रूपमा देशभित्र र बाहिरको भ्रमण पनि गर्छन् । बेला बेलामा राष्ट्रलाई संवोधन पनि गर्छन् । तर त्यहाँको विशिष्टता के हो भने बेल्जियममा राजाले पत्र-पत्रिकालाई अन्तर्वार्ता प्रदान गर्दैनन् । उनी त्यहाँ राजनीतिबारे सार्वजनिक रूपमा बहस छलफल टिप्पणी नै गर्दैनन् । उनी कुनै पनि सार्वजनिक व्यक्तित्वसित राजनीति बारे बहसमै प्रवेश गर्दैनन् । राजनीतिक क्षेत्रमा राजाको गतिविधि अत्यन्त होशियारिसाथ गोप्य रहन्छ । *(हेर्नुहोस्, उही The Role of Monarchy" नामक वेवसाइटमा प्रकाशित बेल्जियमको सरकारी प्रकाशन)*

त्यसो त बेल्जियमको संविधानको धारा ३७ ले बेल्जियम संघको कार्यकारी अधिकार राजामै निहित छ भनेको छ । तर यो केवल देखावटी र औपचारिक अधिकार मात्रै हो । बास्तविक कार्यकारी अधिकार प्रधानमन्त्री र मन्त्री परिषदसित रहेको हुन्छ । राजाले बेल्जियममा प्रधानमन्त्री र मन्त्री परिषदमार्फत् मात्र शासन गर्छन् । प्रधानमन्त्री र मन्त्री परिषद त्यहाँ निर्वाचित तल्लो सदन प्रतिनिधिहरूको सभा (Chamber of representatives) प्रति उत्तरदायी हुन्छ । प्रधानमन्त्री र मन्त्री परिषदका सदस्यहरूको छनौट पनि प्रतिनिधिहरूको सभाका सांसदमध्येबाटै हुन्छ । यो प्रक्रियामा राजाले केवल औपचारिक र सांकेतिक भूमिका मात्र खेल्छन् । उनको मुख्य राजनीतिक भूमिका प्रधानमन्त्रीको रूपमा एकजना नेता चुन्नुमा हुन्छ, जसमाथि संसदको बहुमतको समर्थन छ । प्रधानमन्त्रीको सल्लाहमा राजाले मन्त्री परिषदका अन्य मन्त्रीहरूको नियुक्ति गर्छन् । बेल्जियमको अनौठो प्रणाली के छ भने जुन सांसद मन्त्री हुन्छ उसले अर्को चुनाव नभएसम्म संसदमा आफ्नो स्थान गुमाउँछ, ऊ सांसद रहँदैन । त्यहाँ मन्त्री परिषदको अध्यक्ष प्रधानमन्त्री नै हुन्छन् र मन्त्रीहरूले विभिन्न कार्यकारी विभागहरू सम्हाल्छन् ।

त्यहाँ दुई सदनात्मक व्यवस्था छ एउटा जनताद्वारा सिधै निर्वाचित १५० सदस्यीय प्रतिनिधिहरूको सभा र केही निर्वाचित केही नियुक्त र केही मनोनीत गरी ७१ सदसीय सिनेट-प्रतिनिधिहरूको सभा राजनीतिक सदन हो । अविश्वासको प्रस्ताव, बजेट, प्रधानमन्त्री र मन्त्रीहरूको छनौट बारे छलफल र निर्णय यही प्रतिनिधिहरूको सभामा हुन्छ । सिनेटले चाहिं दीर्घकालीन सवालहरूमा छलफल गर्छ । राजाको छनौट, संवैधानिक सुधार र अन्तर्राष्ट्रिय सन्धि संझौताहरूमा छलफल र निर्णय गर्नुपर्‍यो भने सिनेटले पनि प्रतिनिधिहरूको सभाकै हाराहारीमा रहेर संयुक्त रूपमा निर्णय गर्दछ । संविधानको धारा ९६ र ४६ अनुसार यदि तल्लो सदन-प्रतिनिधिहरूको सभाको स्पष्ट बहुमतले संघीय सरकारमाथि अविश्वासको प्रस्ताव पारित गर्‍यो भने वा विश्वासको प्रस्ताव



बेल्जियमको ब्रसेल्सस्थित ग्राण्ड प्लेस

पारित गरेन भने सरकारले तुरुन्तै राजीनामा दिनु पर्दछ । र, प्रतिनिधिहरूको सभाले नै नयाँ प्रधानमन्त्रीको नाम राजासमक्ष तुरुन्त प्रस्तुत गर्नुपर्दछ । राजाले त्यही व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गर्नुपर्दछ । यदि अविश्वासको प्रस्ताव पारित हुनुको साथ साथ वा विश्वासको प्रस्ताव अस्विकृत हुनुको साथ प्रतिविधिहरूको सभाले अर्को प्रधानमन्त्रीको नाम राजासमक्ष पेश गरेन भने राजाले प्रतिनिधिहरूको सभालाई नै विघटन गर्ने बेल्जियमको संवैधानिक व्यवस्था छ, राजाले सिर्फ यही अवस्थामा मात्र प्रतिनिधिसभा विघटन गर्न पाउँछन्, अरू अवस्थामा पाउँदैनन् । अन्यथा त्यहाँ पूरा ४ वर्षको संसदको अवधि हुन्छ ।


बेल्जियममा संसदको अधिवेशन राजाले बोलाई राख्नु पर्दैन, त्यो तोकिएको दिनमा आफै बस्छ । संविधानमै त्यहाँ संसदको अधिवेशन बोलाउने दिन तोकिएको छ । त्यो दिन हो- हरेक वर्ष अक्टोबरको दोश्रो मंगलवार । यदि त्योभन्दा अगाडि संसदको अधिवेशन बोलाउन जरूरी हुनगयो भने मात्र राजाबाट संसद अधिवेशनको बोलावट हुन्छ । संसद अधिवेशन स्थगित र अन्त्य गर्ने हक चाहिँ राजासित छ ।

बेल्जियमको संसदीय प्रणालीमा अमेरिका र बेलायतको मिश्रित प्रणाली विद्यमान देखिन्छ । अमेरिकामा झैं त्यहाँ कमिटी प्रणालीमार्फत् संसदले कार्यकारीमाथि प्रभावकारी र उल्लेख्य नियन्त्रण गर्दछ । बेलायतमा झैं त्यहाँ प्रधानमन्त्री र मन्त्री परिषद संसदबाट लिइन्छ । र त्यसैप्रति जवाफदेही हुन्छ ।

त्यहाँ धेरैजसो विधेयक प्रतिनिधिहरूको सभामा टेबुल हुन्छ । यदि त्यसले स्वीकार गऱ्यो भने त्यो सिनेटमा पठाइन्छ । सिनेटले विधेयकलाई उपेक्षा गऱ्यो भने वा स्वीकार गऱ्यो भने विधेयक कानून बन्दछ । यदि सिनेटले विधेयकलाई संशोधन गऱ्यो भने तल्लो सदनले अन्तिम निर्णय गर्छ । तल्लो सदनले पारित गरेको विधेयकलाई माथ्लो सदन- सिनेटले संशोधन गर्न सक्छ, उपेक्षा गर्न सक्छ र स्वीकार गर्नसक्छ, तर अस्वीकार भने गर्नसक्दैन । संसदले पारित गरेको विधेयकलाई राजाले अस्वीकार गर्न सक्दैनन् । कानूनका रूपमा लागु भएको घोषणा मात्र गर्न सक्दछन् । राजाले कानूनको कार्यान्वयनमा आवश्यक पर्ने नियमावली वा अध्यादेश जारी गर्न मात्र सक्दछन् । राजाले हस्ताक्षर गरेर स्वीकार गरेको विधेयकमा पनि मन्त्रीको प्रतिहस्ताक्षर भएपछि मात्र त्यो वैध बन्दछ र लागु हुन्छ । नत्र लागु नै हुँदैन । संविधानको धारा १०६ र १०८ ले यस्तो व्यवस्था बारे चर्चा गरेको छ ।

बेल्जियमको संविधान संशोधनको प्रणाली पनि अनौठो छ । त्यहाँ संविधान संशोधन गर्नु पऱ्यो भने राजालाई जानकारी दिएर संसदको दुवै सदनले जुन भागको संशोधन गर्नुपरेको हो त्यसको घोषणा गर्नुपर्दछ । घोषणापछि राजाबाट दुवै सदनको विघटन हुन्छ र नयाँ संसदको चुनाव हुन्छ । नव निर्वाचित संसदमा प्रत्येक सदनको कुल सांसदको दुई-तिहाइ सांसदको उपस्थितिमा मात्र संविधान संशोधनको प्रस्तावबारे छलफल हुन्छ । नयाँ संसदको प्रत्येक सदनको दुई-तिहाइ बहुमतले संशोधनको प्रस्तावलाई पारित गऱ्यो भने त्यो संशोधन संविधानको अभिन्न अंगका रूपमा लागु हुन्छ । संविधानको धारा १९५ ले यस सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ ।

बेल्जियममा हरेक वर्ष संघीय राज्यको आय र व्ययको बजेट प्रतिनिधिहरूको सभासमक्ष



**बेल्जियममा अहिले पनि सेनाको कोटासम्बन्धी निर्णय प्रत्येक वर्ष संसदले पारित वा नवीकरण गर्नैपर्ने गरिएको छ । पारित गरेको सैनिक कोटासम्बन्धी कानून एक वर्षसम्म मात्र बैध रहन्छ । यसको तात्पर्य के हो भने संसदले हरेक वर्ष निर्णय र नवीकरण गरेन भने सैनिक दरवन्दी र सेनालाई जाने राज्यको पूरै खर्च नै बन्द हुन्छ ।**

राखेर पारित गर्नै पर्दछ । संसदले ऐन पारित गरेर बाहेक राज्यको हितको नाममा कुनै कर लगाउन पाइँदैन । नेपालमा जस्तो त्यहाँ आर्थिक विधेयक संसदसमक्ष लैजान राजाको स्वीकृति लिनुपर्दैन । स्थानीय समुदायको हितमा लगाउने कर पनि स्थानीय परिषदको निर्णयबाट मात्र लगाउन सकिन्छ ।

बेल्जियममा सेनाको कमाण्ड र युद्ध र शान्तिको घोषणा राजाले नै गर्दछन् । तर उनले यसको सूचना यथाशीघ्र संसदलाई दिनुपर्दछ । तर संविधानको धारा ८२ र ८३ ले त्यहाँको सेनालाई पूर्णतया संसद मातहत राख्ने व्यवस्था गरेको छ । त्यहाँ सेनाको भर्ती, पदोन्नति, अधिकार र कर्तव्यसम्बन्धी सबै व्यवस्था र प्रक्रिया संसदले पारित गरेको कानूनमुताविक मात्र हुनसक्दछ । बेलायतमा सन् १९५५ सम्म व्यवस्था गरिए जस्तै बेल्जियममा अहिले पनि सेनाको कोटासम्बन्धी निर्णय प्रत्येक वर्ष संसदले पारित वा नवीकरण गर्नै पर्ने गरिएको छ । पारित गरेको सैनिक कोटासम्बन्धी कानून एक वर्षसम्म मात्र बैध रहन्छ । यसको तात्पर्य के हो भने संसदले हरेक वर्ष निर्णय र नवीकरण गरेन भने सैनिक दरवन्दी र सेनालाई जाने राज्यको पूरै खर्च नै बन्द हुन्छ । र पूरै सैन्य संरचना बैध बाँकी रहँदैन । यो सेनालाई संसदमातहत राख्ने विशिष्ट विधि हो, जुन नेपालमा अहिलेसम्म विद्यमान छैन ।

बेल्जियममा सन्धि संझौताहरू राजाद्वारा नै टुंग्याइन्छन् । तर यी सन्धि-संझौताहरू संसदको दुवै सदनले स्वीकार गरेपछि मात्र लागु हुन्छन् ।

बेल्जियममा सन् १९५० अघिसम्म मन्त्री परिषदको बैठकमा राजाले अध्यक्षता गर्ने गर्थे । उनी दिनहुँजसो सरकारी कामकाजमा भाग समेत लिने गर्थे । तर यसअघिका राजा बौडोइनको शासनकाल (सन् १९५०-१९९३) मा आएर यो प्रक्रिया उल्लेखनीय रूपमा घट्यो । उनले आफ्नो ४३ वर्षीय शासन कालमा केवल दुई पटक मात्र मन्त्री परिषदको बैठकमा अध्यक्षता गरे । वर्तमान राजा अल्वर्ट दोश्रो (१९९३ देखि सत्तारूढ) ले त विगत एक दशकको शासन कालमा एक पटक पनि मन्त्री परिषदको बैठकमा उपस्थित भएका छैनन्, अध्यक्षता त टाढाको कुरा रह्यो । बेल्जियाली समाजको विकासक्रमले राजालाई सरकारी कामकाजबाट टाढा पुऱ्याएको छ । अब मन्त्री-परिषदको सारा कामकाजहरू प्रधानमन्त्रीको अध्यक्षतामा संपन्न हुन्छन् । सन् १९९३ को संविधान संशोधनपछि मन्त्री परिषद र संसद विघटन सम्बन्धी राजाको अधिकारमा काफी संकुचन आएको छ ।

बेल्जियम सन् १९९३ देखि संविधान संशोधनद्वारा एकीकृत राज्यबाट संघीय राज्यमा रूपान्तरित भएको छ । फ्रान्सिसी भाषा बोल्ने उद्योग प्रधान र प्रभावशाली वाल्लोनियाका जनताहरू र डच भाषा बोल्ने कृषि प्रधान र उपक्षित फ्ल्याण्डर्सका जनताहरू बीचको भाषिक राजनीतिक-आर्थिक द्वन्दले हिंसात्मक रूप लिएपछि बेल्जियमलाई संघीय राज्यमा बदलिएको थियो । अहिले बेल्जियमको मन्त्री परिषदमा जम्मा १५ सदस्यहरू रहन्छन्, जसमा ७ जना फ्रेञ्च भाषा बोल्ने मन्त्रीहरू हुन्छन्, ७ जना फ्लेमीश वा डच भाषा बोल्ने मन्त्रीहरू, राजा चाहिँ त्यहाँ अब राष्ट्रिय एकताका प्रतीक मानिन्छन् ।

*सन्दर्भ ग्रन्थहरु*


- The Constitution of Kingdom of Belgium
- The Role of Monarchy' **बेल्जियमको परराष्ट्र मन्त्रालयद्वारा प्रकाशित वेबसाइटको प्रकाशन**
- World Encyclopedia of Political and Parties, vol II, 3rd edition, Facts on File Inc. USA, 1999
- Encyclopedia of world Political Systems vol-2, by Dennis Derbyshire and Ian Derbyshire, Sharpe Reference, Italy, 2000

# फासीवादको रूप र शैली




**फासीवादका** विशिष्टताहरू अहिले विकसित पूँजीवादी अर्थतन्त्र भएका मुलुकहरूमा मात्रै होइन, पिछडिएका राष्ट्रहरूमा पनि देखिएका छन् । चाहे ती अफ्रिका र एशियाका मुलुक हुन् या ल्याटिन अमेरिका र यूरोपका । अर्थतन्त्र कमजोर हुनु र सैनिक शक्ति सशक्त हुनुसँग फासीवादको साइनो नहुन थालेका उदाहरण देखिन थालेको छ, सैनिक तानाशाही र फासीवादीकरण तीव्र भइरहेका विश्वका मुलुकहरू हेर्दा ।

धेरै मानिसहरूको के धारणा छ भने फासीवाद भनेको पूँजीपतिवर्गको नग्न तानाशाहीमात्रै हो । त्यसैले सत्तामा टाँसिइरहन त्यो वर्गले फासीवादलाई हतियारको रूपमा प्रयोग गर्छ । यसका लागि जनतामाथि निर्मम र नृशंस दमन गर्छ । यो धारणा इटाली र जर्मनीमा शुरूमा फस्टाएको फासीवादबारेको अधकल्चो ज्ञानमा आधारित छ । हुन त फासीवादीहरू रक्तपिपाशु, युद्धखोर र परपीडनकारी हुन्छन् । तर यो फासीवादीहरूको अनुहारको एउटा पाटो मात्रै हो । र, यो पाटो धेरैपछि मात्र प्रकट हुन्छ । त्यसको अर्को पाटोमा रहेको असचेत जनताद्वारा उनीहरूमाथि गरिने समर्थन र सहयोगको पक्षलाई बिर्सन मिल्दैन ।

फासीवादले शुरूदेखि नै एकसाथ दमन र छलकपटको द्वैध नीति लिँदै आएको छ । त्यसले यहूदीजस्ता अल्पसंख्यकहरू, कम्युनिष्टहरूजस्ता विचारका कट्टरविरोधीहरूमाथि निर्मम दमन त गर्छ, यसका साथै आफ्नो जनाधार बलियो पार्न छलकपटको नीति पनि लिन्छ । निर्मम दमनद्वारा मात्रै जनसमर्थन नबढ्ने हुनाले छलकपटलाई प्रयोग गर्न त्यसले कहिले पनि बिर्सदैन । छलकपटद्वारा नै त्यसले फासीवादी नीति र कार्यक्रमहरू बोक्ने कार्यकर्ता, समर्थक र सहयोगी जनताको सिर्जना गर्छ । विनाजनाधार, विनाजनसमर्थन र सहयोग त्यो टिक्न पनि सक्दैन, अगाडि बढ्न पनि सक्दैन ।

त्यसैले लोकतान्त्रिक प्रक्रिया, व्यक्तिगत स्वतन्त्रता र राजनीतिक अधिकारहरूको कटौती गर्ने मामिलामा फासीवादले हठात् रूपमा नांगो हस्तक्षेप गर्दैन, फुकीफुकीकन पाइला चाल्छ । फासीवाद भनेपछि धेरैलाई लाग्छ- यो शुरूदेखि अन्त्यसम्म नै लोकतन्त्रविरोधी, राजनैतिक अधिकारविरोधी र व्यक्तिगत स्वतन्त्रताविरोधी नांगो तानाशाही हो । वास्तविकता के हो भने यो जनता, राष्ट्र र लोकतन्त्रमाथि आइपरेको खतरा टाल्ने अचुक औषधीको रूपमा चर्को विज्ञापन गर्दै प्रकट हुन्छ । अनि विस्तारै अधिकार, स्वतन्त्रता र लोकतन्त्रको सुरक्षाकै नाममा यसले ती सबैको हत्या गर्न थाल्छ; यसले दक्षिणपन्थी रूढिवाद वा सैनिक तानाशाहीले जस्तै प्रत्यक्ष र खुलेआम हमला गर्दैन । त्यसैले फासीवादीकरणको क्रममा शुरूमा त्यस्तो पार्टी जन्माइन्छ, जसले लोकतान्त्रिक हक, हित, अधिकार र व्यवस्थाकै हत्या त गर्छ गर्छ, तर देखिने गरी हिंस्रक आक्रमणद्वारा होइन, ब्वाँसोले जस्तै कन्याई कन्याई नदेखिने, नबुझिने र थाहा नपाउने गरी गर्छ । र, जनतालाई, विशेषतः निम्न मध्यमवर्गीय मानिसहरूलाई क्रान्तिकारी र लोकतान्त्रिक राजनीतिबाट टाढा-टाढा पुर्‍याई उनीहरूको आफूप्रतिको भक्तिभावलाई अत्यधिक रूपमा बढाउँछ । फ्याउरो कन्याइको शैलीबाट लोकतन्त्रको आन्द्राभुँडी निकाल्न सकेमा मात्रै पूँजीपतिवर्गलाई जनताको आक्रोश र लोकतन्त्रको झन्झटबाट मुक्त गरी बेरोकटोक शासन र शोषण गर्ने सुनौलो मौका प्राप्त हुनेछ अनि दिग्भ्रमित भएका जनताकै समर्थन र सहयोगबाट सबै कुरा निष्कण्टक रूपमा चलाउन सहयोग प्राप्त हुनेछ ।



ब्वाँसो कन्याइको शैलीबाट लोकतन्त्रको हत्या नगर्ने हो भने पूँजीपतिवर्गका लागि ठूलो जोखिम छ, त्यो जोखिम हो- लोकतान्त्रिक अधिकारहरूबाट वञ्चित जनता क्रान्तिकारी आन्दोलनतिर मोडिने डर-त्रास । क्रान्तिको संभावना देखेर फासीवादी उपायको खोजीमा लाग्ने पूँजीपति वर्ग हरहालतमा यो जोखिमबाट पनि बच्ने प्रयास गर्छ ।

पूँजीपति वर्गको यो काममा सहायता दिन निर्माण हुने फासीवादी पार्टीले सोशल डेमोक्रेटिक नीति अख्तियार गर्छ । जनतालाई स-साना सुधारका कोसेलीहरू फ्याँकेर भुलाउँछ । पूँजीवादी अर्थतन्त्रले सिर्जना गर्ने अराजकताहरू, जस्तै : महँगी, असुरक्षा, बेरोजगारी आदिमाथि थोरबहुत नियन्त्रण पनि गर्छ । र, त्यस्ता पक्षहरूमाथि सैन्य तरिकाबाट भए पनि नियन्त्रण कायम गरी जनतालाई सुरक्षाको भ्रम बाँडिदिन्छ । कति हदसम्म भने पूँजीपतिवर्गको अधिकतम नाफाको स्वार्थमा धक्का नलाग्ने गरी व्यक्तिगत पूँजीपतिहरू र तिनका अराजक उत्पादनमाथि सीमारेखा कोरेर नियन्त्रण गर्छ । संक्षिप्तमा भन्दा फासीवादी राज्यले तथाकथित पूँजीपति कल्याणकारी राज्यका नीतिहरू अख्तियार गर्छ । तर यी सबैको उद्देश्य भनेको जनताको मुक्ति गर्नु होइन, आफ्नो सत्ता टिकाउनु र पूँजीपति वर्गको स्वार्थ रक्षा गर्नु हो ।

फासीवादको यो दोहोरो चरित्रबारे राम्ररी वैचारिक संघर्ष चलाइएन भने असचेत जनता छलकपटको जालमा निश्चित रूपमा फँस्छन् । यसरी फस्ने जनताबाट समर्थन र सहयोग जब पाउँछन्, तब फासीवादले आफ्नो सम्पूर्ण सत्ता-शक्ति आफ्नो सबैभन्दा ठूलो शत्रु कम्युनिष्टहरूलाई अन्त्य गर्न थाल्छ, शुरूमा वैचारिक र आत्मिक

रूपमा, अनि पछि शारीरिक रूपमै । कम्युनिष्टहरूविरूद्ध जेहाद छेड्न फासीवाद निकै सफल भएको इतिहास छ, विशेषतः फासीवादी सांस्कृतिक हतिहारद्वारा ।

शिवदास घोषका अनुसार, फासीवादी सांस्कृतिक हतियार भनेको सामाजिक जनवादी विचार (Social Democratism), उग्र राष्ट्रवाद (Jingoism) र रहस्यवाद (Mysticism) को अनौठो सम्मिश्रणबाट तयार हुन्छ । *(Ghosh 1992 : Vol- 2 : 55-61)*

घोषले फासीवादको सांस्कृतिक आधारको विश्लेषण गर्ने क्रममा देखाउनुभएको छ : फासीवाद अध्यात्मवाद (Spiritualism) र विज्ञानको अनौठो सम्मिश्रण हो । त्यसले राज्यको आर्थिक र सैनिक शक्तिको अभिवृद्धिका लागि विज्ञानको उपयोग गर्छ, विशेषतः प्रविधिको पक्षलाई प्रयोग गर्छ । र, वैज्ञानिक प्रवृत्तिको विरोध गर्छ । अर्कोतिर त्यसले अवैज्ञानिक खालका धार्मिक परम्परा, रूढि र रूचिका साथै आदर्शवादी इन्द्रजाल (Idealistic Jugglery) को उपयोग गर्छ । यी सबै रूढि र रूचिहरूलाई 'राष्ट्रिय संस्कृति' र 'देशीय परम्परा'का रूपमा पिलाएर जनतालाई नशाले लट्ठ पारिन्छ । *(Ghosh 1992 : Vol- 2 : 55-61)*

घोषले फासीवादलाई सरल शब्दमा व्याख्या गर्ने क्रममा भन्नुभएको छ – फासीवाद अध्यात्मवाद हो, थोत्रा पुराना विचारहरू हो, मन मस्तिष्कलाई अतार्किक, कट्टरपन्थी र हठधर्मी रूझानमा झुकाउने तरिका हो र ती सबैसँग विज्ञानको प्राविधिक पक्षको अनौठो गठजोड हो । त्यसले मानिसलाई वैज्ञानिक र प्राविधिक बनाउन प्रोत्साहित त गर्छ, तर वैज्ञानिक मानसिकता बनाउनचाहिँ रोक लगाउँछ । त्यसले कुनै पनि विषयमा सन्देह गर्ने, प्रश्न गर्ने, सोचविचार र चिन्तन गर्ने वैज्ञानिक प्रवृत्तिमाथि चाहिँ कुठाराघात गर्छ । समाजको सन्दर्भमा जनताको मानसिक प्रक्रियालाई कार्य-कारण सम्बन्ध बुझ्ने-बुझाउने वैज्ञानिक बाटो र प्रक्रियाबाट च्युत गर्छ र अन्धविश्वास, पूर्वाग्रह एवं रूढिवादको रहस्यमय अँध्यारो गल्लीतिर डोऱ्याउने प्रयत्न गर्छ, ताकि जनताले समाजको वर्ग संरचना बुझ्न नसकून् र अन्ततः उनीहरूमा सामाजिक सरोकारप्रति नै वितृष्णा पैदा गर्न सकियोस् । *(एस.यु.सी.आई १९७६ : १००-१०२)*

सर्वविदितै छ, समाजको बारेमा, समाजको वर्गीय विभाजन र उत्पीडनको बारेमा वैज्ञानिक पद्धतिअनुरूप चिन्तन गर्न थालेमा जनता क्रान्तिको बाटोमा अग्रसर हुन सक्छन् । अतः फासीवादले समाजको बारेमा अत्यन्त भ्रमपूर्ण विचार फैलाउँछ । त्यसले सीधासीधै वर्गको कुरा, वर्ग-संघर्षको कुरा र वर्ग-संघर्षद्वारा समाज विकसित हुने कुरालाई स्वीकार्दैन । र, सधैं गैरवैज्ञानिक र भ्रामक सामाजिक दृष्टिकोणसँग संगति मिलाउँदै फासीवादले वर्ग-संघर्षको वैज्ञानिक नियमलाई अस्वीकार गर्छ अनि त्यसको सट्टा वर्ग समन्वय, वर्गीय सहयोगको कुरा गर्छ । त्यसैले फासीवादको सिद्धान्त भनेको वर्गको अस्तित्वलाई नमान्ने वर्गोपरि (supra-class) विचारहरूको संस्कृति हो ।

यो संस्कृतिमा 'उग्र-राष्ट्रवाद'लाई शक्तिशाली हतियारको रूपमा लिइन्छ । यसलाई पूँजीपति वर्गले वर्ग-संघर्षको सिद्धान्त र सर्वहारा अन्तर्राष्ट्रियवादको भावनाविरूद्ध घातक रूपमा प्रयोग गर्छ । यो हतियारबाट प्रभावित जनताको मन-मस्तिष्क अन्धराष्ट्रवादको किटाणुबाट अत्यन्त दूषित हुनपुग्छ । सैद्धान्तिक र ऐतिहासिक रूपले भन्ने हो भने राष्ट्रवाद र देशभक्ति एउटै प्रतिक्रिया होइन । राष्ट्रवाद मूलतः प्रतिक्रियावादी हुन्छ, यसलाई पूँजीपति वर्गले राष्ट्रिय एकता, सहमति र निर्माणको नारा लगाई आफ्नो वर्गीय स्वार्थ लुकाउन र जनताको देशभक्तिको भावनालाई मोड्न प्रयोग गर्छ । तर जनताको देशभक्तिपूर्ण भावनामा पूँजीपति वर्गको स्वार्थ लुकिरहेको हुँदैन । र, यो सर्वहारा अन्तर्राष्ट्रियतावादसँग कहीं पनि बाझदैन । किनकि अहिलेको सन्दर्भमा देशभक्त नभइकन अन्तर्राष्ट्रियतावादी हुन सकिँदैन, न त अन्तर्राष्ट्रियवादी नभइकन देशभक्त हुनसकिन्छ । अर्को कुनै देश र जनताविरूद्ध हुने शोषण-उत्पीडनमा नदुख्ने मन कसरी देशभक्त हुनसक्छ ?



**शिवदास घोषका अनुसार, फासीवादी सांस्कृतिक हतियार भनेको सामाजिक जनवादी विचार, उग्र राष्ट्रवाद र रहस्यवादको अनौठो सम्मिश्रणबाट तयार हुन्छ ।**

तर पूँजीपति वर्गको राष्ट्रवादले अरू देशका जनताको पीडामा दुख्ने मनलाई दुत्कार्छ र मन-मस्तिष्कलाई अन्धराष्ट्रवादी बनाउँछ । अन्धराष्ट्रवादी यस अर्थमा कि पूँजीपति वर्गको राष्ट्रवादले राष्ट्र भनेपछि आँखा चिम्लेर मर्न-मार्न तयार त पार्छ तर राष्ट्रमाथि कुन वर्गको शासन र शोषण चलिरहेको छ भन्ने कुरा हेर्नका लागि आँखा खोल्नै दिँदैन । राष्ट्र र सरकारलाई पनि वर्गीय दृष्टिकोणले हेर्न नदिने यो अन्धराष्ट्रवादले जनतालाई राष्ट्रको भनेपछि जिजुबाजेका पालाको रूढिलाई पनि 'महान राष्ट्रिय संस्कृति' को रूपमा स्वीकार्न बाध्य पार्छ, पूँजीपतिहरूका सम्पूर्ण उत्पादनलाई राष्ट्रिय उत्पादनका नाममा किन्नका लागि मोहित पार्छ ।

अतः राष्ट्रवाद मूलतः स्वार्थी पूँजीपति वर्गको विश्व दृष्टिकोणको अभिव्यक्ति हो । यो दृष्टिकोण गरीखाने जनतामा पनि प्रसार भएमा उत्पीडनजन्य सामाजिक-आर्थिक-राजनैतिक व्यवस्थामा कुनै आँच आउन पाउँदैन । र, राष्ट्रिय एकता, राष्ट्रिय सहमति र राष्ट्र निर्माणको नाममा पूँजीवादी शोषण लामो कालसम्म जारी रहन्छ । अतः वर्ग समन्वय, उत्पीडक वर्ग र उत्पीडित वर्गबीचको सहयोग र वर्गीय स्वार्थभन्दा माथिको 'राष्ट्रिय सहमति'जस्ता वर्गोपरि विचारको वकालत गर्ने जो कोहीको चिन्तन र कार्यप्रति सजग हुनु जरूरी छ । र, प्रश्न गर्नु जरूरी छ- कहीं वर्गोपरि विचार गर्ने व्यक्ति वा संस्था फासीवादतिर ढल्किरहेका त छैनन् ?

वर्गोपरि विचार बोकेरै फासीवादीहरूले महामानव वा अतिमानव (superman) को धारणालाई मलजल गर्ने काम गर्छन् । अन्धराष्ट्रवादको भावनालाई चरम सीमामा पुऱ्याउन यस्ता महामानवहरूको निर्माणसम्बन्धी धारणा उपयोगी हुन्छ । यसका लागि महामानवलाई राष्ट्रिय हित र राष्ट्रको इच्छा साकार पार्ने व्यक्तिको रूपमा महिमामण्डन गरिन्छ । महामानवको रूपमा प्रस्तुत गरिने व्यक्तिलाई राज्यसत्ताकै साकार रूपको अर्थमा प्रस्तुत गरेर जनतामा 'अवतारवाद'को परम्परागत थोत्रो धारणालाई पुनर्जीवित गरिन्छ । त्यस्ता अवतारप्रति जनताको मनमस्तिष्कमा अन्धभक्ति, कट्टर समर्थन र पूर्ण वफादारीको अवैज्ञानिक भावना भरिन्छ । शिवदास घोषले यस्तो स्थितिमा चेतावनीपूर्ण ढंगले भन्नुभएको छ : जब कुनै देशमा वस्तुतः यस्तो स्थिति आउँछ, तब त्यहाँका मानिसहरूको दिमागमा कुनै पनि कुराको गहिराइमा गएर जाँचपरख गर्ने तार्किक र वैज्ञानिक रूझान नष्ट हुन्छ । यसको फलस्वरूप त्यस देशको प्रगतिशील क्रान्तिकारी आन्दोलनमाथि ठूलो नोक्सानी हुन्छ । *(Ghosh 1992, Vol-2 : 58-59)*

मलाई लाग्छ, यसबाट पूँजीवादी लोकतान्त्रिक आन्दोलनलाई पनि कदापि फाइदा हुँदैन ।

❑ राजेन्द्र महर्जन



विश्व सामाजिक मञ्चको मुम्बई सम्मेलनको दौरानमा नेपाली सहभागीहरु जुलस प्रदर्शन गर्दै

# अर्को संसार सम्भव छ

## साम्राज्यवादी भूगोलीकरणविरूद्ध विश्वसामाजिक मञ्चको आवाज

● **गौरी प्रधान**

**भनिन्छ** "विश्व एक ग्राम हो" र यहाँका मानिसहरू सबै "कुटुम्बहरू" हुन् । संसारमा जे जति कुराहरू छन्, ती कसैका "सम्पत्ति" होइनन्, तर भावी पुस्ताका निम्ति साँचेका "नासोहरू" हुन् । तर व्यवहारमा यो कुरा साँचो भइरहेको छैन, यो त एउटा कोरा आदर्श हुनपुगेको छ । यही आदर्श भावनालाई टिपेर आज साम्राज्यवादीहरूको नेतृत्वमा "भूगोलीकरण"को विश्व-अभियान चलिरहेको छ । "भूगोलीकरण"को यो अभियानले जतिसुकै राम्रा कुराहरू गरेतापनि व्यवहारमा यो "ठूलो माछाले सानो माछालाई निल्ने" एक सुनियोजित प्रक्रिया बन्न पुगेको छ । यहाँभित्र मानिसहरूलाई "उदारीकरण" र "निजीकरण"को नाममा गुलियो चखाउने प्रयत्नहरू भइरहेका छन् । तर यसको कारण संसारमा आर्थिक न्याय र सामाजिक समानताका कुराहरू विस्तारै हराउँदै जान थालेका छन् । फलस्वरूप, हरेकजसो समाजमा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाजस्ता कुराहरू दिनानुदिन जनसाधारणको पहुँचभन्दा बाहिर हुनथालेका छन् । विश्व सामाजिक मञ्च वास्तवमा पूँजीवादी भूगोलीकरण र "नवउदार आर्थिक नीति"बिरूद्धको एक सशक्त जनआवाज हो । यसपालि भारतको रंगीन महानगर मुम्बइमा जनवरी १६ देखि २१ सम्म तेश्रो विश्व सामाजिक मञ्च सम्पन्न भयो । साम्राज्यवादी भूगोलीकरणको विरूद्ध परिलक्षित उपरोक्त विश्व मञ्चको मूल नारा "अर्को संसार सम्भव छ" (Another World is Possible) भन्ने रहेको थियो ।

मुम्बइ धेरै अगाडिदेखि नै विश्वको एक चर्चित नाम हो । चर्चित हुनुको एउटा कारण भारतीय फिल्म उद्योगको मुख्य केन्द्र "बलिउड" हुनु पनि हो । तर मुम्बइ शहर राम्रो र नराम्रो दुवै कुराको निम्ति विश्व प्रख्यात छ । विश्व सामाजिक मञ्चले मुम्बइलाई नै उपरोक्त कार्यक्रमको निम्ति किन रोज्यो, थाहा भएन ।

> **विश्वसामाजिक मञ्च वास्तवमा पूँजीवादी भूगोलीकरण र 'नवउदार आर्थिक नीति विरूद्धको एक सशक्त जनआवाज हो**

तर अहिलेको भूगोलीकरणको आँधीबेहरीले संसारमा के कस्तो प्रभाव सृजना गरिरहेको छ ? मुम्बइ त्यसको एक ज्वलन्त उदाहरण हो । त्यहाँ ठडिएका गगनचुम्बी सुविधासम्पन्न महलहरूको वरिपरि झुपडपट्टिमा लाखौं मानिसहरू संकटपूर्ण जीवन बिताइरहेका छन् । खुल्ला आकाशमुनि सडकका पेटीहरूमा लाखौं मानिसहरू सुतिरहेका छन् । मानिस-मानिसबीचको विभेद र शोषण हेर्नका निम्ति विश्वकै एउटा नमूना शहर हो- "मुम्वइ" । यही शहरमा यसपटक सामाजिक न्याय, न्यायपूर्ण सामाजिक, आर्थिक र श्रोतको वितरण, मानव अधिकारको संरक्षणको पक्षमा र शोषणमुक्त नयां संसारको निम्ति विश्वभरका प्रतिनिधिहरूले जबरजस्त आवाज उठाए ।

झण्डै एक सप्ताहसम्म चलेको उपरोक्त विशाल कार्यक्रममा विश्वका करिब एक लाख मानिसहरूको सहभागिता थियो । जनवरी १६ तारेखको साँझ गोरेगाउँको "नेस्को ग्राउण्ड"मा भव्य उद्घाटनबाट शुरू भएको उपरोक्त कार्यक्रम सयौं सम्मेलन, कार्यशाला, गोष्ठी, जुलुस, प्रदर्शनी, सडक नाटक, साँस्कृतिक कार्यक्रम इत्यादिको साथ अन्तिम दिन अर्थात् जनवरी २१ मा मुम्वइको आजाद मैदानमा सम्पन्न विशाल समारोहबाट अन्त्य भयो । यस कार्यक्रममा हजारौं मानिसहरूले बोले, पचासौं हजार मानिसहरूले प्रत्यक्ष सहभागिता जनाए भने, विश्वका करोडौं मानिसहरूले त्यसलाई पर्यवेक्षण अवलोकन गरे । यस कार्यक्रममा विश्वविख्यात राजनेताहरू, नोबेल पुरस्कार विजेताहरू, मानव अधिकारकर्मीहरू, सिनेकर्मीहरू, लेखक-साहित्यकारहरू, मजदूरहरू, किसानहरू, युवा-विद्यार्थीहरू, महिला मुक्तिका अभियानकर्ताहरू, बालबालिकाहरू, साँस्कृतिककर्मीहरू सबै सबैले सगौरव सक्रियताका साथ भाग लिए । उनीहरूले त्यहाँ आफ्ना पीडाका, यातनाका, शोषण र अन्यायका र त्यसबिरूद्ध गरेका संघर्षका जीवित कथाहरू सुनाए । उनीहरूले आ-आफ्ना पहिचानहरू पनि देखाए ।

मुम्वइमा सम्पन्न विश्व सामाजिक मञ्चमा भेला भएका मानिसहरूले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व व्यापार संगठनहरूको पहलमा भएका आर्थिक विकास र गरिबी निर्मूलनजस्ता कार्यक्रमहरूले संसारमा आर्थिक बिषमता घटाउनुको बदलामा बढाएको, सानो देशका राष्ट्रिय अर्थतन्त्रहरूलाई विनाश गरेको, राष्ट्रिय/घरेलु उद्योगहरूको तहस-नहस गरेको, चर्को व्याजदरमा ऋण प्रवाह गरेको, महिलामुक्ति र सामाजिक मुक्ति आन्दोलनहरूलाई दिग्भ्रमित बनाएको, आदिवासी जनजातिहरूको संस्कृतिलाई विगारेको, स्वदेशी उत्पादनहरूको "प्याटेण्ट राइट्स" बहुराष्ट्रिय निगमहरूले सुनियोजित ढंगले हात पारेको, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाजस्ता राज्यको दायित्व हुनुपर्ने क्षेत्र निजीकरण गरेको, ठूला-ठूला आयोजनाहरूमार्फत् आदिवासी जनताको विस्थापन गरेको, विभिन्न देशका निरंकुश र प्रजातान्त्रिक सरकारहरूको

पक्षपोषण गरेको, इराक, अफगानिस्तानजस्ता देशहरूमा नाङ्गो सैनिक हस्तक्षेप गरेका कुराहरू जोडदारका साथ उठाए । उनीहरूको साझा माग थियो कि वर्तमान विश्व-संरचना अन्यायपूर्ण छ, "भूगोलीकरण" साम्राज्यवादमुखी छ, त्यस मातहत भएको आर्थिक विकास असमान छ । तसर्थ, साम्राज्यवादमुखी वर्तमान भूगोलीकरणको अन्त्य हुनुपर्छ र त्यसको ठाउँमा न्याय, समानता र दिगो विकासमा आधारित एउटा नयाँ विश्व-संरचना स्थापित हुनुपर्छ भन्ने कुरासमेत सबैले उठाए ।

## मुम्वइ प्रतिरोध (Mumbai Resistance)

करिब करिब उस्तैखाले उद्देश्य बोकेका, तर वर्तमान विश्व-संरचनालाई भत्काउन "इँटको जवाफ पत्थर"ले दिनुपर्दछ र "साम्राज्यवादलाई विनाश गर्नुपर्दछ" (Smash the Imperialism) भन्ने नाराका साथ मुम्वइको सोही ठाउँ नजिक "मुम्वइ प्रतिरोध" नामक अर्को विशाल कार्यक्रम सञ्चालन भएको थियो । सहभागिताको हिसाबले "विश्व सामाजिक मञ्च" असाध्य भव्य भएता पनि प्रचारको दृष्टिकोणले "मुम्वइ प्रतिरोध" सशक्त देखिन्थ्यो । "मुम्वइ प्रतिरोध" समान विचार भएका क्रान्तिकारी वामपक्षहरूको पहलमा आयोजित भएको थियो । त्यहाँका अधिकांश वक्ता र सहभागीहरू क्रान्तिकारी कम्युनिष्ट विचारधारासँग नजिक भएकाहरू देखिन्थे । विश्व सामाजिक मञ्चमा जस्तै त्यहाँ पनि विभिन्न सभा, सम्मेलन, सांस्कृतिक कार्यक्रम र विरोध प्रदर्शनहरू गरिएका थिए । त्यस ठाउँमा विभिन्न देशका कम्युनिष्ट पार्टीका प्रकाशनहरू, क्रान्तिकारी पुस्तक पत्रपत्रिकाहरू र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)द्वारा प्रकाशित विभिन्न प्रकाशनहरू खुल्ला रूपमा बिक्री र प्रदर्शनीमा राखिएका थिए । "मुम्वइ प्रतिरोध" वास्तवमा के हो ? भन्ने जानकारी लिन पनि विश्व सामाजिक मञ्चका थुप्रै सहभागीहरू त्यताका कार्यक्रमहरू हेर्न पुगेका थिए । क्रान्तिकारी कम्युनिष्ट पार्टीसँग आबद्ध कतिपय संघ-संस्थाहरूले विश्व सामाजिक मञ्च र मुम्वइ प्रतिरोध दुवैमा भाग लिएको देखिन्थ्यो । कतिपय सहभागीहरूले चाहिँ ती दुवै मञ्चहरू "साम्राज्यवादी भूगोलीकरण"को विरूद्ध परिलक्षित हुँदाहुँदै किन फरक-फरक कार्यक्रम राखे भनेर टिप्पणी गरेको समेत देखिन्थ्यो । तर साम्राज्यवादको विरोधमा उनीहरूको मूलधार एउटै भएतापनि एउटा सशस्त्र संघर्षको पक्षपाती र अर्को शान्तिपूर्ण संघर्षको पक्षमा हुनु नै उनीहरूबीचको भिन्नता हो भन्ने कतिपय पर्यवेक्षकहरूको भनाइ थियो । "मुम्वइ प्रतिरोध"ले साम्राज्यवादीहरू बिरूद्धको लडाइमा विश्व सामाजिक मञ्च फितलो भएको र सम्झौतापरस्त भएको आरोप पनि लगाएको देखिन्थ्यो । त्यस्तै, विश्व सामाजिक मञ्चका पक्षधरहरू उनीहरूलाई पुरातनवादी क्रान्तिकारीहरू हुन् भन्ने गर्दथे । तर जे भएतापनि दुवैतिर जनस्तरका किसान, मजदूर, महिला, जनजाति र आदिवासीहरूको ठूलो सहभागिता थियो ।

## विश्वसामाजिक मञ्चमा नेपालको सहभागिता

झण्डै १५० देशका सहभागीहरू रहेको 'विश्व सामाजिक मञ्च' एक ऐतिहासिक विश्व अभियान थियो । यस अभियानमा विश्वका मुक्तिकामी र न्यायप्रेमी जनताहरूले आ-आफ्नो देशको तर्फबाट सक्रियतापूर्वक सहभागिता निर्वाह गरे । उपरोक्त विश्व सामाजिक अभियानमा नेपालको तर्फबाट पनि झण्डै एक हजार जति प्रतिनिधिहरूले सहभागिता जनाएका थिए । सहभागी नेपालीहरूमा ठूलो संख्या मजदूर र दलित आन्दोलनका प्रतिनिधिहरू थिए । त्यसबाहेक त्यहाँ मानव अधिकार, महिला र बालअधिकार आन्दोलनका प्रतिनिधिहरूका साथै किसान, जनजाति र विभिन्न सामाजिक संघ-संस्थाहरूको प्रतिनिधिहरूको समेत सहभागिता थियो । साथसाथै, त्यहाँ संचारकर्मी र सास्कृतिक कर्मीहरूको पनि उपस्थिति रहेको थियो । त्यहाँ उपस्थित नेपाली सहभागीहरूले आ-आफ्ना ढंगले विषयगत जन-सरोकारका कुराहरूलाई उठाए । महिला संघ-संगठनहरूले चेलीबेटी देह-ब्यापार, बालअधिकार संघ-संस्थाहरूले बालश्रम, बंधुवा मजदुरी र बालअधिकारका विषयवस्तुहरूमा सडकमा विरोध प्रदर्शन गरे । सांस्कृतिककर्मीहरूले सडक नाटक देखाए । नेपाली सहभागीहरूले मानव अधिकार, श्रम अधिकार, महिला अधिकार, दलित अधिकारलगायत विभिन्न विषयहरूमा भाषण गरे, अन्तर्क्रियामा भाग लिए र आ-आफ्ना तरिकाले विश्व साम्राज्यवादले ओछ्याएको शोषण र संजालको विरोध गरे । त्योभन्दा महत्त्वपूर्ण कुरा नेपाली झण्डामुनि सबै सहभागीहरू जम्मा भएर नेपालमा प्रजातन्त्रको पुर्नबहाली, हत्या-हिंसाको अन्त्य र दिगो शान्तिको पक्षमा दैनिकजसो प्रदर्शन गरे । देशका विभिन्न ठाउँहरूबाट आएका साथीहरूबीच विभिन्न विषयमा भलाकुसारी गरे । दुःख-सुखका कुराहरू बाँडे ।

कार्यक्रमकै बीच एक साँझ नेपाली सहभागीहरूले विश्व सामाजिक मञ्चमा नेपालको भूमिकालाई कसरी प्रभावकारी बनाउन सकिन्छ होला भनेर व्यापक छलफल र अन्तर्क्रिया गरे । अन्य देशहरूबाट गरिएका कार्यक्रमहरूजस्तै आफूहरूले पनि त्यसखाले कार्यहरू प्रदर्शन गरी विश्वको ध्यान आकृष्ट गर्नुपर्ने विचार ब्यक्त गरे । अबदेखि देशभित्र 'राष्ट्रिय सामाजिक मञ्च' आयोजना गर्नुपर्ने कुराहरू पनि उठे । प्रवास र परदेशमा बसेका नेपालीहरूको बीच भलाकुसारी पनि भयो । जेहोस्, विश्व सामाजिक मञ्चमा भाग लिन गएका नेपाली सहभागीहरू सबैले साम्राज्यवादविरोधी अभियानमा आफू एक्लो नभएको र त्यस संघर्षलाई अग्रगति दिनुपर्ने कुरा महसुस गरे ।

## अन्त्यमा

विश्व सामाजिक मञ्च संसारमा न्याय, समानता, स्वतन्त्रता, सम्भावना, प्रगति र स्वतन्त्रताको निम्ति लागिपरेका स्वाभिमानी सामाजिक संघ-संगठन र सामाजिक आन्दोलनहरूको एक इन्द्रेणी साझा अभियान हो । यो कुनै खास राजनैतिक सिद्धान्त र विचारधाराबाट प्रभावित अभियान नभएर साम्राज्यवादीहरूको एकाधिपत्य, शोषण र शोषणमुखी भूगोलीकरणको बिरूद्ध परिलक्षित अभियान हो । यो कुनै राजनैतिक संघ-संगठन र सञ्जाल होइन । यो मानिस मानिसबीचको विभेद र शोषणको अन्त्यको निम्ति संसारका मानिसहरू जहाँसुकैका किन नहुन्, उनीहरूबाट एक-अर्कालि सिक्ने-सिकाउने र त्यसमा ऐक्यवद्धता प्रदर्शन गर्ने साझा थलो हो । धेरै सहभागीहरूले यो विश्व अभियान निरन्तर हुनुपर्ने बिचार व्यक्त गरे । वास्तवमा साम्राज्यवादी देशहरूको साझा थलो "विश्व आर्थिक मञ्च" र त्यसका क्रियाकलापहरूको बिरूद्ध यो "विश्व सामाजिक मञ्च" हरेक वर्ष जागरूक हुँदै आइरहेको छ । यसलाई अझै स्पष्ट दृष्टिकोणसाथ सार्थक बनाउन हरेक देश र गाउँठाउँमा यसको सन्देशलाई विस्तार गर्नु सबै न्यायप्रेमीहरूको कर्तव्य हो । ❑



*सांस्कृतिककर्मीहरुद्वारा देखाइएको सडक नाटकको एक दृश्य*

# वैशेषिक दर्शनको परमाणु सिद्धान्त

- समिर सिंह -

**जुन चीजबाट प्रगति तथा अन्तिम कल्याण संभव हुन्छ, त्यसलाई नै कणादले धर्मको रूपमा स्वीकार गरेका छन् ।**

## पृष्ठभूमि

प्राचीनकालदेखि नै मानिसहरू विशेष गरेर दुईवटा कारणले पीडित हुन थाले- १. प्राकृतिक २. समाजिक अव्यवस्था । आवश्यकता र समस्याबाट मुक्ति पाउन, उनीहरू विभिन्न प्रकारले क्रियाशील हुनथाले । मोक्ष अथवा मुक्ति कसरी संभव छ त ? मोक्ष प्राप्त गर्ने बाटो के हो ? विभिन्न प्रकारका पीडाहरूबाट सताइएकाहरूका अगाडि यसप्रकारका प्रश्नहरू उब्जिन थाले । यी प्रश्नहरूसित सम्बन्धित अन्य प्रश्नहरू पनि उब्जिन थाले- ब्रम्हाण्डको उत्पत्ति कसरी भयो ? के कुनै अलौकिक शक्तिको अस्तित्व छ ? के मानिस र प्रकृतिबीचको सम्बन्ध छ ? सामाजिक अव्यवस्थाको कारण के होला ? यसप्रकारका उत्सुकताहरूको समाधानको दिशामा विभिन्न तर्क-वितर्कहरू हुनथाले । र, त्यही आधारमा विभिन्न दार्शनिक मत-मतान्तरहरू पनि सिर्जित हुँदैगए ।

इतिहासलाई कोट्याउँदा हामी के पाउँछौं भने सातौं इशापूर्वदेखि दोस्रो शताब्दीसम्मको अवधि, दासप्रथामा आधारित सामाजिक व्यवस्था थियो । एउटा मानिसद्वारा अर्को मानिसप्रति पशुवत् व्यवहार गरिने त्यसप्रकारको राज्य-व्यवस्थाका कारण अत्यधिक मानिसका पीडाहरू झन्झन् कष्टप्रद बन्दै गइरहेका थिए । कर्मकाण्डमा आधारित वेद र उपनिषद्हरूले त्यो बेलाको अप्ठ्यारो अवस्थाहरूप्रति उचित तर्क प्रस्तुत गर्न सकिरहेका थिएनन्, जसको फलस्वरूप बदलिंदो परिस्थितिअनुसार मानिसका सोचाइ र मान्यताहरू पनि परिमार्जित हुँदैगए । वेद र उपनिषद्का गलत मान्यताहरूको प्रतिक्रियास्वरूप त्यो अवधिमा विशेष गरेर- चार्वाक (लोकायत), सांख्य, न्याय, वैशेषिक, योग, मिमांसा, जैन र बौद्ध दर्शनहरू देखापरे, जसलाई क्रमशः वृहस्पति, कपिल, गौतम, कणाद, पातंजलि, जैमिनि, वर्द्धमान र बुद्धले स्थापित गरे । यी दर्शनहरूद्वारा वेद र उपनिषद्को सत्तालाई स्वीकार गरिएन । 'ब्रम्हा नै सृष्टिको कारण हुन्' भनेर मनुस्मृतिमा जुन कुरा उल्लेख गरियो, त्यो मान्यता उनीहरूलाई स्वीकार्य भएन । यसरी वेदको परम्परागत सत्तालाई चुनौती दिंदै न्याय, वैशेषिक, सांख्य, बौद्धलगायतका दर्शनहरूले, पूर्वीय दर्शनलाई एक कदम अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरे ।

पूर्वीय दर्शनका कतिपय मतहरूको चर्चा तथा त्यसको विश्लेषण मूल्याङ्कनका अघिल्ला अंकहरूमा प्रकाशित भैसकेका छन्, तर यहाँ चर्चा गर्न लागिएको दर्शन भनेको वैशेषिक हो । वैशेषिक दर्शनका कतिपय पक्षहरू अहिलेको सन्दर्भमा पनि सान्दर्भिक भएकाले यसको गहिराइमा पुग्नु पर्ने नै हुन्छ ।

## सामान्य परिचय

वैशेषिकको अर्थ हो- विशिष्ट । कुनै पनि चीज वा घटनाहरूको विशिष्ट पक्षहरूको अध्ययन गर्दै निष्कर्षमा पुग्नु नै वैशेषिक दर्शनको मुलभूत मान्यता हो । यस प्रकारको मान्यतालाई अंगिकार गर्दै यो दर्शन-अन्तिम अविभाज्य कण, परमाणुसम्म पुग्दछ । र, त्यसलाई नै केन्द्रविन्दु बनाउँदै समग्र दर्शनको व्याख्या गर्दै जान्छ । वैशेषिक दर्शनका व्याख्याता कणाद ऋषि हुन् । यसको मुख्य भाग ३७० सूत्रहरूमा उल्लिखित गरिएको छ ।

'सृष्टिको रचना ब्रम्हाले गरेका हुन्' भन्ने वेदको मान्यता थियो । तर त्यसप्रकारको मान्यताका विपरीत कुनै अलौकिक सत्तालाई परम् तत्व नमानेर भौतिक तत्व (परमाणु)लाई केन्द्रविन्दु बनाउँदै वैशेषिक दर्शनले दार्शनिक व्याख्यालाई अगाडि बढायो । त्यस समयमा वेदको सत्ता तथा पुरोहितहरूको कर्मकाण्डको विरोध गर्नु अथवा त्यसबारेमा कुरा गर्नुलाई पनि ठूलो अपराध (पाप) गरिएको ठहर गर्दै निक्कै ठूलो दण्ड दिइन्थ्यो । तर त्यसप्रकारको निरंकुश वातावरणका बावजूद वेदका कतिपय सूत्रहरूलाई उच्चारण गरिएतापनि वैशेषिक दर्शनले ती मान्यताहरूका विरूद्ध दार्शनिक तर्कलाई अगाडि बढायो । यद्यपि यो दर्शन चार्वाकको जस्तो भौतिकवादी दर्शनको रूपमा स्थापित हुनसकेन, तर पनि भौतिकवादतर्फ अग्रसर भएको दर्शनको सूचीमा यसलाई राख्नुपर्ने नै हुन्छ । सामन्तवादको उदयसँगै बुद्ध दर्शनलाई जसरी विकृत पारियो, त्यसरी नै यो दर्शनलाई पनि विकृत पार्ने काम भयो । त्यसको फलस्वरूप पछि गएर यो दर्शन, सही प्रकारको भौतिकवादी दर्शनको रूपमा विकसित हुनसकेन ।

## विषय प्रवेश

वैशेषिक दर्शनका अनुसार, प्रत्येक पदार्थलाई स-साना भागहरूमा विभाजित गर्न सकिन्छ । र, त्यसरी विभाजित अन्तिम कण नै परमाणु हो । अर्थात् परमाणु त्यो सूक्ष्म कण हो, जसलाई पुनः विभाजित गर्न सकिंदैन । यही परमाणुबाट नै समस्त भौतिक वस्तुहरूको विकास भएको यो दर्शनको मान्यता छ ।

अथातो धर्म व्याख्यास्यामः अर्थात् धर्म के हो ? यो सूत्रबाट नै वैशेषिक सूत्रको आरम्भ गरिएको छ । कणादका अनुसार कुनै इश्वरीय शक्तिप्रतिको विश्वास धर्म होइन । जुन चीजबाट प्रगति तथा अन्तिम कल्याण संभव हुन्छ, त्यसलाई नै उनले धर्मको रूपमा स्वीकार गरेका छन् । वैशेषिक सूत्रमा उनी के बताउँछन् भने वास्तविक तत्वहरूको ज्ञानद्वारा नै स्थायी कल्याण संभव हुनसक्छ । ज्ञान त्यो अवस्थामा नै सत्य हुनसक्छ, जब त्यो वस्तुहरूको स्वरूपअनुरूप हुन्छ, अन्यथा त्यो झूठो हुन्छ । उनले सूत्रमा के पनि उल्लेख गरेका छन् भने व्यावहारिक क्रियाहरूद्वारा नै कुनै ज्ञान सत्य भएको अथवा नभएको पुष्टि हुनसक्दछ ।

स्पष्ट वैज्ञानिक तथ्यहरूका बावजुद कैयौं आधुनिक दार्शनिकहरूले समेत सही दार्शनिक मत निर्धारण गर्न सकिरहेका छैनन् । व्यावहारिक कसौटीका आधारमा नै सही र गलतबीचको अन्तरलाई छुट्याउने कुरा बुझ्न सकिरहेका छैनन् । समयसापेक्ष विचार हुनुपर्ने कुरा ठम्याउन सकिरहेका छैनन् । सही दार्शनिक मान्यतालाई आत्मसात गर्दै स्पष्ट दृष्टिकोण निर्माण गर्न नसक्नाले नै सामाजिक, राजनैतिक क्षेत्रमा पनि विकृति, विसंगतिहरू बढ्दै गइरहेका छन् । तर प्राकृतिक रहस्यलाई

पुष्टि गर्न सक्ने आवश्यक वैज्ञानिक तथ्यहरूको अभाव भएको अवस्थामा पनि सही दर्शनको जग हाल्न कणाद ऋषिले महत्वपूर्ण भूमिका निर्वाह गरे । कर्मकाण्डमा आधारित वेद तथा उपनिषदको सत्तालाई चुनौती दिँदै, उल्टो दिशातिर फर्किएको दर्शनलाई सही दिशा-निर्देशनको लागि उनको प्रयासलाई सह्राहनीय रूपमा नै लिनुपर्ने हुन्छ ।

हामीले बताइसकेका छौं कि त्यो बेला दासप्रथाले उच्चतम् रूप ग्रहण गर्दै गइरहेको थियो । त्यसकारण सामाजिक असन्तोष र अव्यवस्था बृद्धि हुँदै गैरहेको थियो । मानिसले दुःख किन पाउँछ ? उनीहरूको पीडाको कारण के हो ? दुःखहरूलाई कसरी कम गर्न सकिन्छ ? यी प्रश्नहरूले प्राचीनकालका मानिसहरूलाई सबैभन्दा चिन्तित बनाएको थियो । यी प्रश्नहरूको समाधानको दिशामा आवश्यक तर्क-वितर्क गर्दै, त्यो बेलाका दार्शनिकहरू मोक्ष अथवा मुक्तिको अवधारणासम्म पुगेका थिए । यो कुरा एम. हिरियन्नाको *आउटलुक अफ इन्डियन फिलोसोफी*मा लेखिएको यो धारणा, '...यही कारण हो कि दार्शनिक प्रणालीमा मोक्षलाई एउटा यस्तो अवस्था मानियो, जुन अवस्थामा एक वा अर्को प्रकारले मुक्ति संभव हुन्छ'बाट पनि स्पष्ट हुन्छ । त्यो बेलाका अन्य दार्शनिकहरूजस्तै वैशेषिक दर्शन पनि यो कुरामा स्पष्ट थियो कि सही ज्ञानको प्राप्तिले मात्रै मोक्ष संभव छ । तर सही ज्ञान कसरी प्राप्त हुन्छ ? यो प्रश्नमाथि केन्द्रित हुँदै दार्शनिक व्याख्यालाई अगाडि बढाइयो ।

सांख्य दर्शनले पच्चीसवटा तत्वहरूको ज्ञान प्राप्तिपछि नै मोक्ष हुने बतायो भने वैशेषिक दर्शनले जगतका सबै वस्तुहरूलाई ६ भागमा विभाजित गर्दै सही ज्ञानको प्राप्तिका लागि अग्रसर भयो । यसरी विभाजित पदार्थहरू हुन्- द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवाय । यो दर्शनको के मान्यता छ भने संसारका सम्पूर्ण घटनाक्रम, यी नै पदार्थहरूमा निहित छन् । यद्यपि पछि उदयन, श्रीधरजस्ता वैशेषिक दार्शनिकहरूले एउटा अर्को पदार्थको पनि उल्लेख गरे, त्यो हो- अभाव । उनीहरूका अनुसार कुनै वस्तुको अभाव त्यति नै वास्तविक हुन्छ, जति कुनै वस्तुको अस्तित्व । भावभित्र अभाव अन्तरनिहित भएको उदयनको तर्कका आधारमा वैशेषिक दर्शन, द्वन्द्ववादको दिशातर्फ पनि अग्रसर भएको हामीले दावी गर्न सक्दछौं । किनभने द्वन्द्ववादको मान्यता पनि के हो भने भाव र अभावबीचको संघर्षबाट नै एउटा नयाँ चीज विकसित भएर गइरहेको हुन्छ ।

यो प्रणालीको मूल पदार्थ द्रव्य हो । यसलाई भौतिक तथा अभौतिक घटनाक्रमहरूको सार भनिएको छ । कणादले वैशेषिक सूत्रमा द्रव्यलाई यसरी परिभाषित गरेका छन्- *क्रियागुणवत् समवायिकारण मिति द्रव्यलक्षणम्* अर्थात् द्रव्य त्यो हो, जसमा गुण र क्रिया हुन्छ तथा यो कुनै प्रभावको भित्री कारण हुन्छ । एउटा काठको टुक्रा सुक्दै जान्छ र अन्त्यमा सडेर जान्छ, एउटा मान्छे बुढो हुन्छ र अन्त्यमा मर्छ । यी सबै कसरी भए त ? वैशेषिक दर्शनका अनुसार यो कुनै वाह्य र ईश्वरीय शक्तिको आधारमा होइन, द्रव्यहरूभित्र अन्तर्निहित गुण र क्रियाका आधारमा नै सम्भव भएको हो । आधुनिक विज्ञानका यी तथ्यहरू- सरलतम् यौगिक कार्वोहाइड्रेटबाट नै सजीव अंग सम्भव भएको हो, एउटा परमाणुभित्र रहेका इलेक्ट्रोन, प्रोट्रोन र न्यूट्रोनबाट त्यसको गति सम्भव छ- वैशेषिक मान्यताअनुरूप भएको स्वतःस्पष्ट छ । प्रत्येक द्रव्यमा गुण र क्रिया अन्तर्निहित रहने तथा कुनै चीज वाह्य कारणले होइन, त्यसभित्र अन्तर्निहित भित्री कारणले नै वस्तु गतिशिल हुने बताएर वैशेषिक दर्शनले महत्वपूर्ण धारणा स्थापित गर्न सक्षम भएको हामी दावी गर्न सक्दछौं ।

वैशेषिक सूत्रमा द्रव्यलाई नौ भागमा विभाजित गरिएको छ । ती हुन्- पृथ्वी, जल, वायु, आकाश, काल, दिक्, आत्मा र मस्तिष्क । यिनीहरूमध्ये पृथ्वी, जल, अग्नि र वायु भौतिकपदार्थ हुन् भने बाँकी अभौतिक । यी द्रव्यहरूको संयुक्त क्रियाशीलताका आधारमा नै कुनै भौतिक पदार्थले रूप धारण गर्ने, यो दर्शनको मान्यता छ । यसरी द्रव्य नै जगतको मूल आधार भएको- यो दर्शनले स्वीकार गर्दछ ।

वैशेषिक दर्शनले के बताएको छ भने पृथ्वी, जल, अग्नि र वायुका परमाणुहरू शाश्वत् हुन्छन् । । अर्थात् यी परमाणुहरूको न त निर्माण सम्भव छ, न त यिनीहरू नष्ट हुन्छन् । त्यस्तै, यिनीहरू न त निष्क्रिय हुन्छन्, न स्थिर । स्वयं आफ्नै गुणहरूका आधारमा कुनै बाह्य शक्तिहरूको सहायताविना परमाणुहरू परिवर्तित भइरहेका हुन्छन् । एक-अर्कासित संयुक्त हुने प्रवृत्ति स्वयं परमाणुहरूमा अन्तरनिहित हुन्छ । यो दर्शनले के पनि बताएको छ भने दुईवटा परमाणुहरू मिले भने एउटा अणु बन्दछ । यसरी जति बढी मात्रामा परमाणुहरूबीच संयोग हुँदैजान्छ, त्यही प्रकारले द्वयाणुक, त्रियाणुक बन्दै गैरहेका हुन्छन् । यसरी समस्त जगत परमाणुहरूको योगबाट निर्माण भएको वैशेषिक दर्शनको ठहर छ ।

वैशेषिक दर्शनका अनुसार, सबै परमाणुहरू एकै प्रकारका हुँदैनन् । गुण, परिमाण, भार, आयतन, रूपका आधारमा भिन्दाभिन्दै प्रकारका परमाणुहरू अस्तित्वमा रहेका हुन्छन् । जस्तै : एउटा नूनको कण र एउटा ढुंगाको टुक्रा, एकै प्रकारका हुन सक्दैनन् । यसरी भिन्दाभिन्दै गुण, परिणाम आदि भएका परमाणुहरूबीचको संयोगका आधारमा भिन्दाभिन्दै भौतिकवस्तुहरू निर्माण हुँदै गइरहेका हुन्छन् । वैशेषिकको यो मतलाई अझ पुष्टि गर्न ब्रम्हासूत्रमा शंकराचार्यले बताएका छन्- 'सबै वस्तुहरू चार पदार्थहरू- पृथ्वी, जल, अग्नि र वायुको मिलनबाट बनेका हुन्छन् । यसरी बनेका वस्तुहरू, जस्तै : पहाड, सागर आदि चार प्रकारका परमाणुहरूको विभिन्न प्रकारको संयोगको परिणाम नै हो । यी वस्तुहरू अन्ततः परमाणुहरूबाट उत्पन्न भएको मान्न सक्दछौं, जो यो ब्रम्हाण्डको विघटनपश्चात् पुनः परमाणुहरूको रूपमा विघटित हुन्छन् ।'

**कुनै चीज वाह्य कारणले होइन, त्यसभित्र अन्तरनिहित भित्री कारणले नै वस्तु गतिशिल हुने बताएर वैशेषिक दर्शनले महत्वपूर्ण धारणा स्थापित गर्न सक्षम भएको हामी दावी गर्न सक्दछौं ।**

यसरी स्पष्ट छ- ब्रम्हाण्डको पारमाणविक ढाँचाको सम्बन्धकमा पूर्वीय दर्शन, विशेष गरेर वैशेषिक दर्शनको महत्वपूर्ण भूमिका रहेको छ । यद्यपि युनानी दर्शनअन्तर्गतका डेमोक्रिट्सले ईशापूर्व पाँचौं शताब्दीको अवधिमा 'पदार्थको अन्तिम घटक परमाणु भएको' कुरा उल्लेख गरेका थिए । उनले परमाणुहरू एक-अर्कामा मिल्ने अथवा अलग हुने प्रक्रियाको फलस्वरूप नै परिवर्तन संभव हुने बताएका थिए । डेमोक्रिट्सभन्दा पनि अझ गहिराईमा पुग्दै कणाद ऋषिले के बताए भने परमाणुहरूमा एक-अर्कासित संयुक्त हुने गुण अन्तरनिहित हुन्छ । उनले त्यतिमात्रै नबताएर वस्तुहरूको गतिशीलता, सामान्य र विशिष्ट तथा कारण र प्रभावबीचको सम्बन्धलाई पनि स्पष्ट गरे । वैशेषिक दर्शनको गहिराईमा पुगेको यस प्रकारको मतको आधारमा नै होला, विलियम फ्लेमिंगले *डिक्सनरी अफ फिलसफि*मा भनेका छन्- 'पारमाणविक ढाँचाको सिद्धान्तको मूल स्रोत यूनान होइन, भारत हो ।' ❑

*क्रमशः*



*उत्पीडनविरोधी विविध मुद्दाहरुलाई लिएर विभिन्न राजनीतिक जुलुसहरुमा यसरी मधेशी मूलका नेपालीहरु निरन्तर सामेल हुँदै आएका छन्*

# नेपाली राजनीति र मधेश



गोपाल ठाकुर

भौगोलिक परिदृश्यमा नेपालको भूभागलाई तीन भागमा स्पष्ट रूपमा रेखाङ्कित गरिएको पाइन्छ : हिमाल, पहाड र मधेश । हिमालय पर्वत श्रृंखलाका हिमाच्छादित चुचुरासहित भिनो रूपमा मानवबस्ती सहितको भागको रूपमा हिमाल, महाभारत र चुरे पर्वत श्रृंखलाका केही हदसम्म मानवबस्ती सहितको रूपमा पहाड र प्राकृतिक रूपले मानव जीवनको लागि साधन सम्पन्न समतल मैदानी भागको रूपमा रहेको मधेशको चित्रलाई कुनै पनि नेपालीले बिर्सनु नपर्ने हो जस्तो मलाई लाग्दछ । अहिले नेपालको ४८ प्रतिशत जनता मधेशमा बस्छ । कुल जनसंख्यामा ३२ प्रतिशत अर्थात् एक तिहाइ हिस्सा वास्तविक मधिशे छन् । यो कुनै उपेक्षा गर्न मिल्ने संख्या होइन ।

**सुगौली सन्धिपछिका दिनहरुमा त मधेशलाई राज्यको हरेक सुविधाबाट बंचित गर्दै आफ्नो सुखसयलको क्रीडास्थलको रुपमा नेपाली शासकहरुले प्रयोग गरेको झन् स्पष्ट देखिन्छ**

## कति छन् मधेशीहरू ?

| | १९९१ मा | २००१ मा |
|---|---|---|
| ◆ कुल जनसंख्या | १.८५ करोड | २.३२ करोड |
| ◆ मधेशी जनसंख्या | ५९.३४ लाख | ७३.९२ लाख |
| ◆ कुल जनसंख्यामा मधेशी % | ३२.१ % | ३१.९ % |

*स्रोत : केन्द्रिय तथ्यांक विभाग*

शायद यसै भएर पनि होला पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तार अभियानको क्रममा पाखा-पर्वत मात्रैले नपुग्ने भएर तत्कालीन शासकहरूले पश्चिममा काँगडा, पूर्वमा टिस्टा र दक्षिणमा गङ्गासम्म आधुनिक नेपालको सिमाना पुऱ्याएका थिए । यो पनि स्मरण राख्नुपर्ने नै हुन्छ कि तत्कालीन नगर राज्यहरूको आपसी द्वन्द्व र हानथापको कारणले पूरै भारतीय उपमहाद्वीपलाई ख्वाप्पै निल्न लागेको अंग्रेजी साम्राज्यवादको विरूद्ध एउटा बलियो राज्यमा शामिल हुने जन-आकाँक्षाले पनि गोरखा राज्य विस्तार अभियानलाई सघाएको थियो । होइन भने पृथ्वीनारायण शाहले यो भनिरहनु पर्ने थिएन, 'यो मेरो साना दुःखले आर्ज्याको मुलुक होइन । सबैलाई चेतना भया ।'

तर पछिका दिनहरूमा पृथ्वीनारायण शाहकै उत्तराधिकारीहरूले किन गङ्गाको मैदानको ठूलो हिस्सा गुमाउनु पऱ्यो ? यसका साथै सन् १८१६ को सुगौली सन्धिमा नेपालमा रहने तराई क्षेत्रका बासिन्दाहरूसँग राज्यको तर्फबाट कुनै किसिमको भेदभाव गरिने छैन भन्ने जस्ता शर्त नै किन राख्नु पर्ने भयो ?

चुरेमुनिका समतल भाग जो कुनै बेला मध्यदेशको नामले चिनिन्थ्यो, त्यो पछि अपभ्रंश हुँदै मधेश भनेर चिनियो । निश्चय पनि त्यो भूभाग गोरखा राज्य विस्तारको क्रममा नेपालमा आएपश्चात त्यस क्षेत्रका जनता राज्यबाट उपेक्षित, अपहेलित र प्रताडित भएको हुनुपर्छ । त्यसैले गर्दा उनीहरूको निष्ठा तत्कालीन नेपालले प्राप्त गर्न नसक्नाले नेपालमा परेका मधेशी भूभागका बासिन्दाहरूको उकुसमुकुसलाई सुगौली सन्धिले संबोधन गरी नै हाल्नु पर्ने बाध्यता बेहोर्नु परेको होस् ।

समयको गतिलाई नियालेर हेर्दा इतिहासको त्यो कालखण्ड अन्धराष्ट्रवादको युगको रूपमा परिचित छ । त्यसबेला शासक विजेता हुन्थे । र जनतालाई विजित रैतीका रूपमा हेरिन्थ्यो र राज्यले बल प्रयोग गरी शासन गर्ने नीति अख्तियार गर्थ्यो । आम जनताको राज्यलाई कर तिर्नुबाहेक अन्य कुनै अधिकार थिएन । हालसम्म पनि गंगादेखि उत्तरका भारतीय भूभागका सीमावर्ती क्षेत्रमा ठाउँठाउँमा रहेका गोर्खाली दरबार र केही बस्तीहरूलाई तत्कालीन नेपाली शासककै बिर्तावाल, मुखिया, जिम्मावालको बसाइँको रूपमा लिन सकिन्छ ।

तर सुगौली सन्धिपछिका दिनहरुमा त मधेशलाई राज्यको हरेक सुविधाबाट बंचित गर्दै आफ्नो सुखसयलको क्रीडास्थलको रूपमा नेपाली शासकहरूले प्रयोग गरेको झन स्पष्ट देखिन्छ । इनाम, बक्सिस, शिकार, विर्ता, मौजा आदि सबै रूपले मधेशको भूभागलाई उपयोग गर्ने, मौसम वा ऋतुपरिवर्तनको आनन्द लिनका लागि त्यहाँ महलहरू खडा गर्ने, तर मधेशीहरूको कुनै किसिमको हितको लागि कहिले पनि नसोच्ने, यहाँसम्म कि मधेशीहरूले राजधानी पस्नु पऱ्यो भने राहदानी लिनुपर्ने व्यवस्था २००७ सालको परिवर्तन पछाडि २००९ सालमा मात्रै रोकिएको देखिन्छ । जहानियाँ राणा शासनकालमा त मालपोत उठाउनका लागि घरखेत लिलाम गरेर पनि नपुगेर जोताहालाई बाँसको घोडा चढाएर सूर्यतिर हेर्न लगाइन्थ्यो ।

त्यहाँसम्मको शासन शैलीलाई स्वेच्छाचारी सामन्ती प्रणाली भनेर सन्तोष गर्नु सकिएला किनभने त्यस बेलासम्म त जनताहरू नागरिक नभएर सम्पूर्ण नेपाली जनता नै निरीह रैतीको त्रासदीपूर्ण दासतामा जकडिएका थिए । फलस्वरूप २००७ सालको क्रान्ति र दिल्ली सम्झौतापछि राणाहरू तीन सरकारको बिल्ला त्याग्नुका साथै कानूनी रूपमा जनताको श्रेणीमा ओर्लन बाध्य भए ।

तर त्यसपछि गठन हुँदै गरेका सरकारको स्वरूप हेर्दा पनि मधेशीहरूले जुन किसिमले २००७ सालको क्रान्तिमा आफ्नो जीवन उत्सर्ग गरेका थिए, त्यही किसिमले राजनीतिक

## यसरी बढ्दैछ मधेशमा जनसंख्याको चाप

| जनगणना साल | मधेशमा रहने कुल जनसंख्याको% |
|---|---|
| सन् १९५२ मा | ३५.२ |
| सन् १९६१ मा | ३६.४ |
| सन् १९७१ मा | ३७.६ |
| सन् १९८१ मा | ४३.६ |
| सन् १९९१ मा | ४६.६ |
| सन् २००१ मा | ४८.४ |

*स्रोत : केन्द्रिय तथ्याङ्क विभाग*

मूलप्रवाहमा ठाउँ पाएनन् । अन्यथा प्रजातन्त्रको स्थापनाको उमङ्ग सेलाउँदा न सेलाउँदै कोशी सम्झौता गर्दा मधेशी भूमिको सिंचाई सुविधा लत्याइँदैनथ्यो होला । भद्रकाली मिश्रले 'तराई काँग्रेस'को गठन गर्नु पर्दैनथ्यो होला । रघुनाथ ठाकुरले दिल्लीमा समेत टाउकोमा दिउँसै लाल्टिन बाल्नु पर्दैनथ्यो होला । इतिहास हेर्न सकिन्छ, २००७ सालदेखि २०१७ सालसम्मको अवधिमा चाहे राजाबाट मनोनीत होस् वा जननिर्वाचित, कुनै पनि सरकारले मधेशीहरूलाई देशको राजनीतिक मूल प्रवाहमा ल्याउने कोशिस गरेको देखिँदैन । २००७ सालको क्रान्तिताका क्रान्तिकारीहरूको आधार इलाकाका रूपमा रहेको मधेशको हालतमा त्यसपछि पनि कुनै सुधार आएन ।

जननिर्वाचित सरकारका अनेक दोषहरू देखाउँदै २०१७ सालमा ल्याइएको पंचायतले त झन मधेशीहरूको भाषाभेषलाई पनि निमिट्यान्नै पाऱ्यो 'एउटै भाषा एउटै भेष' को नीति ल्याएर । पंचायती शासकहरूको मधेशी विरोधी निकृष्ट काम भूमिसुधार र पूर्व-पश्चिम राजमार्ग निर्माणका दौरानमा अप्नाएका नीति हुन् ।

२०२१ सालको भूमिसुधारले सबभन्दा पहिले पहाडका गाउँबस्तीलाई रैकर सम्पत्तिको रूपमा नापजाँच गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गरायो भने मधेशका कुनै पनि गाउँबस्तीलाई त्यसो नगरी सबैलाई ऐलानी जग्गाको रूपमा नापजाँच गऱ्यो जसले गर्दा घर हुँदाहुँदै पनि लाखौं मधेशीहरू लालपूर्जाको अभावमा आजसम्म आफ्नो नागरिक हकबाट पनि बञ्चित छन् । अहिलेसम्म पनि मधेशीहरूको एउटा प्रमुख समस्या नागरिकताको समस्या भइरहेछ । उनीहरू आफ्नै मुलुकमा नागरिकताको प्रमाण-पत्र पाउन सकिरहेका छैनन् । जग्गा खरीद बिक्री प्रक्रियालाई खुला राख्दै हदबन्दी लगाउने र पछि फिर्ता गर्ने झूटो बहानामा अनिवार्य बचत उठाउने जस्ता किसानमारा कृषि नीतिको साथै आँपघारी, चियाबगान, सुर्ती खेती, भीट आदिमा मोहियानी हक वा हदबन्दी लागू नहुने प्रावधान बनाई लाखौं मधेशीलाई आफैंले कमाई खाई आएको जग्गाबाट पनि बेदखल गर्ने काम तत्कालीन पंचायती भूमिसुधारले गरेको पाइन्छ । बरू सो गरेवापत केही मुट्ठीभर सामन्तहरूलाई यदाकदा मधेशी प्रतिनिधिको रूपमा उभ्याउने काम चाहिं पंचायतले गर्नेगरेको अवश्य देखिन्छ ।

पूर्व-पश्चिम राजमार्गको कुरा गर्ने हो भने आधुनिक नेपालको निर्माणसँगै तत्कालीन शासकहरूको मधेश स्थित महलहरूमा भएपनि गोरूगाडा र कहिलेकाहीं मोटर पनि पुऱ्याउने र त्यही बाटो भएर हुलाक संचालन गर्ने उद्देश्यले हुलाकी सडक पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै बीच मधेश हुँदै बनाइएको पाइन्छ । तर पंचायती शासकहरूले उक्त हुलाकी सडकलाई पूर्व-पश्चिम राजमार्गको रूटको रूपमा स्वीकार नगरी चुरेको फेद र चारकोशे झाडीको नामले प्रसिद्ध नेपालको वनलाई स्वेच्छाचारी ढंगले फडानी गरी मानव बसोबास नै नरहेको ठाउँमा पूर्वपश्चिम राजमार्ग बनाए, जसको पहिलो उद्देश्य स्वदेशी-विदेशी हरेक खाले गैरमधेशीहरूको बसाइँ मधेशमा सारी मधेशीहरूलाई आफ्नै भूमिमा अल्पमतमा पार्नु थियो भने दोस्रो चाहिं वैध-अवैध जुन रूपमा भए पनि देशको सबैभन्दा सशक्त प्राकृतिक श्रोतको रूपमा रहेको वनसम्पदालाई निमट्यान्न पारी आफ्नो ढुकुटी भर्नु थियो । फलस्वरूप भित्री मधेशमा आदिकालदेखि बसोबास गर्दै आएका थारूहरू या त बसाइँ हिंडे या त गोर्खाली हुकुमवासीदेखि सुकुमवासीसम्मका कमैया भएर बस्नका लागि बाध्य भए ।

**अहिलेसम्म पनि मधेशीहरूको एउटा प्रमुख समस्या नागरिकताको समस्या भइरहेछ । उनीहरू आफ्नै मुलुकमा नागरिकताको प्रमाण-पत्र पाउन सकिरहेका छैनन् ।**

मधेशमा सन् १९७१ यता एक्कासी ह्वात्तै बढेको र बढ्दै गएको जनसंख्याको चापलाई नियाल्ने हो भने यो कुरा स्पष्ट हुन्छ । मधेशमा सन् १९६१ मा ३६.४ प्रतिशत जनसंख्याले बसोबास गर्ने गरेकोमा १९७१ को जनगणनामुताविक मधेशमा कुल जनसंख्याको ३७.६ प्रतिशत हिस्साले बसोबास गर्थे । तर सन् १९८१ मा यो एक्कासी बढेर ४३.६ प्रतिशत पुगेको देखिन्छ । सन् १९९१ मा मधेशमा कुल जनसंख्याको ४६.६ प्रतिशत रहने गरेकोमा सन् २००१ मा यो अझै बढेर ४८.४ प्रतिशत पुगेको छ । अर्थात् झण्डै आधा जनसंख्या मधेशमा बस्दछ । तर मधेशमा बस्ने जनसंख्या यरी आक्कासिए पनि वास्तविक मधेशीहरूको जनसंख्या चाहिं १९९१ र २००१ मा पनि ३२ प्रतिशत भन्दा माथि पुगेको देखिँदैन । यसले के स्पष्ट पार्दछ भने १९७१ यता मधेशमा ह्वात्तै गैरमधेशी जनसंख्या बढ्नुको मुख्य कारण पूर्व पश्चिम राजमार्गको निर्माण नै हो ।

फेरि पनि २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनाका लागि भएको ऐतिहासिक संयुक्त जन-आन्दोलनले देशमा बहुदलीय प्रजातान्त्रिक संविधानका साथै संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्थाको सुत्रपात गऱ्यो । निश्चय पनि त्यसबेला देशका सबै जनताले झैं मधेशीहरूले पनि आफ्ना समस्याहरूबाट केही हदसम्म भए पनि त्राण पाइन्छ कि भन्ने सोच्नु स्वाभाविकै थियो । दिन, महिना, वर्ष बित्दै गयो, तर मधेशीहरूले त्यसको विपरीत निष्कर्ष





भोग्नु बाहेक केही पनि पाएनन् । हुन त हाम्रा राजनेताहरूले विगत १३ वर्षको अवधिमा कुनै पनि क्षेत्रमा उल्लेखनीय सफलता पाएका छैनन्, तर सीमित रूपमा भए पनि राज्यले सिर्जित गरेका अवसरहरूबाट मधेशीहरू निश्चित रूपमै विगतभन्दा पनि बढी बञ्चित भएका छन् । २०४६ साल यताका निजामती, कानूनी, प्रहरी सेवाका लागि र राजनीतिक पदहरूमा समेत हुनेगरेका नियुक्तहरूको तथ्यांक हेर्दा मधेश विरोधी खसगोर्खाली मानसिकता स्पष्ट हुन आउँछ ।

यसमा आफूलाई प्रजातान्त्रिक शक्तिको रूपमा मान्ने दलहरूले कामले त होइन तर कुराले भए पनि अलिकति उदार देखाउन कोशिस गरे पनि आफूलाई प्रगतिशील, सर्वहारावादी, किसानमजदूरको हिमायती जे जे नाम दिए पनि संसदमा पुगेका र यदाकदा सत्ता साझेदारीमा समेत भाग लिएका साम्यवादी दलहरूले सामन्ती र साम्राज्यवादी शोषणबाट मुक्तिको नारा दिए पनि वर्गसंघर्ष र जातीय मुक्ति आन्दोलनको रूपमा रहेका मार्क्सवादका दुवै मूलभूत बुँदाहरूलाई तिलांजलि नै दिएको पाइयो । विधानतः अलग अलग अस्तित्व र पहिचानसहित एक ठाउँमा जम्मा भएका राज्यहरूको संघ तर व्यवहारमा रूसी हैकमबादको द्वैध चरित्र धेरै हदसम्म सोभियत संघको पतनको लागि जिम्मेवार रहेको इतिहासतिर हेर्ने फुर्सदै कहाँ छ र अहिलेसम्म वहाँहरूलाई ?

यसरी दुई दुई चोटी प्रजातन्त्र आइसक्दा पनि देशको सबै धर्म, जाति, जनजाति र खास गरी मधेशी समुदायले न्यायसंगत तरिकाले देशको राजनीतिक मूल प्रवाहमा नआउनुको कारण आफूलाई राष्ट्रिय मूलप्रवाह मान्ने कुनै पनि राजनीतिक संगठनले त्यस दिशामा प्रयास नगरेको कारणले ती संगठनमा देशको जनसंख्याको सामानुपातिक प्रतिनिधित्व हुन नसक्नु नै हो । यसको पुष्टिका लागि म हाल केही दलहरूको केन्द्रीय नेतृत्वदायी निकायमा मधेशीहरूको प्रतिनिधित्वको तथ्याङ्क प्रस्तुत गर्न चाहन्छु : *(हेर्नुहोस् बक्स)*

एउटा अर्को घतलाग्दो कुरो के छ भने जनसंख्याको आधारमा जनप्रतिनिधिको समानुपातिक चयनको विश्वव्यापी दृष्टिकोणलाई लत्याएर पनि प्रजातन्त्र हाँक्ने नेताहरूले कुल जनसंख्याको ४८ प्रतिशत हिस्सा ओगट्ने मधेशमा प्रतिनिधि सभा निर्वाचन क्षेत्रको ४० प्रतिशत (२०५ मा ८३) मात्रै छुट्याएका छन् भने



**एकात्मकको ठाउँमा संघात्मक सरकार प्रणाली अंगीकार गरी पूर्णरुपले जनतामा सार्वभौमसत्ता निहित भएको संवैधानिक व्यवस्थालाई न्यूनतम शर्तको रुपमा अघि सारी समस्याको निकास खोजिनुपर्छ । त्यसबाट मात्रै मधेशी समुदायले आफूमाथि भएको विभेद खत्तम पार्न सक्लान् कि ?**

त्यसमा पनि मधेशीको सहभागिता विघटित प्रतिनिधिसभामा १९.५ प्रतिशत (२०५ मा ४०) मा मात्रै सीमित रहेको तथ्य स्पष्ट छ । जबकि लाखौं मधेशीहरू हालसम्म नागरिकताबाट नै बंचित रहेको कारणले तथ्यांक विभागको तथ्यांक पनि मिथ्यांक मात्रै छ । उपरोक्त तथ्यले के देखाउँछ भने मधेशका लागि नेपालको राष्ट्रिय एकीकरण वास्तविक राष्ट्रिय एकीकरण नभएर खस-गार्खाली आन्तरिक औपनिवेशिकरण गर्ने प्रक्रिया हालसम्म यथावत छ ।

उपरोक्त परिस्थितिका लागि ती संगठनको नेतृत्व हिजोका अन्धराष्ट्रवादी चिन्तनका खस गोर्खाली विर्तवाल, मुखिया, जिम्मावाल, हुकुमवासी, पण्डापूजारीहरूको हातमा रहीरहने परिस्थिति नै मुख्य रूपमा जिम्मेवार छ । अन्यथा स्थानीय तहमा आ-आफ्ना भाषा, संस्कृति, पुरातात्विक सम्पदाहरूको संरक्षण, संवर्द्धन र उपयोग गर्न पाउने स्पष्ट कानूनी प्रावधान हुँदाहुँदै केवल एउटा खसभाषीको रिटको आधारमा सम्मानित सर्वोच्च अदालतले स्थानीय तहमा शुरू भएको मैथिली र नेवारी भाषाको प्रयोगलाई गैरकानूनी घोषित गरिरहनु पर्ने स्थिति रहँदैनथ्यो । आजको एक्काइसौं शताब्दीमा पनि राज्यले आफ्नै सिमानाभित्रका भाषाहरूको आफ्नै सीमाभित्र हुने प्रयोगबाट त्रसित हुनुपर्ने अवस्था दुर्भाग्य सिवाय अरू केही पनि हुन सक्दैन ।

## दलहरूको केन्द्रीय नेतृत्वमा मधेशीहरूको प्रतिनिधित्व

| दलको नाम | केन्द्रीय नेतृत्व | कुल सदस्य संख्या | मधेशी सहभागिता |  |
|---|---|---|---|---|
|  |  |  | सख्या | प्रतिशत |
| नेपाली कांग्रेस | केन्द्रीय कार्य समिति | २९ | ३ | १३.४ |
| नेपाली कांग्रेस (प्रजातान्त्रिक) | केन्द्रीय कार्य समिति | २५ | ५ | २० |
| नेकपा एमाले | केन्द्रीय कमिटी | ४९ | २ | ४.८ |
| जनमोर्चा नेपाल | केन्द्रीय कमिटी | ४६ | ४ | ८.६ |

पंचायतले गरेको राजनीतिक/प्रशासनिक इकाई आजसम्म कायम रहनु पनि हाम्रा राजनेताहरूको मानसिक दरिद्रताको परिचायक हो । उदाहरणको लागि सोलुखुम्बुमा कुनै महामारी फैलियो भने राजविराजमा हुने सगरमाथा अंचल अस्पतालले कति समयमा के गर्ने ? त्यसैगरी त्यस अंचलको साझा सांस्कृतिक पहिचानको कुरा आयो भने मैथिल सभ्यतालाई मान्ने कि शेर्पा सभ्यतालाई ? अथवा अरू नै कुनैलाई ?

यस्ता कैयौं सवालहरू छन्, जसको उत्तर यो सानो लेखमा प्रस्तुत गर्न असम्भव छ । तर यति भन्न अवश्य सकिन्छ कि वर्गीय शोषण उत्पीडनका साथसाथै क्षेत्र, जाति, जनजाति, धर्म, भाषा, संस्कृतिका प्रति राज्य उदासिन रहेको कारण नै त प्रमुख हो जसले मुलुकलाई आजको द्वन्द्वमा फसाएको छ । तर पनि कुनै पनि पक्षले समस्याको यस मूलभूत कारणलाई निष्पक्ष रूपले संबोधन गर्न अझ पनि चाहेको जस्तो देखिँदैन । भूमिगत प्रकृतिको संगठन भएर हुनसक्छ, सबै कुरा सार्वजनिक नहोस्, तर बद्री मण्डल उपप्रधानमन्त्री भएको बेला आत्मनिर्णयको अधिकार सहितको जातीय स्वशासनको अवधारणासहित माओवादीको तर्फबाट मातृका यादवलाई वार्ताकारको रूपमा प्रस्तुत गरेको, तर बद्री मण्डलको बर्खास्तगीसँगै मातृका यादव पनि हराएको घटनालाई पनि मधेशी समुदायले बिर्सन सक्दैन ।

यहाँ एउटा प्रश्न आउन सक्छ, मधेशीहरू यी सबै स्थितिलाई किन सहेर बसेका छन् ? उत्तर स्पष्ट छ, मधेशकै भरमा नेपाल कृषि प्रधान देश रहेको छ । हिजोसम्म आफ्नो वा बटैया खेतमा वा खेतीहर मजदूरको रूपमा कम्तीमा मधेशीहरूसँग आफ्नो पेट पाल्ने श्रोत थियो । मधेशमा धान-चामल निर्यात कम्पनीहरू थिए । अन्य कृषि उत्पादन तथा नगदे बाली निर्यात हुन्थ्यो । फलस्वरूप मधेशले वैकल्पिक रोजगारीमा त्यति ध्यान दिँदैनथ्यो । तर आज हामी धान-चामल समेत पनि आयात गर्ने अवस्थामा आइसकेका छौं । भोकमरी बढ्दै गएको छ । आजको अवस्था हिजो जस्तो त बिल्कुलै छैन ।

त्यसैले यस देशलाई हाम्रा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहकै शब्दमा साँच्चै 'चार जात छत्तीस वर्णको फूलबारी' बनाउने हो भने प्रक्रिया कुन अपनाउने हो त्यो परिस्थितिको उपजको रूपमा आउला : संविधान सभा, संविधानको पुनर्लेखन वा संविधान संशोधन वा अरू पनि, यस देशको बहुधार्मिक, बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक बनावटमा अनेकतामा एकताको मिलनविन्दुको रूपमा एकात्मक सरकार प्रणालीको ठाउँमा संघात्मक सरकार प्रणाली अंगीकार गरी पूर्णरूपले जनतामा सार्वभौमसत्ता निहित भएको संवैधानिक व्यवस्थालाई न्यूनतम शर्तको रूपमा अघि सारी समस्याको निकास खोजिनु पर्छ । त्यसबाट मात्रै मधेशी समुदायले आफूमाथि भएको विभेद खत्तम पार्न सक्लान् कि ?

*लेखक : मधेश जागरण अभियानका केन्द्रिय सदस्य हुनुहुन्छ*



गोत्र समुदायका मानिस

# पुर्ख्यौली संस्कृतिको नमूना


# गोत्र र गणचिन्ह

**"छोरीलाई अंश दिनु पर्छ" भन्नेहरुले वंशावली बनाए पनि त्यहाँ छोरीमान्छेको वा नारी जातिको कुनै उल्लेख नै हुँदैन। आजको पुर्खा खोजाइ पुरुष-पुर्खा खोजाइ नै हो ।**

समाज विकासको इतिहासमा गोत्र-व्यवस्था र यसबाट निसृत भएको संस्कृतिको अहं महत्व छ । गोत्र-व्यवस्था लामो ऐतिहासिक कालखण्डसम्म रहेकाले यसको प्रभाव-अवशेष आजपर्यन्त रहेको पाइन्छ ।

गोत्र र गणचिन्ह आदिम मानवको सांस्कृतिक अभिव्यक्ति हो । राज्यको उदय हुनुअघि सामाजिक एकाइको रूपमा गोत्र प्रकट भएको पाइन्छ भने गोत्रहरूका आ-आफ्ना पहिचान चिन्हलाई गणचिन्ह भनिएको पाइन्छ । गणचिन्हलाई कतिपय विद्वानहरूले 'पूर्वजाभाष' शब्दले पुकारेका छन् भने कतिले त गोत्रचिन्ह पनि भनेका छन् । यसको अङ्ग्रेजी शब्द Totem वा Totemic-sign रहेको छ । कतिले त यसलाई टोटेमवाद (Totemism) पनि भनेका छन् । जे होस् यो आदिम मानवका प्राकृतिक-भौतिकवादी सोचको उपज थियो । राज्य, परिवार र निजी सम्पत्तिको अस्तित्व नरहेको त्यस ऐतिहासिक कालमा गोत्र-व्यवस्था वा टोटेमवाद नै एकमात्र सामाजिक व्यवस्था थियो । यो त्यस कालका निम्ति ऐतिहासिक आवश्यकताको कुरो थियो । दास युग सुरू हुनअघिको यो सामाजिक व्यवस्था लामो ऐतिहासिक कालखण्डसम्म चल्यो । त्यसो भएकाले यसको महत्व र प्रभाव-अवशेष आज पनि विभिन्न रूप-प्रसङ्गमा देख्न सुन्न पाइन्छ ।

२०४६ सालपछि नेपालमा पुनः पूर्वजलाई सम्झिने, आ-आफ्ना जातभाइ, वंश, गोत्र, कुल थरको पहिचान खोज्ने क्रम देखापरेको छ । आज केही जात जातिहरू वंशावली खोज्न लागेका छन् भने केही जनजातिहरू आफ्नो जातीय पहिचान खोज्न लागेका देखिन्छन् । नेपाली राज्यसत्ताको संरचनाका कारणले यहाँ केही जात-जाति सांस्कृतिक थियोमिचोमा पनि निश्चय नै परेका छन् । त्यसो भएकाले तिनले आ-आफ्ना जात जातिका सांस्कृतिक पहिचान खोज्नु स्वभाविकै हो । तर यस खोजाइको परिवेश र विचारधारात्मक भावभूमि खोतल्दा भने यसमा राष्ट्र वा राष्ट्रियताका गहन भावहरू कम, त्यस बाहेकका जातीय प्रवृतिहरू नै बढी पाइएका छन् । यस्तो जातीयतावादी सोचले हामीलाई 'नेपाली' हुनबाट रोक्दछ तर यस खालको प्रवृत्ति व्यापक रूपमा उठिरहेको देखिन्छ । यो प्रवृति अरू केही नभएर प्राचीन गोत्र-व्यवस्थाकै खोजीको नयाँ संस्करण हो । किनभने आज पनि हिजोको जस्तै सगोत्रीय पहिचान खोज्ने, आफ्ना थर, गोत्र र जातिका प्रवर, पदचिन्ह र लोगो खोज्ने प्रवृत्ति बढिरहेको पाइन्छ । यो पनि आदिम गणचिन्हकै खोजीको आधुनिक संस्करण हो ।




गोत्र समुदायको मानिस

जहाँसम्म गोत्रको प्रश्न छ, यसलाई अङ्ग्रेजीमा Clan भनिन्छ । यसका पर्यायवाची शब्दहरू वंश, कुल, पुर्ख्यौली, जाति वर्ग, सन्तान आदि लगाएको पाइन्छ । (हेर्नुहोस् वृहद नेपाली शब्दकोश- पृ. २५४) यसलाई वंश प्रवर्तक ऋषि मुनिहरूका नामबाट चलिआएको पुर्ख्यौली चिनाउने उपनाम पनि भनिन्छ । यस्ता गोत्र प्रवर्तक ऋषिहरूमा वशिष्ठ, भारद्वाज, आत्रि, आत्रेय, विश्वामित्र, गर्ग, वत्स्य, कोडिन्य आदि रहेका छन् । यिनलाई वंशका आदि पुरूष पनि भनिन्छ ।

गोत्र रक्त सम्बन्धमा आधारित आदिम मानव समुदायको सामाजिक वा सामुदायिक व्यवस्था हो । यसबाट वंशको पवित्रता, वैवाहिक सम्बन्ध र सन्तानोत्पत्तिको नियम निरूपण, भूमिमाथिको सामुदायिक स्वामित्व आदि कुराहरूको व्यवस्थापन हुन पुगेको देखिन्छ । यसका साथै धार्मिक अनुष्ठानहरू र आर्थिक सम्बन्धको निर्धारण पनि भएको पाइन्छ ।

गोत्रको चर्चा गर्दा कुलको कुरा पनि झिक्नै पर्छ । किनभने अहिले पनि कुल वा कुलाइन पूजा गर्ने र वैवाहिक सम्बन्धमा 'कुल-घरान' हेर्ने भन्ने गरिएको पाइन्छ । पिता पुर्खादेखि एउटै थर, गोत्र-सम्बन्ध आदि भएको घराना वा वंशलाई, जातिवन्धुहरूको समूहलाई वा खानदानलाई 'गोत्र' भन्ने गरिन्छ । जानिफकारहरूले यसको व्याख्या यसरी गरेका छन्- "Totemism is thus interpreted as the mystique of the family projected and extended into larger social forms"[१] यसैगरी फ्रेडरिक ऐगेल्स भन्नुहुन्छ- "कुनै गोत्रको सदस्यलाई त्यही गोत्रभित्र बिवाह गर्ने अनुमति थिएन । यो गोत्रको आधारभूत नियम थियो । यो त्यो बन्धन थियो, जसले गोत्रलाई एकसाथ बाँधिराख्थ्यो । नकारात्मक रूपमा वास्तवमा त्यो अत्यन्त सकारात्मक रक्त सम्बन्ध प्रकट भएको थियो, जसको कारण यी जनसमुदायमा एकत्रित व्यक्ति एउटा गोत्रका रूपमा संगठित थिए ।"[२] यी उद्धरणहरूबाट के बुझिन्छ भने गोत्र सामाजिक रूपमा फैलिएको र व्यक्ति विशेषहरू समुदायमा एकत्रित रहेको ऐतिहासिक सामाजिक व्यवस्था थियो ।

नृवंशशास्त्री मौर्गनका खोजीहरूको अध्ययन



*गोत्र समुदायको मानिसले आफू बस्न लट्ठी, हड्डी र सिङले बनाएको गुफा*

**त्यतिखेर त प्रायः गोत्र प्रवर्तकहरु वा गोत्रका प्रमुख मानिस नै नारी हुन्थिन् । उनी गोत्रका सम्पूर्ण सदस्यहरुद्वारा चुनिन्थिन् ।**

गर्ने क्रममा मार्क्सवादी प्रणेता ऐंगेल्सले विश्व स्तरमा पाइएका आदिम गोत्रहरूको व्यापक चर्चा गर्नु भएको छ । उहाँका अनुसार इरोक्वाई गोत्र, यूनानी गोत्र, एथेनी गोत्र, केल्ट र जर्मन गोत्र, र पूर्वका भारतीय कविहरूका गोत्रहरूको चर्चा पाइन्छ ।[३] तर यी सबै गोत्रहरू–मातृसत्तात्मक युगका हुन् । नेपालमा आज पाइने विभिन्न थर गोत्रहरू अर्थात् शिखरनाथ सुवेदीले आफ्नो पुस्तक 'थरगोत्र प्रवरावली' मा उल्लेख गरेजस्ता गोत्रहरू भने होइनन् । किनभने शिखरनाथ प्रभृतिले चर्चा गरेका गोत्रहरू पितृसत्तात्मक गोत्रहरू हुन्, तर एंगेल्सको गोत्रको चर्चा भने मातृसत्तात्मक समाजको हो ।

यसरी नै नेपालमा हाल जुन वंशावली खोज्ने, जातीय संगठन गर्ने, गुठी निर्माण गर्ने प्रचलन आएको छ, यो पनि पितृसत्तात्मक सोचबाट नै निर्देशित छ । किनभने आज नेपालमा जति पनि वंशावली बनेका छन्, त्यहाँ छोरी मान्छेको कुनै उल्लेख नै पाइँदैन । 'छोरीलाई अंश दिनु पर्छ' भन्नेहरूले वंशावली बनाए पनि त्यहाँ छोरीमान्छेको वा नारी जातिको कुनै उल्लेख नै हुँदैन । आजको पुर्खा खोजाइ पुरूष-पुर्खा खोजाइ नै हो । जुन पुरूषलाई नारीले आफ्नो योनीबाट जन्माई, त्यही पुरूष नारीको अस्तित्व बारे केही पनि सोच्दैन । सम्पत्तिमाथि त उसको एकलौटी अधिकार छँदैछ, सन्तानमाथि पनि उसको (पितृसत्ताको) एकलौटी अधिकार देखिन्छ, त्यो पनि छोरा मान्छेको पक्षमा र छोरी मान्छेको विपक्षमा । नारीको कुलबाट, नारीको थर वा गोत्रबाट वंश चल्दैन, आजको गोत्रको विशेषता यही हो । नारीलाई आर्थिक अधिकार हुन्न, आजको जातीय पहिचानको मुख्य चरित्र यही हो ।

तर एंगेल्सले चर्चा गर्नुभएको मातृसत्तात्मक गोत्र ठीक उल्टो छ । इरोक्वाई गोत्रको चर्चा गर्दै एंगेल्सले आदिम गोत्रका विशेषताहरू निम्नानुसार राख्नु भएको छ– गोत्रहरू, पशु-पंक्षी, वनस्पति आदिका नामबाट राखिन्थ्यो । विभिन्न नामका ती जीवजन्तु र वनस्पतिहरूलाई नै आफ्नो वंशको आदि पुर्खा मानिन्थ्यो । भूमिमाथि गोत्रको सामुदायिक स्वामित्व हुन्थ्यो । निजी स्वामित्वको अस्तित्व थिएन । प्रायः गोत्रभित्र विवाहको इजाजत थिएन । गोत्रबाहिर विवाह गर्नुपर्दथ्यो । वंश आमाको गोत्रबाट चल्दथ्यो । छोरीहरू आमाका उत्तराधिकारी हुन्थे । समुदायका साझा वस्तु आमाहरूलाई बाँडिएमा र त्यो सन्तानलाई दिनु परेमा त्यो केवल छोरीहरूले मात्र पाउँथे । छोराहरूलाई त अर्कै समुदायका स्वास्नी मानिसले विवाह गरेर लैजान्थे । अहिले यो कुरा सुन्दा अनौठो लाग्छ । तर त्यस युगको विशेषता नै त्यही थियो । त्यतिखेर त प्रायः गोत्र प्रवर्तकहरू वा गोत्रका प्रमुख मानिस नै नारी हुन्थिन् । उनी गोत्रका सम्पूर्ण सदस्यहरूद्वारा चुनिन्थिन् । त्यतिखेर अहिले जस्तो प्रमुखले मनोमानी गर्न पाउँदैनथे । सबै कुराको निर्णय समुदायमा वा त्यसको परिषद्मा हुन्थ्यो ।[४] अर्कै वंशका मानिसलाई पनि स्वयं उसले चाहेमा गोत्रको सदस्यता प्रदान गरिन्थ्यो । भन्नाले गणतन्त्रात्मक व्यवस्था थियो । समुदायकी अग्रणी नारी थिइन्, तर उनी आजको पितृसत्तात्मक समाजका अग्रज पुरूषजस्तो निरङ्कुन थिइनन् । संगठन-संरचना, विचारधारा व्यवहार र भावना सबै हिसाबले त्यो युग अत्यन्त भिन्न चरित्रको थियो । अझै यतिमात्र कहाँ हो र, गोत्रले आफ्ना समस्त सदस्यलाई सुरक्षा प्रदान गर्दथ्यो । कुनै भिन्न गोत्रका मानिसले आफ्नो गोत्रका कुनै सदस्यलाई होच्याएमा, कुटपिट गरेमा वा ज्यान लिएमा तत्काल खूनको बदला खून हुन्थ्यो । सबैले सबैलाई हार्दिकतापूर्वक सघाउने, माया गर्ने, रक्षा गर्ने गर्दथे । त्यहाँ म मेरोको अस्तित्व नभएकाले 'हामी' र 'हाम्रो'को भावनाले गर्दा गोष्ठीको एकता वा त्यस वंशको एकता सुदृढ हुन्थ्यो । सामुदायिक भावना यति बलियो थियो कि यसलाई बलप्रयोग गरेर भत्काउन 'इन्द्रको बाबु चन्द्र' आए पनि सक्तैनथे । मुढे बलले यो भत्काउन संभव थिएन । यसलाई अन्तिमकालमा निजी सम्पत्तिको मानसिकताले भत्कायो । 'म' र 'मेरो' को भावनाले मात्र यसलाई भत्काउन सफलता पायो । ***क्रमश :***

*सन्दर्भ सामाग्री*


१. ENCYCOPAEDIA BRITANNICA- Volume-22, LONDON: Willam Berten, 1971 Page–104.

२. फ्रेडरिक एंगेल्स, परिवार, निजी सम्पत्ति और राज्यसत्ता की उत्पत्ति, मास्को: पीपुल्स पब्लिसिङ हाउस (प्रा.) १९८३, पृ. १०४ ।

३. फ्रेडरिक एंगेल्स, परिवार, निजी सम्पत्ति और राज्यसत्ता की उत्पत्ति, मास्को: पीपुल्स पब्लिसिङ हाउस (प्रा.) १९८३, पृ. १०५

४. के. दामोदरण, भारतीय चिन्तन परम्परा, नई दिल्ली : पीपुल्स पब्लिसिङ हाउस (प्रा.) लि. तेस्रो संस्करण, १९९२, पृ.–२७ ।


## सन् २००१ को जनगणना मुताविक नेपालको जनसंख्याको स्थिति

- नेपालमा सन् २००१ को जनगणना मुताविक १४.० प्रतिशत मानिसहरु शहरी क्षेत्रमा बसोबास गर्छन् । ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरु चाहिँ ८६.० प्रतिशत छन् ।
- नेपालको तराई क्षेत्रमा ४८ प्रतिशत नागरिकहरु बस्छन् भने पहाडी क्षेत्रमा ४४ प्रतिशत र पर्वतीय क्षेत्रमा ७ प्रतिशत मानिसहरु ।
- २००१ को जनगणनाअनुसार कुल जनसंख्याको ०.५१ प्रतिशत मानिसहरुमात्र गैर-नेपालीहरु छन् । नेपालमा बसोबास गर्ने गैर-नेपालीहरुको संख्या १ लाख १६ हजार ५७१ छ । त्यसमध्ये ८८ प्रतिशत मानिसहरु भारतीय छन् । ३ प्रतिशत मानिसहरु भूटानी छन्, २ प्रतिशत पाकिस्तानी छन् र १ प्रतिशत चिनियाँहरु । अन्य एशियाली मुलुकका मानिसहरु ३ प्रतिशत छन् भने ०.६ प्रतिशत यूरोपेली छन्, ०.५ प्रतिशत अमेरिकीहरु र ०.३ प्रतिशत दक्षिण अमेरिकीहरु ।
- नेपालमा पक्की घर हुनेहरु ३७ प्रतिशत छन् । अर्द्ध पक्की घर हुनेहरु २९ प्रतिशत छन् भने कच्ची घर हुनेहरु ३३ प्रतिशत छन् ।
- नेपालमा कृषियोग्य भूमि हुनेहरु ७६ प्रतिशत छन् भने नहुनेहरु २४ प्रतिशत छन् ।
- नेपालमा आफ्नो घरमा पशुपंक्षी पाल्ने र हुनेहरु ७१.५ प्रतिशत छन् भने नपाल्ने र नहुनेहरु २८.५ प्रतिशत छन् ।
- नेपालमा स्कूलको मुख कहिल्यै नदेखेकाहरु ९ प्रतिशत छन् । प्राथमिक तह उत्तीर्ण गर्नेहरु ४२ प्रतिशत छन् । निम्नमाध्यामिक तह पास गर्नेहरु १९ प्रतिशत छन् । एस.एल.सी. वा सो सरह उत्तीर्ण गर्नेहरु ९ प्रतिशत छन् । प्रमाणपत्र तह वा सो सरह पास गर्नेहरु ५ प्रतिशत छन् । स्नातक तह पास गर्ने हरु ३ प्रतिशत छन् भने स्नाकोत्तर तह उत्तीर्ण गर्नेहरु १ प्रतिशत छन् । नेपालमा साक्षर जनसंख्या ५४ प्रतिशत छ ।
- नेपालमा आफ्नो घरमा रेडियो हुनेहरु ५३ प्रतिशत छन् भने टेलिभिजन हुनेहरु २४ प्रतिशत छन् ।
- नेपालमा दाउरा बालेर खाना पकाउनेहरु ६६ प्रतिशत छन्, मट्टीतेल प्रयोग गरेर खाना पकाउनेहरु १४ प्रतिशत छन्, एल.पी. ग्याँसको प्रयोग गरेर खाना पकाउनेहरु ८ प्रतिशत छन्, बायो ग्यास प्रयोग गरेर भोजन बनाउनेहरु २ प्रतिशत छन् । गोवर गुइँठा प्रयोग गरेर खाना पकाउनेहरु १० प्रतिशत छन् । ❑



# आजको 'विशाल नेपाल' पृथ्वी नारायण शाहले गरेको राज्य-विस्तार पछि मात्र आएको होइन

प्रा माणिकलाल श्रेष्ठ

**वि.सं. १८२५** मा पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गरेपछि नेपालको एकीकरणको प्रक्रिया शुरू भयो र, त्यसपछि पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूको प्रयासले मात्र विशाल नेपालको सृजना भयो भन्ने भ्रम हामीमध्ये धेरैमा अहिलेसम्म रहीआएको छ । यसलाई मान्ने हो भने त वि.सं. १८२५ भन्दा पहिले नेपाल भन्ने नै थिएन अथवा विशाल नेपाल थिएन, नेपाल भनेकै नेपाल खाल्डोमात्र थियो र नेपाल अधिराज्यको इतिहास वि.सं. १८२५ देखि २०६० सम्म २३५ वर्षको मात्रको रहेको छ भन्ने हुन्छ ।

खास गरेर यो भ्रम यूरोपका इतिहासकारहरूले फैलाएका हुन् । किनभने पृथ्वीनारायण शाहले गोरखा राज्य विस्तार गर्न थालेपछि मात्र यूरोपेलीहरूले नेपालप्रति चासो राखेका थिए । त्यसले गर्दा पथ्वीनारायण शाह आउनुभन्दा अगाडि नेपाल एउटा सानो उपत्यकामा सीमित थियो र उनले नै विशाल नेपालको निर्माण गरेका हुन् भन्ने धारणा यूरोपेलीहरूमा बन्यो । त्यसैको आधारमा उनीहरूले नेपालको इतिहास लेखे । त्यसको प्रभाव नेपालका इतिहासकारहरूमा पनि पऱ्यो । यतिसम्म कि प्रगतिशील विचारधाराका लेखकहरूमा पनि यो भ्रम रहेको छ । एकजना प्रगतिशील विद्वान लेखक आनन्ददेव भट्टले समेत 'वि.सं. १८२५ सम्म नेपाल एकदम सानो र सीमित थियो, नेपाल अधिराज्य भन्ने नै थिएन । पृथ्वीनारायण शाहको कारणले नेपाल अधिराज्य बन्यो' भनेर भन्नुभएको छ ।

तर यो कुरा सत्य होइन । नेपाल अधिराज्यको इतिहास प्राचीनकालदेखि नै छ । र, यो किराँतकाल, लिच्छवीकाल र मल्लकालको प्रारम्भिक अवधिसम्म थियो । एकजना विद्वान इतिहासकार धनबज्र बज्राचार्यले के लेख्नुभएको छ भने 'दोलखा, मूलकोट, गोरखामा लिच्छवी राजाहरूका अभिलेखहरू, बागलुङमा मानदेवको सिक्का, जुम्लाको गुफामा लिच्छवी राजाहरूको लिपी र उनीहरूको संकेत अंकबाट कुँदिएका चैत्यहरू पाइएका छन् । यसबाट लिच्छवीकालमा पनि नेपाल विशाल राज्य थियो भन्ने अनुमान गर्न सकिन्छ ।'

यो अनुमानको कुरा छाडौं र इतिहासतिरै लागौं । चिनियाँ बौद्धभिक्षु हु-एन-साङ्ले सन् ६३१ देखि ६३७ सम्म भारतको भ्रमण गरेका थिए । त्यो भ्रमणको विवरण सन् ६४१ मा चीनका सम्राटलाई बुझाएका थिए । त्यस विवरणको एक ठाउँमा 'भारतको उत्तरमा नेपाल भन्ने एउटा राज्य छ । त्यसको घेरा तीन हजार ली छ' भनेर उल्लेख गरिएको छ । तीन हजार ली भनेको नेपाली नाप १४ सय माइल हो । अहिले पनि नेपालको घेरा १४ सय माइल नै छ ।

त्यस्तै गरेर हु-एन-साङ्भन्दा करिब १०० वर्ष पहिले नेपालका लिच्छवी राजा वृषदेवको समयमा भारतमा समुद्रगुप्तको शासन थियो । उनले सम्पूर्ण उत्तर भारतमा साम्राज्य फैलाएका थिए र भारतको प्रयागमा एउटा अभिलेख राखेका थिए । त्यस अभिलेखमा गुप्त साम्राज्यको चारैतिरका छिमेकी देशहरू भनेर यसरी लेखिएको छ : 'समतट, डवाक, कामरूप, नेपाल, कर्तृपुर' । यसको अर्थ नेपाल डवाक र कर्तृपुरको बीचमा वा कामरूप र कर्तृपुरको बीचमा रहेको देखिन्छ । समतट भनेको समुद्रकिनारको इलाका बंगाल र उडिसा, डवाक भनेको उत्तरी बंगालमा पर्ने डुवार, कामरूप भनेको आसाम र कर्तृपुर भनेको कुमाउ हो । भन्नाले आसाम र डुवारको पश्चिमतिर र कुमाउभन्दा पूर्वमा नेपाल रहेको छ भनिएको छ । त्यो भनेको त अहिलेकै नेपाल भयो ।

त्यस्तै गरेर मानदेवको चाँगु अभिलेखको आधारमा पनि त्यतिबेलाको नेपाल अहिलेजत्तिकै क्षेत्रफलयुक्त थियो भन्ने कुरा प्रमाणित हुन्छ । त्यस अभिलेखमा बावुको मृत्युपछि मानदेव सानै उमेरमा राजा भएकाले पूर्व कोशीपारिका र पश्चिम गण्डकीपारिका सामन्तहरूले केन्द्रको अधीनमा नबसी स्वतन्त्र हुन खोजेकोले मानदेवले सेना पठाई उनीहरूलाई कावुमा लिएका थिए भन्ने उल्लेख गरिएको छ ।

किराँतकाल अथवा बुद्धकालमा नेपाललाई हिमवत् प्रदेश भन्ने चलन थियो । पछि किराँत प्रदेशलाई नेपाल भन्न थालियो । त्यसबेला नेपाल आर्थिक रूपले शक्तिसम्पन्न राज्य थियो भन्ने कुरा भारतका प्राचीन कुटनीतिज्ञ कौटिल्यले आफ्नो अर्थशास्त्रमा उल्लेख गरेका छन् । पछि किराँतवंशका एकजना नेपार वंशका राजाले किराँत प्रदेशलाई नेपार तथा त्यहाँका जनता र भाषालाई पनि नेपार नाम दिए । त्यसैबाट पछि नेपाल देश, नेपाल जनता र नेपाल भाषा बनेको थियो । त्यतिबेला नेपाल अहिलेकै जति विशाल थियो भन्ने कुरा यो उदाहरणबाट पनि प्रष्ट हुन्छ ।

यो भ्रम यूरोपका इतिहासकारहरुले फैलाएका हुन् । किनभने पृथ्वीनारायण शाहले गोरखा राज्य विस्तार गर्न थालेपछि मात्र यूरोपेलीहरुले नेपालप्रति चासो राखेका थिए ।

किराँत राजा स्थुङ्कोको समयमा भारतका सम्राट अशोक बुद्धको जन्मस्थल लुम्बिनीमा आएका थिए र बुद्ध जन्मेको ठाउँमा उनले एउटा ढुंगाको स्तम्भ खडा गरेका थिए । त्यस स्तम्भमा लेखिएको अभिलेखको शुरूमा हाम्रा गुरू बुद्धको जन्म यहाँ भएको हो भन्ने कुरा लेखिएको थियो भने अन्तिमतिर 'लुम्बिनी गामे उबलिकेकटे अथभागियेच' भनेर लेखिएको छ । यसलाई अक्सफोर्ड युनिभर्सिटीबाट यसरी उल्था गरिएको छ- 'लुम्बिनी गाउँका जनतालाई करमुक्त गरेर आठ भागको एक भाग मात्र तिर्नुपर्ने गरियो' । तर यो अनुवाद एकदमै विवादास्पद रह्यो । एउटा, विवादास्पद भारतको सम्राटले त्यहाँका जनतालाई करमुक्त गरेकोले लुम्बिनी भारतको अधीनमा थियो भन्ने रह्यो । अर्को, करमुक्त नै गरिएको हो भने करमुक्त भएका जनताले किन फेरि आठ भागको एक भाग कर तिर्नु पऱ्यो ? त्यसैले यसलाई उल्था गरिएकै मिलेन भनेर नेपालका एकजना विद्वान स्व. केशरबहादुर के.सी.ले त्यसको अर्थ यसरी

परिभाषित गर्नुभएको छ : 'लुम्बिनी गाउँका मान्छेहरूले पशुबलि चढाउन बन्द गरेर बुद्धको अष्ठमार्गको पालना गर्नुपर्दछ ।' म पनि यो कुरामा सहमत छु ।

अर्को कुरा, बुद्ध जन्मेको ठाउँमा अशोकले स्तम्भ खडा गरेर त्यसमाथि एउटा घोडाको मूर्ति पनि राखिएको थियो । पछि अशोक त्यहाँबाट फर्केपछि नेपालका एकजना किरात राजाले त्यो घोडा भिकेर फाल्न लगाए भनेर गाली गरिएको कुरा बौद्ध धर्मग्रन्थमा उल्लेख गरिएको छ । यसमा केशरबहादुर के.सी.को तर्क के छ भने प्राचीन कालमा राजाहरूले अश्वमेध यज्ञ गर्नको लागि घोडा छाड्ने गर्थे । घोडा छाडिएका देशले प्रतिकार गरेर त्यस घोडालाई काबुमा लिन सकेन भने त्यो देश घोडा छाड्ने देशको अधीनमा जान्थ्यो । स्तम्भमाथि राखिएको घोडा त्यसैको प्रतीक थियो भनेर किरात राजाले त्यसलाई फाल्न लगाएका हुन् । यसबाट के बुझियो भने किराँतकालमा पनि नेपालको सीमाना लुम्बिनीसम्म फैलिएको थियो ।

मल्लकालमै पनि नेपालको सीमा कामाक्ष कामरूपसम्म फैलिएको थियो भन्ने कुरा उल्लेख छ । राजा यक्ष मल्लपछि अथवा पृथ्वीनारायण शाह आउनुभन्दा करिब ३०० वर्षअघि नेपाल टुक्रिएको थियो । यो साँचो कुरा हो । तर पनि तनहुं लगायत अन्य राज्यहरूमा 'हामी नेपाली हौं' भन्ने भावना मल्लकालको अन्त्यसम्म पनि थियो । यो कुरा ऋषिकेश शाहले उल्लेख गर्नुभएको एउटा घटनाबाट पुष्टि हुन्छ- उपत्यका विजय गर्नुभन्दा पहिला पृथ्वीनारायण शाह काशी गएका थिए । उनले त्यहाँ एकजना पहाडे ब्राम्हणलाई भेटे र उनीसँग 'तपाईं कहाँबाट आउनुभएको हो ?' भनेर सोधे । 'म नेपालबाट आएको हुँ' भनेर बाहुनले जवाफ दिए । 'नेपालमा मल्ल राजाहरूको बीचमा अहिले मेल छ कि झगडा छ ?' भनेर पृथ्वीनारायण शाहले फेरि अर्को प्रश्न गरे । बाहुनले 'म काठमाण्डौंबाट आएको होइन, तनहुंबाट आएको हुँ' भनेर जवाफ दिए । 'तनहुँबाट आएको मान्छेले किन नेपालबाट आएको भनेको त ?' पृथ्वीनारायण शाहले गरेको प्रश्नमा बाहुनले यसरी जवाफ दिएका थिए- 'त्यहाँ बस्दा हामी कान्तिपुर, ललितपुर, भक्तपुर, तनहुं, गोरखा भन्ने गर्छौं, तर मुग्लान पसेपछि ती सबैलाई नै हामी नेपाल भन्छौं ।'

त्यस्तै गरेर सुगौली सन्धिकै कुरा लिऊँ- पृथ्वीनारायण शाहले उपत्यका जितेपछि उनका उत्तराधिकारीहरूले राज्य विस्तार गर्दै गए र अन्त्यमा ब्रिटिश इलाकाको सीमासम्म पुगे । त्यसैले गर्दा ब्रिटिशहरूसँग युद्ध भयो । युद्धमा नेपालको हार भयो र सुगौली सन्धि भयो । सुगौली सन्धि हुँदा 'नेपालले जितेका सबै राज्यहरू ब्रिटिश सरकारलाई फिर्ता दिनुपर्छ, नेपालको सीमा पहिलेकै सीमाअनुसार कायम हुन्छ' भनेर पूर्वमा मेची र पश्चिममा महाकालीसम्म नेपालको सीमाना निर्धारण गरियो । यसको अर्थ मेचीदेखि महाकालीसम्मको इलाका नेपालको परम्परागत सीमाना हो भन्ने बुझिन्छ ।

यसरी नेपाल पृथ्वीनारायण शाहको पालामा मात्र नभएर प्राचीनकालदेखि नै विशाल नेपाल थियो । अब यसलाई पृथ्वीनारायण शाहले एकीकरण गरेको भनेर कसरी भन्ने ? कि भने पुनर्एकीकरण गरेको भन्नुपर्‍यो । तर साँच्चै नै भन्दा पुनर्एकीकरण नै गरेको भए पनि पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्छु भन्ने भावनाले गरेका थिएनन् । सामन्ती राजाहरूले राज्य विस्तार गर्ने भावनाले गोरखा राज्यको विस्तार गर्दै जाँदा एकीकरण भएको हो । जस्तो : तिब्बतका राजा स्रङ्-चङ्-गम्पो, चीनका चङ्गेज खानका सन्तानहरू र भारतका राजाहरूले पनि त्यस्तै राज्य विस्तार गरेका थिए । स्रङ-चङ-गम्पो त झण्डै नेपालसम्म आइपुगेका थिए । यदि पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूले एकीकरणको भावनाले गरेको भए मेची, महाकालीको सीमासम्म

**तिब्बतका राजा स्रङ-चङ - गम्पो, चीनका चङ्गेज खानका सन्तानहरू र भारतका राजाहरूले पनि त्यस्तै राज्य विस्तार गरेका थिए। स्रङ-चङ-गम्पो त झण्डै नेपालसम्म आइपुगेका थिए।**



*स्रङ्-चङ् -गम्पो*

पुगेपछि चुप लाग्नुपर्थ्यो । किन त्योभन्दा अगाडि किल्ला काँगडा र टिस्टासम्म पुगे ?

यही सिलसिलामा पृथ्वीनारायण शाहको दिव्य उपदेशमा भनिएको 'नेपाल चार वर्ण छत्तीस जातको फूलबारी हो' भन्ने कुरालाई लिएर पनि धेरै मानिसहरूले 'पृथ्वीनारायण शाहले नेपाल छत्तीसै जातको साझा फूलबारी हो' भनेर एकीकरणको भावना दिएका हुन्' भन्ने गरेका छन् । तर त्योभन्दा अगाडि पनि नेपालका राजाहरू, लिच्छवी राजा बसन्तदेवले चार वर्ण अठार जात, मल्ल राजा जयस्थिति मल्लले चार वर्ण चौसट्ठी जातमा बाँडेर नेपालमा वर्णव्यवस्था लागु गरेका थिए । मलाई के लाग्छ भने नेपालका राजाहरू हिन्दू धर्म र आर्य संस्कृतिका अनुयायी भएकाले नेपालमा वर्णव्यवस्था लागू गर्नको लागि नेपाली समाजलाई चार वर्ण र विभिन्न जातमा छुट्याएका थिए । त्यही क्रममा पृथ्वीनारायण शाहले पनि नेपाललाई चार वर्ण र छत्तीस जातमा छुट्याएका हुन् । उनले त 'हिन्दूस्तानमा अंग्रेजहरू आइसकेको र त्योभन्दा अगाडि मुसलमानहरूले राज्य गरिसकेको भएर हिन्दू संस्कृति नै समाप्त भएको छ । त्यसैले त्यो हिदुस्थान नै भएन, म नेपाललाई असली हिन्दूस्तान बनाउँछु' भनेका थिए । यसबाट के प्रष्ट हुन्छ भने 'चारवर्ण छत्तीस जातको फूलवारी' भनेर पृथ्वीनारायण शाहले भनेको कुरा एकीकरणको भावनाले भन्दा पनि बरू वर्ण व्यवस्था लागू गर्ने भावनाले भनेका हुन् ।

यो कुरा द्रव्य शाहको पालादेखि नै शुरू भएको थियो । उनको समयमा नारायण अर्याल र गणेश पाण्डे भन्ने दुईजना निक्कै ठूला विद्वानहरू थिए । उनीहरू भारतमा मुसलमानको आक्रमणपछि नेपाल पसेका थिए । तर नेपालमा आर्य संस्कृति नमान्ने भएकाले उनीहरूलाई यहाँ बस्न पनि निक्कै अप्ठ्यारो भयो । त्यसैले उनीहरूले सल्लाह गरेर द्रव्य शाहलाई 'तिमी त भारतबाट आएका राजपुतका सन्तान हौ, धेरै वर्षसम्म यहाँ बसेर मगरहरूसँग विवाह सम्बन्ध जोडेकाले मगरजस्तो भएका हौ' भनेर आर्य संस्कृति लिन लगाएर, गद्दीमा राखेर ठाउँको नाम पनि 'गोरक्षा' भनेर गोरखा राख्न लगाएका थिए । नभए गोरखा राज्य त मगरहरूको राज्य मगरात थियो । यसरी नेपाललाई हिन्दू राज्य बनाउने यी दुई बाहुनहरूको अवधारणा थियो । उनैका सन्तान पृथ्वीनारायण शाहले नेपाल जितेपछि यसलाई 'असली हिन्दुस्तान' भने । त्यसैले मलाई के लाग्छ भने आर्य संस्कृति, हिन्दू धर्म, हिन्दू अधिराज्य विस्तार गर्ने उद्देश्यले राज्यहरू जित्दै जाँदा नेपाल पुनः एकीकरण भएको हो । नेपाललाई आर्य संस्कृति र हिन्दु वर्णाश्रममा ल्याउने अथक प्रयत्न लिच्छवी र मल्ल वंशीय राजाहरूले पनि गरेका थिए ।

पृथ्वीनारायण शाहले नेपाललाई विशाल बनाएकोले नेपाललाई ब्रिटिशहरूले कब्जा गर्न सकेनन् भन्ने धारणा पनि यहाँ छ । एउटा कुरा यो पनि सत्य हो, तर त्योभन्दा सत्य के हो

भने ब्रिटिशहरूको नीतिले गर्दा पनि नेपाल उनीहरूले कब्जा नगरेका हुन् । किनभने नेपालको उत्तरमा जोडिएको विशाल चीन छ । भोलि गएर भारतलाई चीनबाट खतरा हुन्छ । बीचमा बफर राज्यको रूपमा सानो राज्य रह्यो भने चीनसँग लड्नु पर्दैन भनेर उनीहरूले नेपाल, भूटान र सिक्किमलाई स्वतन्त्र राज्यको रूपमा छाडेका हुन् ।

यहाँ एउटा अर्को कुरा पनि उल्लेख गर्नु जरूरी छ । पृथ्वीनारायण सानै छँदा अथवा उनी युवराज नै घोषित नहुँदै उनले जनावरको एउटा सिङमा अहिलेका बच्चाहरूले खुत्रुक्केमा पैसा जम्मा गरेजस्तै पैसा जम्मा गरेका थिए । त्यो जम्मा गरेको पैसालाई हेरेर एकदिन 'सिङभरि पैसा पारूँला, नेपाल मारौँला' भनेका थिए रे ! त्यो कुराबाट के बुझ्न सकिन्छ भने सानै छँदादेखि नै नेपाल उपत्यकाको राजा हुने चाहना उनमा थियो । हुन पनि त्यतिबेला नेपाल उपत्यका उब्जनीको हिसावले, व्यापारको हिसावले र सांस्कृतिक हिसावले एकदमै सम्पन्न राज्य थियो । यस्तो राज्यको राजा हुने लोभ अरू राजाहरूमा पनि थियो होला । उनकै बुवा नरभूपाल शाहले पनि उपत्यकामाथि आक्रमण गर्न खोजेका थिए । तर नुवाकोटको युद्धमै हार खाएर उनले गोरखा फर्कनुपऱ्यो । पृथ्वीनारायण शाहले पनि उपत्यकाको राजा हुने लोभबाट उपत्यका जित्न खोज्दा त्यस वरिपरिका राज्यहरू जित्दै जाँदा नेपालको 'एकीकरण' हुन गएको हो । ❑

**क्षेत्रीय रिपोर्ट ■**

# दाङ्ग घोषणापत्रले देखाएको बाटो- संविधानसभा

**• नारायणप्रसाद शर्मा**, *दाङ*

**वर्तमान** सरकारका क्रियाकलाप वार्तातिर अभिमुख हुनुभन्दा युद्धतिर नै बढी केन्द्रित छ । यस युद्धबाट देश जर्जर भइसकेको छ । त्यसैले व्यापक जनताको चाहना शान्तिको कामना भएको छ । यसो हुँदाहुँदै पनि सरकार- माओवादी बीचको द्वन्द्व शमन हुने लक्षण देखिन्न ।

यही यथार्थलाई महशूस गर्दै मेचीदेखि महाकालीसम्मका नेपालीहरू शान्तिपूर्ण निकासका लागि व्यग्र देखिएका छन् । तुलनात्मक हिसावले मध्यपश्चिमाञ्चल क्षेत्र युद्धबाट बढी प्रभावित भएका तथ्यहरू खुलेकै छन् । त्यसमा पनि राप्ती अञ्चल अझ बढी प्रभावित भन्ने गरिन्छ । जाजरकोटमा भएको क्षेत्रीय जनसरकारको गठन र राप्ती अञ्चलको थवाङ्गमा घोषणा गरिएको मगरात स्वायत्त जनसरकारको गठनले यस क्षेत्रको विशिष्ट स्थिति बुझ्न पर्याप्त छ ।

यस क्षेत्रमा मानवीय क्षतिको हिसाव गर्ने हो भने राज्यद्वारा अहिलेसम्म दाङ्गमा मारिनेहरूको संख्या ५१७ र माओवादीहरूबाट १९० पुगेको छ । त्यस्तै प्यूठानमा राज्यबाट ४४ र माओवादीबाट १६, रोल्पामा राज्यबाट २२ र माओवादीबाट २२० , सल्यानमा राज्याबाट २०९ र माओवादीबाट ९०, रूकुममा राज्यबाट ६५१ र माओवादीबाट १५८ पुगेको छ । देशमा संकटकाल शुरू भएदेखि दाङ्ग जिल्लामा कर्फ्यू हटेको छैन । साँझ ६ बजेदेखि यहाँ कर्फ्यू लाग्छ । शायद भौगोलिक र सामरिक दृष्टिले दाङ्ग बढी महत्वपूर्ण भएर होला, दाङ्ग सधैं अप्ठेरोमा परेको छ । २०५८ साल मंसिर ८ गते माओवादीहरूले दाङ्गको त्रिभुवन नगरस्थित सैनिक क्याम्पमा हमला गरेपछि दाङ्ग पनि सबैको नजरमा पऱ्यो ।

यस क्षेत्रका सामान्य जनता र मानवअधिकारवादी संघ संस्था एवं राजनीतिक व्यक्तिहरूको कमजोरी के रह्यो भने दुवै पक्षबाट हुने गरेका बल मिचाइंलाई खुलासा गर्ने र आवाज उठाउने काम यहाँ कम भयो ।



**शान्तिपूर्ण अग्रगामी निकासका लागि नागरिक समाजको दाङ्ग घोषणापत्र जारी गरियो, जसमा शान्तिपूर्ण निकासको उत्तम विकल्प संविधानसभाको निर्वाचन नै हो भन्ने निष्कर्ष निकालिएको थियो ।**

यसै कुरालाई चिर्न अझ नागरिकहरूका मूक वेदनालाई वाणी प्रदान गर्न यहाँ हालै *नागरिक समाज, दाङ्ग* गठन भएको छ । त्यस्तै देउखुरी इलाकामा पनि यस्तो समाज गठन भएको छ ।

यसै परिप्रेक्ष्यमा *नागरिक समाज, दाङ्ग*को आयोजनामा २०६० साल पुस ४, ५, ६ गते तीन दिनसम्म दाङ्गले शान्तिपूर्ण निकासका लागि वृहत गोष्ठी गऱ्यो । पूर्व सभामुख दमननाथ ढुङ्गाना, मूल्यांकनका प्रधान संपादक श्याम श्रेष्ठ, प्राध्यापक कृष्ण खनाल र प्रगतिशील साहित्यिक फाँटका चर्चित व्यक्तित्व खग्रेन्द्र संग्रौलाको उपस्थितिमा त्रिभुवन नगर घोराही र तुल्सीपुर नगरमा वृहत् गोष्ठी भयो । विसर्जन समारोहमा राष्ट्रिय संकटको शान्तिपूर्ण अग्रगामी निकासका लागि नागरिक समाजको दाङ्ग घोषणापत्र जारी गरियो, जसमा शान्तिपूर्ण निकासको उत्तम विकल्प संविधान सभाको निर्वाचन नै हो भन्ने निष्कर्ष निकालिएको थियो । नागरिकहरूमा यसले सकारात्मक प्रभाव पारेको लक्षण देखा परेको छ । त्यहाँदेखियता अहिलेसम्म कुनै पनि कोणबाट यथास्थितिको पक्षमा र संविधान सभाको विपक्षमा आधिकारिक वक्तव्यहरू देखा परेका छैनन् । माओवादीका तर्फबाट हुने गरेका ज्यादतीहरू पनि घटेका छन् ।

यिनै माथिका कुराहरूमा केन्द्रित भएर दाङ्गमा सम्पन्न नागरिक समाजको गोष्ठी अत्यन्त सार्थक रह्यो । प्रत्येक दिनको जनसहभागिता उत्साहवर्धक रह्यो । एउटा हलभित्र लगातार ६/७ घण्टासम्म लगभग ४ सय जना नागरिकहरूको उपस्थिति उल्लेख्य मान्नुपर्ने हुन्छ । दुवै ठाउँका गोष्ठीहरूमा राजनीतिक पार्टीहरूका प्रतिनिधिहरू, विभिन्न संघसंस्थामा आवद्ध व्यक्तिहरू, वकिल, पत्रकार एवं साहित्यकार र वयोवृद्ध समाजसेवीहरूको सहभागिताले गोष्ठीको औचित्य आफैं स्पष्ट हुन्थ्यो ।

कार्यक्रमको मुख्य उपलब्धी पछिल्लो दिनको दाङ्ग घोषणापत्रलाई मान्नुपर्छ । अहिलेसम्म यसबारे कतै विमति सुनिएकै छैन । अझ यसको बलियो मूर्त प्रमाण दाङ्ग जिल्लाको देउखुरी इलाकामा पनि यही माघ ८ गतेको दिन नागरिक समाजको गठनलाई मान्नुपर्छ, जो दाङ्ग घोषणापत्रलाई सिरानी राखेर गठन भएको छ । त्यसमा दाङ्ग नागरिक समाजका संयोजक र सदस्यहरूको उपस्थिति रहेको थियो ।

शुरूका दिनहरूमा नागरिक समाज राजनीतिक दलहरूको विपक्षमा अथवा प्रतिस्पर्धामा जन्मेको हो कि भन्ने भ्रम नपरेको हैन । अझै पनि कतिमा शेष सास हुनसक्छ । जस्तो कि नागरिक समाजको सदस्य भएको कारणले गर्दा जनमोर्चा दाङ्गले भरत दाहाललाई मोर्चाबाट हटाएको खवर आएको छ । यसो भइहाले पनि यस्तो मामिलामा नागरिक समाज संयम राख्न चाहन्छ । अहिले त्यस्तो केही छैन । दाङ्गका क्रियाशील सबै पार्टीमा आवद्ध व्यक्तिहरूले गोष्ठीमा आफ्ना विचारहरू राखेर सहयोग पुऱ्याउनुभएको थियो ।

जनताको बाँच्न पाउने अधिकार रक्षाका लागि र पूर्ण प्रजातन्त्र एवं समुन्नत नेपालका लागि सबै हिंड्न सक्ने र जुट्न सक्ने बाटो भनेको संविधानसभाको बाटो हो । आठ वर्षको युद्धको पीडा समाप्त हुन्छ भने सार्वभौम जनताको निर्णय शिरोपर गर्नुजस्तो अर्को प्रजातान्त्रिक अभ्यास के हुनसक्छ ? ❑



# स्वास्थ्य भनेको के ?

डा. सरोज धिताल

स्वास्थ्य भनेको रोगव्याधिरहित रहनुमात्र नभई शारीरिक, मानसिक र सामाजिक हिसाबले पूर्ण रूपमा सुस्थिति रहेको अवस्था हो

**स्वास्थ्य** भनेको के हो ? यस्तो प्रश्न गरे धेरैलाई झर्को लाग्नसक्छ ।

हुन पनि स्वास्थ्य भनेको के भन्ने बित्तिकै मानिसहरुको मानसपटलमा स्वाभाविक रुपमा केही चित्रहरु आउँछन् । कसैको मनमा एउटा बलिष्ठ, सुन्दर शरीरको चित्र आउला, कसैको मनमा गतिशील जीवन बाँचिरहेको कसैको चित्र । कसैको मनमा ठूलो रोगव्याधिपछि निको हुँदै गइरहेको कोही देखा पर्ला, कसैको मनमा सानो सफा चिटिक्क परेको गाउँ... । तर छलफलमै उत्रिँदा भने स्वास्थ्यलाई शब्दमा परिभाषित गर्न सबैलाई अलि अप्ठ्यारै हुन्छ ।

स्वास्थ्यजस्तो सबैको चासोको कुरालाई परिभाषित गर्न पनि किन यत्रो झन्झट ? यो अप्ठ्यारोका दुई कारण छन् : एक, मानव जीवनको हरेक पक्षसँग उत्तिकै गहिरो सम्बन्ध भएका कारण स्वास्थ्यसम्बन्धी अवधारणा बहुआयामिक हुन्छ र जीवन जत्तिकै जटिल बन्नपुग्छ । त्यसैले जे गरे पनि, जस्तो परिभाषा पनि अपूर्णजस्तो लाग्छ ।

दुई, स्वास्थ्यलाई कसरी परिभाषित गर्ने भन्ने कुराले स्वास्थ्यसेवासम्बन्धी नीति, राज्यको भूमिका, त्योसँग जोडिएको उद्योग व्यवसाय, चिकित्सा विज्ञानको शिक्षा आदि सबैलाई छलफलको घेराभित्र तानेर ल्याउँछ । त्यसैले यो राष्ट्रिय, अन्तर्राष्ट्रिय दुवै तहमा राजनीतिक हिसाबले जोखिमपूर्ण कुरा बन्नपुग्छ ।

भट्ट हेर्दा यस्तो छलफल भनेको बौद्धिक आत्मरतिमात्र होजस्तो पनि लाग्ला कतिलाई । जल्दाबल्दा व्यावहारिक समस्या हल गर्ने उपायबारे छलफल नगरेर यस्तो सैद्धान्तिक छलफल चलाउनु भनेको समयको नाश हो भन्ने पनि लाग्ला कतिलाई । तर दुर्भाग्य, स्वास्थ्यसम्बन्धी अवधारणा वा स्वास्थ्य दर्शनका केही प्रश्नहरुबारे चासो नलिई स्वास्थ्य-राजनीतिका आधारभूत सवालहरु हल हुँदैनन् र स्वास्थ्य राजनीतिबारे स्पष्ट दृष्टिकोण नभए देशले चढ्न खोजिरहेको प्रजातन्त्रको नयाँ खुड्किलोबाट फेरि पनि चिप्लिएर लड्नुपर्ने हुन्छ । त्यसैले जतिसुकै पट्यारलाग्दो, निरस र अप्ठ्यारो लाग्ने विषय भए पनि स्वास्थ्यसम्बन्धी अवधारणाका बारेमा अलिकति गफ गर्न त थाल्नु नै पर्ला । र, यस्तो गफगाफ अब पनि विश्व स्वास्थ्य संघ, विश्व बैंक जस्ता संस्थाका फाइलहरुभित्र वा जनस्वास्थ्यको ठेक्का लिएका विद्वतवर्गको कम्प्युटरको पर्दामा सीमित नभएर जनताका बीच व्यापक रुपमा चल्नु बेस होला ।

अहिले र सम्भवत: भविष्यमा लामै समयसम्म रहिरहन सक्ने केही महत्त्वपूर्ण विवाद छन् स्वास्थ्यसम्बन्धी अवधारणाका क्षेत्रमा ।

- स्वास्थ्यलाई विशुद्ध जीवविज्ञान तथा चिकित्साशास्त्रको परिधिभित्र राखेर यान्त्रिक ढङ्गले बुझ्ने कि यसलाई बृहत सामाजिक परिप्रेक्ष्यमा समेत बुझ्ने ?
- स्वास्थ्यलाई निश्चित मापकहरुको योगको रुपमा मात्र हेर्ने कि जगतसँगको गतिशील सम्बन्धको अर्थमा समेत बुझ्ने ?

यी प्रश्नहरुलाई दैनिक जीवनको व्यावहारिक तहसम्म ल्याइपुऱ्याउँदा यिनले अरु दर्जनौं प्रश्नहरु जन्माउँछन् । तर अहिलेलाई एउटा प्रश्नबाट शुरु गरौं !

- विश्व स्वास्थ्य संगठनले दिएको स्वास्थ्यको परिभाषा आफैंमा कतिको पूर्ण छ ? यो परिभाषा वरिपरि कस्ता परिदृश्य देखापरेका छन् ?

विश्व स्वास्थ्य संगठनको परिभाषाअनुसार स्वास्थ्य भनेको रोगव्याधिरहित रहनुमात्र नभई शारीरिक, मानसिक र सामाजिक हिसाबले पूर्ण रुपमा सुस्थिति (तन्दुरुस्ती) रहेको अवस्था हो । स्वास्थ्यको शब्दकोषीय परिभाषाहरुअनुसार स्वास्थ्य भनेको रोगव्याधिरहित स्थिति हो । विश्व स्वास्थ्य संगठनले भने त्योभन्दा धेरै अगाडि बढेर स्वास्थ्य भनेको रोग नहुनुमात्र होइन भनेको छ । अझ शारीरिक तन्दुरुस्तीमात्र पनि स्वास्थ्य होइन भन्दछ । शारीरिक हिसाबले अत्यन्त सुसंगठित शरीर भएको फुर्तिलो र सुन्दर व्यक्ति पनि मानसिक हिसाबले तन्दुरुस्त छैन भने ऊ सुस्वास्थ्यको धनी हुन सक्तैन । यस्ता व्यक्तिहरु तपाई हामीले आफ्नै वरिपरि प्रशस्त देखेका छौं र पत्रपत्रिका र थरिथरिका छापामा पनि प्रशस्त देखापर्दछन् । शारीरिक र मानसिक दुवै हिसाबले खोट लगाउन सकिने स्थिति नभए पनि आफ्नो वरिपरिको समाजसँग नै एउटै निश्चित दूरी राखेर बाँच्न बाध्य वा त्यसरी बाँच्न चाहने व्यक्तिलाई पनि स्वस्थ भन्न मिल्दैन, विश्व स्वास्थ्य संगठनको परिभाषाअनुसार ।

यसरी हर्दा विश्व स्वास्थ्य संगठनले परिभाषित गरेअनुरुपको स्वास्थ्य पनि पृथ्वीवासीका निम्ति ज्यादै टाढाको कुरा देखिन्छ । यस्तो स्वास्थ्यस्थिति प्राप्त गर्न गराउनका निम्ति राज्यलगायत अन्यको प्रतिबद्धताको सुनिश्चितता कतै देखिंदैन । यही सुनिश्चितताका लागि विगत शताब्दीको ८० को दशकतिर केही प्रयत्न भएका थिए । अल्माआटामा भएको भेलाले प्राथमिक स्वास्थ्यसेवाको अवधारणा र यसमा राज्यको भूमिका समेत जनाउने गरी जुन घोषणा-पत्र अघिसारेको थियो, त्यसले अघि माथि भनिएको प्रतिबद्धता सुनिश्चित गराउने प्रयत्न गरेको थियो । यसमा युनिसेफजस्ता संस्थाहरुको ज्यादै महत्त्वपूर्ण र सकारात्मक भूमिका रह्यो, तर राष्ट्रहरुको तहमा लोभी-पापी शासकहरु र अन्तर्राष्ट्रिय तहमा विश्व प्रभुत्व जमाउन चाहने शक्तिहरुका निम्ति प्राथमिक स्वास्थ्यसेवाको मौलिक अवधारणा कार्यान्वित हुनुको अर्थ धेरै कुरा गुमाउनु हुन्छ भन्ने भयो । र, यसरी 'सन् २००० सम्ममा सबैका लागि स्वास्थ्य'को नाराले केही जन्माउन नपाई एउटा राम्रो शुरुवातको गर्भपतन भयो ।

किन यस्तो भयो ? परिभाषामा रहेका त्रुटीका कारणले नै यसो भयो भन्नु पक्कै पनि अतिशयोक्तिपूर्ण मूर्खता हुन्छ । तर स्वास्थ्यसम्बन्धी अवधारणामा रहेका केही छिद्रहरुलाई भने प्राथमिक स्वास्थ्यसेवाको मौलिक लक्ष्यलाई तुहाउने शक्तिहरुले निश्चय नै उपयोग गरे ।

विश्व स्वास्थ्य संगठनले गरेको स्वास्थ्यको परिभाषालाई फेरि एकचोटी आलोचनात्मक आँखाले नियालेर हेरौं :

- स्वास्थ्यलाई एउटा 'स्थिति' भनिएको छ । स्थिति भन्नेबित्तिकै त्यहाँ एउटा निश्चितताको, स्थिरताको, जडताको कुरा छिर्नसक्ने ठाउँ तयार हुन्छ । अर्थात् त्यसले निश्चित मापहरुको माग गर्छ । मापको कुरा गर्दा दुई कुराको ख्याल राख्नुपर्ने हुन्छ –

एक, कुनै पनि मापकहरु सर्वकालिक वा सर्वव्यापक हिसाबले उपयोगी रहिरहन सक्तैनन् । स्वीडेनमा र कङ्गोमा एउटै मापकले काम नगर्न सक्छ, सन् १९७० का मापकहरु २००४ मा त्यतिकै उपयोगी नहुन सक्छन् ।

दुई, जगतसँगको सम्बन्धविना जीवनको कुनै अर्थ रहँदैन, स्वास्थ्यको पनि अर्थ रहँदैन । निरन्तर परिवर्तन भइरहेको, गतिमा रहिरहेको जगत र व्यक्ति बीचको गतिशील सम्बन्धलाई कुनै पनि स्थिर मापकले नाप्न सक्तैन ।

प्राथमिक स्वास्थ्यसेवाको मौलिक र वृहत अवधारणालाई छुट्याउनका लागि (नाप) तथा (मापक)हरुको प्रशस्त प्रयोग भएको छ । राज्यलाई उसको जिम्मेवारीबाट मुक्त गर्न स्वास्थ्यलाई जनताको शक्तिकरणको मुद्दासँग अलग गराउनका लागि अल्माआटाको लगत्तैपछि जस्तो षड्यन्त्र हुनथाले । उदाहरणको लागि : प्राथमिक स्वास्थ्य सेवालाई बच्चाहरुको हुर्काइ (लम्बाई, तौल आदि) को मापन, स्तनपानमा जोड, खोप तथा पुनर्जलीय उपचार आदिमा सीमित गरियो । किनभने, जनताको शक्तिकरण र स्वास्थ्यलाई गाँसिन दिंदा राजनैतिक हिसाबले हुने जोखिम यसरी टाल्न सकिन्थ्यो ।

- 'पूर्ण रुपमा' शारीरिक, मानसिक तथा सामाजिक तन्दुरुस्तीको कुरा गरिएको छ ।

यो 'पूर्ण रुपेण' को अर्थ के हुन्छ ?

कि त फेरि पनि निश्चित मापकहरुको सहायता लिनु पर्‍यो कि भने स्वीकार्नु पर्‍यो कि पूर्णता भनेको सहज प्राप्य स्थिति हैन, निरन्तर बढिरहनका निम्ति दिशानिर्देशमात्र हो । र, यी दुई विकल्पले एउटा ठूलै विवादका लागि युद्ध भूमि तयार गरिदिएका छन्- स्वास्थ्यलाई निश्चित मापकहरुको योगको रुपमा हेर्ने कि गतिशीलतामा, गतिशील सम्बन्धमा हेर्ने ?

जनताको स्वास्थ्यको बारेमा चासो राख्ने तपाई हामीका निम्ति यो विवादबाट अलग भएर बस्न निकै गाह्रो पर्ला । त्यसैले मुद्दाहरुबारे छलफल गर्न थालौं ! ❑

# तीस वर्षभित्र छामिएको नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास



**डा. सुरेन्द्र के.सी.**द्वारा लिखित "नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास" पहिलो भाग २८२ पृष्ठको मात्र रहेकोमा यो दोस्रो भाग ४२१ पृष्ठको ढड्डा नै भएकोले स्वाभाविक रूपमा यसले धेरै क्षेत्र र जानकारीहरू समेटेको छ । पहिलो भाग अविभाजित कम्युनिष्ट पार्टीको अवधिभित्रमात्र सीमित रहेकोमा दोस्रो भागले विभाजित अवस्थाका सबै घटकहरूको एकसरो परिचय समेट्नु परेकोले लेखकले स्वभाविक रूपमा धेरै मेहनत गर्नुपरेको छ । २०२०-२०४९ को अवधिलाई यो दोस्रो भागमा समेटिएको छ ।

लेखकको पुस्तकको पहिलो भागकै प्रकाशक *विद्यार्थी पुस्तक भण्डार* भोटाहिटीले निकालेको यो दोस्रो भागलाई लेखकले पृष्ठभूमिदेखि उपसंहारसम्म गरी जम्मा ५ वटा शीर्षकहरूमा विभाजित गर्नुभएको छ भने त्यसपछि पनि परिशिष्ट खण्ड, सन्दर्भ सामाग्री र शब्द अनुक्रमणिकाका पृष्ठहरू बाँकी नै रहेका छन् । यस पुस्तकले हाल नेपालमा अस्तित्वमा रहेका विभिन्न कम्युनिष्ट घटकहरूमध्ये नेकपा (एमाले)को धारलाई बढी स्थान र महत्व दिएको देखिन्छ भने अर्को घटक नेकपा (एकताकेन्द्र/ मसाल)को धारलाई तत्कालीन चौथो महाधिवेशनकालदेखि नेकपा (माओवादी)को नाममा छुट्टै पार्टी गठनसम्मको क्रमबद्ध विवरण दिएर स्थितिलाई प्रष्ट पार्ने प्रयास गरिएको छ । त्यसैगरी, अन्य साना कम्युनिष्ट समूहहरू बारेमा पनि एकसरो जानकारी दिने प्रयास गरिएको छ ।

पहिलो खण्डमा नेपालका कम्युनिष्टहरू विभिन्न समूहमा विभाजन हुनुको पृष्ठभूमि दिएपछि दोस्रो खण्डमा नेकपा (एमाले)को एउटा पूर्व घटक तत्कालीन नेकपा (माले) गठनको क्रममा को.के. निर्माणबाट शुरू गरिएको छ । को.के.भित्र देखिएको अन्तरपार्टी संघर्षका छनक पनि केही हदसम्म दिने प्रयास गरिएको छ । औपचारिक रूपमा तात्कालीन नेकपा (माले) स्थापना भइसकेपछि पार्टी नेतृत्व पंक्तिभित्रको वैचारिक संघर्षमा लेखकको विशेष ध्यान केन्द्रित भएको देखिन्छ । संस्थापक महासचिव सी.पी. मैनालीलाई हटाएर संक्रमण कालमा झलनाथ खनाललाई महासचिव बनाइनु र झलनाथले राम्रैसँग पार्टी चलाए पनि मदन भण्डारीको व्यक्तित्वको उदयका कारण झलनाथ मर्कामा परेको आशययुक्त विश्लेषण डा. के.सी.ले आफ्नो यस पुस्तकमा गरेका छन् । नेकपा (माले)को इतिहासलाई पछ्याउँदै जाने क्रममा लेखकले पार्टीलाई खुला गर्ने र संसदीय राजनीतिमा सुरक्षित रूपमा अवतरण गराउनका लागि भएको प्रयासबारेमा केही पृष्ठहरू खर्च गरेका छन् ।

त्यही अवधिमा नेकपा (मार्क्सवादी) र नेकपा (माले) को एकीकरण भई नेकपा (एमाले) नामको नयाँ पार्टीको निर्माणपछि भएको ऐतिहासिक पाँचौ राष्ट्रिय महाधिवेशन र उक्त महाधिवेशनबाट निर्वाचित लोकप्रिय महासचिव मदन भण्डारी र अर्का नेता जीवराज आश्रितको दासढुंगा दुर्घटनामा अवशानसम्मको इतिहासलाई प्रस्तुत गरेर त्यो धारको चर्चालाई लेखकले टुंग्याएका छन् ।

तेस्रो खण्डमा लेखकले उल्लेखित कम्युनिष्ट खेमाहरूभित्र उठेको वैचारिक बहस, विवादलाई खुट्याउने प्रयास गरेका छन् । तत्कालीन नेकपा (माले), नेकपा (चौम), नेकपा (मशाल र मसाल) तथा नेकपा (एकताकेन्द्र)भित्र चलेका बहस विवादहरूको एकसरो चर्चा गर्ने क्रममा लेखकले पार्टीभित्र वैचारिक संघर्ष र बहसहरूको सही ढंगले संचालन गर्न नसक्दा ब्यहोर्नुपर्ने फुट र अन्य क्षति तथा सक्दा प्राप्त हुने ऊर्जाको बारेमा सर्वसाधारणले पनि बुझ्ने शैलीमा प्रष्ट पार्ने प्रयास गरेका छन् ।

पुस्तकको चौथो खण्ड *कम्युनिष्ट आन्दोलन र यत्रतत्रको राजनीति* शीर्षकअन्तर्गत रहेको छ । यसमा संसदीय फाँटमा नेपाली कम्युनिष्टहरूको हस्तक्षेपका बारेमा उल्लेख गरिएको छ । पाँचौ खण्डमा २०४६ को संयुक्त जनआन्दोलन र त्यसको अगुवाईका लागि संयुक्त वाममोर्चा गठन भएसम्मको पाटोलाई समेटिएको छ । त्यस क्रममा वाममोर्चामा अटाउन नसकेका केही कट्टरपन्थी कम्युनिष्टहरूको अर्को साझा मोर्चा 'संयुक्त राष्ट्रिय जनआन्दोलन'का बारेमा पनि केही प्रष्ट पार्ने प्रयास गरिएको छ । छैठौं खण्डमा उपसंहार शीर्षकअन्तर्गत आफ्नो पुस्तकको समग्र विषयवस्तुको सारलाई निष्कर्षको शैलीमा प्रस्तुत गरेर लेखकले आफ्नो कामलाई फत्ते गरेका छन् । साथै पुस्तकको पहिलो भागमा जस्तै यस दोस्रो भागको परिशिष्ट खण्डमा पनि लेखकले केही अति महत्त्वपूर्ण र अप्राप्त दस्तावेजहरूलाई समेटेर यस विषयका थप अध्येता र जिज्ञासुलाई सहयोग पुऱ्याउने गुन लगाउन बिर्सेका छैनन् ।

इतिहास लेखनजस्तो अपजसिया र जति खोजे पनि अपूर्ण नै भइरहने विषयमा हात हालेर यत्तिको स्तरको ग्रन्थ तयार गर्नु भनेको चानचुने मेहनतले भ्याउने कुरा हुँदै होइन । समीक्षात्मक नजरले पुस्तक पढ्दै जाँदा खट्किएका केही कुरा यहाँ उल्लेख गर्न चाहन्छु ।

पहिलो त भाषिक शुद्धतामा लेखकको ध्यान पुग्नुपर्ने जति पुगेको छैन । पृष्ठ ३८२ मा संयुक्त वाममोर्चाका सदश्यको नाम, थर रामकृष्ण बुइथामा भनिएको छ, तर त्यस्तो थर भएको मान्छे तत्कालीन वाममोर्चामा कोही थिएन । त्यो थर बुझ्थापा हुनुपर्छ । त्यस्तै, ३६१ पृष्ठमा मोहनचन्द्र अधिकारीको फोटो केटाकेटीले झगडा गरेर रोयो भने देखाएर तर्साउनमात्र काम लाग्नेखालको परेको छ ।

त्यस्तै, सर्वहारावादी श्रमिक संगठनका बारेमा चर्चा गर्दा त्यसका नेता रूपलाल विश्वकर्माले एकताकेन्द्रको पोलिट्ब्यूरोमा पुगिसकेको अवस्थामा कम्युनिष्ट दर्शन नै त्यागेको कुरा पृष्ठ १५१ मा पारिएको छ, तर उनले 'समरूपतावाद' नामको नयाँ दर्शन अगाडि सारेको कुरा लेखकलाई पत्तो नभएर हो वा आवश्यक नठानेर हो दिइएको छैन । उता नेपाल मजदूर किसान पार्टीको चर्चा गर्ने क्रममा पृष्ठ १४८ मा लेखकले 'ह्योजु काण्डले नै भक्तपुरका रोहित कामरेडलाई कम्युनिष्ट नेता बनाइदियो' भनेर लेखेका छन्, जुन न त यथार्थपरक छ, न नेमकिपाले नै स्वीकार गर्नसक्छ । संसदीय निर्वाचनलाई पनि वर्ग संघर्षको एउटा थलोको रूपमा प्रयोग गर्नुपर्छ भन्ने मान्यताअनुरूप २०३८ को पहिलो पंचायती आम-निर्वाचनमा आफ्नो संगठनका उम्मेदवार कर्ण ह्योजुलाई जिताउन सकेपछि भक्तपुर जिल्लामा रोहितको संगठन र प्रभाव ह्वात्तै बढेको हो ।

यस पुस्तकमा सबैभन्दा आपत्तिजनक र पाठकलाई पच्दै नपच्ने कुरो त दासढुंगा जीप दुर्घटनामा मदन भण्डारी र जीवराज आश्रितको हत्याको बारेमा रहेको छ । नागरिक स्तरमा गठित छानवीन समितिहरू र जनस्तरमा उठेका प्रश्नहरूलाई कुनै महत्त्व नदिएर त्यो स्वभाविक दुर्घटना हो, कुनै षडयन्त्र छैन भन्ने सरकारी आयोगको निष्कर्षलाई नै लेखकले आफ्नो शतप्रतिशत समर्थन रहेको देखाएका छन् ।

अन्त्यमा यसरी हेर्दा नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासकै एकजना विज्ञको रूपमा स्थापित भइसकेका डा. सुरेन्द्र के.सी.को प्रस्तुत पुस्तकको दोस्रो भाग महत्त्वपूर्ण र स्तरीय त हुने नै भयो तर त्यही विषयमा विद्यावारिधी गरिसकेपछि जे लेखे पनि पाठकले पत्याएर पढिदिनुपर्छ भन्ने चिन्तनका साथ ठाउँ-ठाउँमा प्रकट भएको दादागिरी लेखनशैलीलाई भने आगामी दिनमा सच्याउँदा नै लेखक र मुलुक दुवैको हित हुने सुझाव दिन सकिन्छ ।

● बालचन्द्र मिश्र

# रामेश



# जनसंस्कृति पुरस्कारद्वारा पुरस्कृत पहिलो व्यक्ति

राष्ट्रिय जन-सांस्कृतिक मञ्च, नेपालले आफ्नो स्थापनाकाल (२०४४ पौष १९) को १३ वर्षपछि २०५७ सालमा जनसंस्कृति पुरस्कारको स्थापना गरेको थियो । जन-संस्कृतिको संरक्षण र सम्बर्द्धनका क्षेत्रमा समर्पित स्रष्टाहरूलाई दिइने भनिएको यो पुरस्कार वितरणको शुरूवात भने मंचले आफ्नो १७ औं वर्ष प्रवेशको उपलक्ष्यमा यही २०६० सालदेखि गर्न थालेको हो । गत पौष १९ गते मञ्चले आफ्नो १७ औं वर्ष प्रवेशको अवसरमा आयोजित एक कार्यक्रममा जन-संस्कृतिको क्षेत्रमा तीन दशकभन्दा बढी समय साधनारत वरिष्ठ संगीतकार, गायक तथा गीतकार रामेशलाई सो पुरस्कारद्वारा पहिलो पटक सम्मानित गरेको थियो ।

वि.सं. २००१ साल आषाढ ८ गते तानसेन पाल्पामा जन्मनुभएका रामेश्वर श्रेष्ठ आफ्नो युवावस्था सँगसँगैको सांगीतिक उडानताका अर्थात् २०२४ सालमा राल्फा समूह गठन गरिंदा त्यसका अगुवा व्यक्ति पारिजात दिदीद्वारा रामेश नाम राखिएपछि रामेश हुनुभएको थियो । उहाँको जन्म तानसेन, पाल्पामा भएको भए पनि उहाँको घर ओखलढुंगा जिल्ला ओखलढुंगा, गा.वि.स., वार्ड नं. ९ को शीतलपुरमा पर्दछ । बुवाको जागिरे जीवनको कारण उहाँ तानसेनमा जन्मेर उहाँको बाल्यकाल विभिन्न जिल्लाहरूमा बितेको थियो ।

संगीतका विशेष पारखी बुवा, दिदीहरू र सिङ्गो परिवारकै सांगीतिक लगावका कारण आफू पनि संगीततर्फ आकर्षित भएको बताउनु हुने रामेशलाई तीन वर्षको उमेरमै बुवाले तबला बजाउन सिकाउनुभएको रे ! उहाँको गायनयात्रा भने तेह्रथुम जिल्लाको सदरमुकाम म्याङलुङ बजारदेखि शुरू भएको हो । २०१५ सालमा म्याङलुङ बजारमा आयोजित सांस्कृतिक कार्यक्रममा उहाँले पहिलोचोटि मञ्चमा गीत गाउनुभयो । उहाँलाई त्यसपछि त तेह्रथुममा बाल कलाकारको नामले चिन्न थालियो । उहाँ २०१४/१५ सालतिर त्यही बजारमा *मुनामदन* गीतिनाटक मञ्चन गर्दा आफू सानै भएकोले मुनाको स्वरमा गीत गाएको बताउनुहुन्छ । त्यसरी नै २०१८ सालमा पनि त्यस्तै कार्यक्रममा नवीन वर्देवाको गीत 'हाम्रो देश कति रमाइलो' गाउनुभएको थियो उहाँले । त्यस बेलासम्ममा उहाँले तबला, मादल र बेन्जो बजाउन जानिसक्नुभएको थियो रे ! म्याङलुङ बजारबाट आफ्नो सांगीतिक यात्रामा निस्कनुभएका रामेश आज आएर एक अब्बल दर्जाका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा समेत परिचित सांगीतिक यात्री बन्नुभएको छ ।

२०१९ सालमा रेडियो नेपालद्वारा आयोजित लोकगीत प्रतियोगितामा सहभागी भई संगीतको राष्ट्रिय स्तरको मञ्चमा प्रवेश गर्नुभएका रामेश आफ्ना साथीहरूसँग २०२१ सालदेखि २०२४ सालसम्म रेडियो नेपालमै गीत गाउन लागिरहनुभयो । २०२३ सालतिरै रेडियो नेपालमा नौलो स्वादका लोकप्रिय गीतहरू गाएर उहाँ र उहाँका साथीहरू रायन, मञ्जुल, अरिम चर्चित भइसक्नुभएको थियो ।

२०२४ सालमा आफ्नो तात्कालिक साहित्यिक र सांगीतिक जोश र जाँगरलाई मूर्त रूप दिन तत्कालीन वर्तमानदेखि असन्तुष्ट रायन, मञ्जुल, निनु, अरिम र रामेशजस्ता केही प्रतिभाशाली विद्रोही युवाहरू मिलेर पारिजात दिदीको अगुवाइमा उहाँहरूले 'राल्फा समूह' गठन गर्नुभयो । 'भोकै मर्ने महाकविका पेटका सारङ्गीहरू, हाम्रा गीतहरू'जस्ता सार्थक र जीवनवादी गीत-संगीतहरू बोकेर र जनतालाई जन्याक्जुरूक् उठाएर केही गर्न जबरजस्त हिंडाउने सामर्थ्यका साहित्यिक रचनाहरू सिर्जना गरेर त्यसबेला राल्फालीहरूले तहल्कै मच्चाएका थिए । तर रामेशको राल्फाली यात्रा चार-पाँच वर्षभन्दा लामो टिकेन ।

त्यसले बिस्तारै सुस्पष्ट बाटो केलाउन थाल्यो र त्यो प्रगतिशील सांगीतिक यात्राको रूपमा अघिबढ्न थाल्यो । रामेश २०२८/२९ सालदेखि प्रगतिशील गीतकार, संगीतकार र गायक बनिसक्नुभएको थियो र स्वतः तत्कालीन वाम राजनीतिसित ०३०/३१ सालतिर सम्पर्कमा हुन थाल्नुभयो उहाँ । उहाँको त्यो राल्फापछिको सांगीतिक अभियान २०३५/३६ सालतिर *संकल्प* साहित्यिक पत्रिकाको नाममा 'संकल्प परिवार'मा परिवर्तित भयो । तर त्यसबेला रामेशसँग पारिजात दिदी, निनु, रायन आदि राल्फा सदस्यहरू हुनुहुन्थेन । उहाँहरू पनि रामेश, मञ्जुल र अरिमहरू तत्कालीन नेकपा (माले)मा लाग्नुभएजस्तै, त्यसबेलाको सबैभन्दा ठूलो कम्युनिष्ट पार्टी नेकपा (चौम)मा लाग्नुभएको थियो ।

रामेश, मञ्जुल र अरिमले नेतृत्व गर्नुभएको 'संकल्प परिवार' पनि २०४० सालमा बन्द भयो । तत्कालीन नेकपा (माले)ले रामेशलाई तत्कालीन राजनीतिक विवादका कारण केन्द्रीय सांस्कृतिक फ्र्याक्शनबाट थाहै नपाई अलग्याएपछि त्यसो भएको थियो । अब रामेशले पुनः २०४३ सालमा आफूलाई सांगीतिक अभियानमा निरन्तर सक्रिय बनाउन 'आस्था परिवार' गठन गर्नुभयो, जुन २०४७/४८ सालसम्म चल्यो । त्यसैबेला उहाँको एकल गायन कार्यक्रम पनि गरिएको थियो ।

• विजय सुब्बा

‘ कलाकारलाई पार्टीले सत्तामा जाने माध्यम र सत्ता टिकाउने औजारमात्र बनाउनुहुन्न ’

रामेशलाई मार्क्सवादप्रति असीम आस्था र विश्वास छ । रामेशले हालसम्म अडियो क्यासेट एकल रूपमा निकाल्नुभएको छैन । तर संयुक्त रूपमा भने 'जीवनको जिम्मेवारी' र बालगीति क्यासेटहरू ५ वटा निकालिसक्नुभएको छ । *संकल्प* पत्रिका र सांस्कृतिक परिवारको नाममा सक्रिय हुँदादेखि शुरू गरेर उहाँले जनताका गीतहरू भाग १ देखि ५ सम्मका पुस्तकहरू करिब करिब सम्पूर्ण काम आफैं खटेर प्रकाशित गर्नुभयो भने ८ वर्ष त 'संकल्प' पत्रिकाको सम्पादनमै लाग्नुभयो । पछि *संकल्प* परिवार छाडिसकेपछि *आस्था परिवार*बाट उहाँले नेपाली, अंग्रेजी र संगीतको भाषा (नोटेशन)सहितको 'जीवनको नाम' नामक गीतको पुस्तक प्रकाशित गर्नुभएको छ । लाजको कारण उहाँ 'संकल्प' परिवारमा छँदादेखि नै गीत लेख्ने र लोकगीत संकलन मञ्जुलको नाममा गर्नुहुन्थ्यो ।

रामेशले ८/९ वटा टेलि-चलचित्रहरूमा संगीत दिनुका साथै ठूलो पर्दाको चलचित्र 'बलिदान'मा संगीत दिने र संवाद लेखनसमेत गर्नुभएको छ । अहिले उहाँको लेखन, सम्वाद र संगीतसमेत रहेको चलचित्र 'जनवीर' रेकर्डिङ्ग र छायांकनको लागि तयारी अवस्थामा छ, त्यसको काम राजनीतिक अस्थिरताको कारणले मात्र रोकिएको उहाँ बताउनुहुन्छ ।

रामेश संगीतकार र गायकबाहेक साहित्यकार पनि हुनुहुन्छ । मञ्जुलको चर्चित यात्रा संस्मरण 'सम्झनाका पाइलाहरू'मा उहाँले आफैं मञ्जुल भएर करिव ६५ प्रतिशत संस्मरण लेख्नुभएको बताउनुहुन्छ । त्यसमा भाषा र विचारलाई मिलाउनेदेखि लिएर प्रेस धाउने कामसमेत रामेशले गर्नुभएको थियो । उहाँ भन्नुहुन्छ- "मञ्जुलको नाम छ, अझै ठूलो होस्, ऊ ठूलो हुनु नै जनता ठूलो हुनु हो, हामी सबै ठूलो र शक्तिशाली हुनु हो भन्ने ठानियो, त्यसबेला ।" उहाँ अचम्मै इमान्दार र साथीप्रति समर्पित भएकैले बेलाबेला नजिकका साथीहरूबाट धोका पाउनुहुन्थ्यो । रामेशको साहित्यिक क्षमता २०४९/५० सालतिर प्रकाशित 'प्रतिपक्ष' साप्ताहिकमा ३ वर्ष स्तम्भकार भएर लेखेको लेखौटबाट पनि पर्याप्त थाहा हुनसक्छ ।

रामेश अहिले बाल संस्मरण संगालो निकाल्ने क्रममा हुनुहुन्छ । उहाँले नेपाल भाषाको संगीतक्षेत्रमा रामकृष्ण दुवाल, पद्मरत्न तुलाधर र राजु तुलाधरहरूसँग मिलेर पनि केही कामहरू गर्नुभएको थियो । उहाँले सिद्धिचरण श्रेष्ठका ८ वटा गीतहरू, विक्रम सुब्बाको सूक्ष्मकाव्य *बेइमान इमान* र खण्डकाव्य *सुम्निमा पारूहाङ* (आंशिक रूपमा, पछि पूरै गर्ने)मा संगीत गरिसक्नुभएको छ भने कविशिरोमणी लेखनाथ पौड्यालको कविता 'पिंजराको सुगा'मा संगीत गरिसकिएको छ, फागुनतिर सार्वजनिक गरिने कुरा छ । संचार माध्यमहरूमा उहाँका गीतहरूलगायत सन्देशमूलक छोटा छोटा गीत/संगीतहरू पनि बजिरहन्छन् ।

रामेश मनमोहन अधिकारी, गणेशमान सिंह र सुन्दरराज चालिसेजस्ता निःश्वार्थी, इमान्दार र त्यागी राजनेताहरूलाई मन पराउनु हुन्छ र अहिले राजनीतिक दलहरूभित्रका सोझा, त्यागी र इमान्दार मान्छेहरूले दुःख पाएको देख्दा निक्कै दुःखी बन्नुहुन्छ । उहाँ तपाईंको मनपर्ने संगीतकार, गायक, गीतकारहरू को को हुन् भन्दा भन्नुहुन्छ- "जसले लोकजीवनका गीतहरू मुखमुखै बनाए, लय हाले र गाए तिनै लोकगीत संगीतका अजस्र स्रोत नै मलाई मनपर्ने महान कलाकारहरू हुन् ।"

कलाकार रामेश अरूलाई भनी नबिझाउने र व्यवहार गरी नचिढ्याउने स्वभावकै कारणले कहिलेकाहीं उहाँका अत्यन्त नजिकका साथीभाइहरूबाट त्यतिकै टाढाको व्यवहार भोग्नुहुन्छ । उहाँ राजनीतिक दलहरूलाई नकारात्मक ढंगले नै त हेर्नुहुन्न, तर त्यसभित्रका स्वार्थी, अवसरवादी, देश र जनताप्रति बेजिम्मेवार नेताहरूलाई भने कहिल्यै सम्मान गर्नुहुन्न । उहाँ भन्नुहुन्छ- "क्रान्तिको नाममा जनतालाई अपाङ्ग र शहीद बनाउने, अमूल्य उमेर, प्रतिष्ठा, श्रम, सीपहरू दिने जनतालाई घात गर्दै व्यक्तिगत स्वार्थपूर्ति गर्ने व्यवहारहरू राजनीतिक दल र नेताहरूबाट नहोस् । नेताहरूले जनताको त्याग र बलिदानले बनेको पार्टीलाई बदनाम र अविश्वासको संस्था बनाउनुहुन्न । उनीहरू त जनताको आवश्यकता पूरा गर्ने जनताका सेवक बन्नुपर्छ, अहंकारी र ऐयाशी मालिक बन्नुहुन्न ।"

जे.वी. टुहुरे र रायनजस्तै वर्तमान संस्कृतिकर्मीहरूका गुरू हुनु भएका रामेशले गाएका जनवादी गीतहरू सुनेर कम्युनिष्ट बनेका केटाकेटीहरू आज कम्युनिष्ट पार्टीहरूमार्फत् देश हाँकिरहेका पनि छन् । रामेश नयाँ पुस्तालाई यसरी सुझाव दिनुहुन्छ : "राजनीति उच्चतम कुरा हो, त्यसले देश र जीवन चलाएको हुन्छ । यसमा जनताले आफू मालिक भएर, आचारसहिता बनाएर पालन गर्न नेतालाई बचनवद्ध पारेरमात्र मत दिने गर्नुपर्छ । राजनेताहरूको लागि दण्डित गर्ने हक अधिकार जनतामा सुरक्षित हुनुपर्छ । नेताहरू जनताप्रति उत्तरदायी र जनताको डर भरमा काम गर्ने हुनुपर्ने चलन बसाउन लाग्नुपर्छ ।"

पुरस्कार स्थापना गर्ने संस्था राष्ट्रिय जन-सांस्कृतिक मंच, नेपाललाई पुरस्कारद्वारा सम्मानित पहिलो व्यक्तित्वबाट यस्तो अमूल्य सुझाव मिल्नु खुशीको कुरा भएको छ । रामेश भन्नुहुन्छ- "कलाकारलाई पार्टीले सत्तामा जाने माध्यम र सत्ता टिकाउने औजारमात्र बनाउनुहुन्न । त्यस्तै यो मंच पार्टी र नेताको गुणगान गाएरमात्र हिंड्ने समूहको रूपमा नहोस् । देश र जनता, जीवन र भविष्यको लागि स्वविवेकले काम गर्नसक्ने देशकै जिम्मेवार सांस्कृतिक संगठन बन्न सकोस्, ता कि सबैले हाम्रो भन्न सकून् ।"

उहाँको दृढ भनाइ छ- "म जनताबाट बद्नाम र तिरस्कृत तथाकथित नामधारी नेताहरूका हातबाट पुरस्कार थाप्न चाहन्न ।" उहाँ थप्नुहुन्छ- "पुरस्कार बाँड्ने मान्छे पुरस्कार दिन पनि योग्य हुनुपर्छ ।" उहाँले त्यही कारण कतिपय तक्मा र पुरस्कारहरू थाप्न अस्वीकार पनि गर्नुभएको छ । उहाँ नेताहरूबाट भन्दा विधागत रूपले जनतामा स्थापित जनसंस्कृतिका अग्रज स्रष्टाहरूबाट पुरस्कार थाप्नुमा गर्वको अनुभव गर्नुहुन्छ ।

करिब २६/२७ वर्षअघि म १७/१८ वर्ष हुँदाको चिनजानदेखि यहाँसम्म पनि मैले रामेशदाइलाई यस्तै आजकै जस्तो 'सादा जीवन उच्च विचार'का पक्षपातीका रूपमा देख्दै आएको छु । प्रशंसाबाट सधैं टाढा रहनुहुने रामेशलाई 'यो सम्मानलाई के ठान्नुभयो ?' भनेर प्रश्न गर्दा उहाँको उत्तर यस्तो थियो : "व्यक्तिगत सम्मानभन्दा पनि यस्तो सम्मानले स्वस्थ, सार्थक र सुन्दर संस्कृतिलाई सम्मानित गराउन सक्यो भने, यस्तो सम्मानले जनताको मनोबल उठाएर देशको मालिक बनाउन सक्यो भने यसको औचित्य रहेको अनुभव म गर्नेछु । यस्तो सम्मानलाई यदि दुरूपयोग गरें भने


बाँकी ४४ पेजमा

**"जसले लोकजीवनका गीतहरू मुखमुखै बनाए, लय हाले र गाए तिनै लोकगीत संगीतका अजस्र स्रोत नै मलाई मनपर्ने महान कलाकारहरू हुन् ।"**



# माओवादीले राष्ट्रसंघको पर्यवेक्षण निम्त्याउनुको कारण र सन्दर्भ

● विनोद ढुंगेल



प्रचण्ड

"**देशमा** दुई विचार, दुई सेना र दुई सत्ता विद्यमान रहेको वर्तमान स्थितिमा पार्टी, दुवै सेनालाई निस्क्रिय राखी संयुक्त राष्ट्र संघ एवं अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरूको पर्यवेक्षणमा संविधानसभाको निर्वाचन गर्न तयार छ ।"

नेपालमा चालु सशस्त्र हिंसात्मक द्वन्द्वले नवौं वर्षमा पाइला टेक्नुभन्दा करिब एक महिनाअघि द्वन्द्वको एउटा पक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले उपरोक्त प्रस्ताव अगाडि सारेको हो । विगतमा अन्तर्राष्ट्रिय मध्यस्थताका कुराहरू आउँदासमेत घरेलु समस्याको समाधान आन्तरिक प्रयासहरूबाटै गरिनुपर्ने पक्षमा माओवादी देखापरेको थियो ।

तर यसपटक माओवादीले प्रत्यक्षतः राष्ट्रसंघीय पर्यवेक्षणलाई आमन्त्रण गरेको छ । कुनै शक्तिशाली राष्ट्रविशेषको हस्तक्षेपभन्दा स्वभाविक रूपमा बढी राष्ट्र संघ हितकारी हुने यथार्थ र नेपालको राजनीतिमा व्यापक विदेशी हस्तक्षेपको सन्दर्भमा यो प्रस्ताव अगाडि आएको छ ।

**राष्ट्रसंघ कसरी आउँछ ?**

**के शही सेना निस्कृय बस्ला ?**

## प्रस्तावको सन्दर्भ र कारण

माओवादी अध्यक्ष प्रचण्डले सो नीतिको संक्षिप्त चिनारीको आरम्भमै पूंजीवादी जनवादी क्रान्तिमार्फत् सामन्तवाद र साम्राज्यवादबाट नेपाली समाजलाई मुक्त गर्ने आधारभूत राजनैतिक राणनीति भएको बताउनुभएको छ ।

सो रणनीति अंगीकार गर्दागर्दै पनि समग्र अन्तर्राष्ट्रिय परिस्थिति र देशभित्र विद्यमान शक्तिसन्तुलनको विशिष्ट स्थितिका आधारमा लचिलो कार्यनीति अपनाउँदै गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको चुनावका आधारमा माओवादीले राज्यसँग दुईपटक युद्धविराम गरेर वार्तासमेत गरेको थियो ।

ती दुवै पटकका असफल वार्तापछि अहिले आएर माओवादीले शाही नेपाली सेना र जनमुक्ति सेना दुवैलाई निस्कृय राखी संयुक्त राष्ट्र संघको पर्यवेक्षणमा संविधानसभाको निर्वाचन गर्न तयार रहेको जनाएको छ । सडक आन्दोलन गणतन्त्रउन्मुख हुँदै गएको र आन्दोलनरत राजनीतिक दलहरू संविधानसभाको सवालमा सहमत हुनका निम्ति माओवादीसित विद्यमान सेना र हतियार एउटा प्रमुख बाधा हुनसक्ने धारणा बारम्बार उठिरहेको सन्दर्भमा अध्यक्ष प्रचण्डले राष्ट्र संघलाई पर्यवेक्षक बनाउने सोच पहिलोपटक सार्वजनिक गर्नुभएको छ ।

यसबीचमा पनि माओवादीले विद्यमान संकटको अग्रगामी राजनैतिक निकासका निम्ति गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचनमार्फत् नयाँ संविधान निर्माण गर्ने प्रश्नलाई 'तात्कालिक न्यूनतम राजनैतिक प्रस्ताव'का रूपमा अडानको विषय बनाइरहेको छ । साथै उसले संविधानसभामार्फत् गणतन्त्रात्मक राज्यसत्ता संस्थागत गर्ने चाहना र स्वतन्त्र एवं निष्पक्ष निर्वाचनको स्थितिमा नेपाली जनताको अभिमत गणतन्त्रको पक्षमा व्यक्त हुने विश्वास दोहोऱ्याइरहेको छ । राष्ट्र संघलाई पनि उसले संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने प्रयोजनका लागि निम्त्याउन चाहेको हो ।

## प्रस्तावको माओवादी अर्थ

युद्ध जारी रहेको र युद्धविरामको समेत कुनै संकेत देखा नपरेको यो अवस्थामा माओवादीको प्रस्ताव 'बेमौसमको बाजा'जस्तो पनि प्रतीत हुन्छ । दुई पटकसम्मका वार्तामा सरकार अग्रगमनको पक्षमा नदेखिएको ठहर गरी बन्दूक उठाउन पुगेको माओवादी अब विश्वासलाग्दो र शक्तिशाली मध्यस्थकर्ताको खोजीमा जुटेको देखिन्छ । राष्ट्र संघीय मध्यस्थताको पक्षमा निक्कै पहिलादेखि कलम चलाउँदै आउनुभएका अधिवक्ता युवराज संग्रौला शक्तिराष्ट्रको हस्तक्षेपलाई रोक्न पनि राष्ट्र संघलाई बोलाउनुपर्ने ठान्नुहुन्छ । 'यो नीति यही समयमा सार्वजनिक गरियो, किनभने राजतन्त्रविरूद्ध संयुक्त जन-आन्दोलनको लागि उपयुक्त वातावरण विकसित हुँदै गएको छ र हामी हाम्रा नीतिहरूबारे संसदीय दलहरू र प्रमुख अन्तर्राष्ट्रिय शक्तिहरूमा रहेका केही असमझदारीहरूलाई स्पष्ट पार्न चाहन्छौं ।' -माओवादी नेता डा. बाबुराम भट्टराईको भनाइ छ ।

संविधानसभाको चुनावको पर्यवेक्षण राष्ट्र संघले गर्ने विषयमा माओवादीको भनाइ निक्कै खुला छ । "संविधानसभाको चुनावको अवधिमा हाम्रा जनमुक्ति सेनाको भूमिकाका बारेमा देशभित्र र बाहिर पनि धेरै मानिसमा शंका र त्रास रहेको थियो, त्यसैले हामीले यो अवधारणा बाहिर ल्यायौं" डा. भट्टराईको दावी छ : "हामीलाई जनताप्रति विश्वास भएकोले हाम्रो सेना निश्चित अवधिका लागि निस्कृय राख्न तयार भएका छौं र अर्को पक्ष अर्थात् राजाले पनि शाही नेपाली सेनालाई त्यसै गरून् भन्ने चाहन्छौं ।" डा. भट्टराईका अनुसार, यो प्रस्तावले माओवादीको नियतमाथि संसदीय दलहरू र अन्तर्राष्ट्रिय शक्तिहरूमा रहेका शंकाहरूलाई हटाइदिनेछ र संविधानसभाको निर्वाचनको प्रस्तावमा सहमत हुन प्रोत्साहन दिनेछ ।

"अहिले पनि हाम्रो प्राथमिकता संयुक्त सडक संघर्षमार्फत् सोझै गणतन्त्रतर्फ जानु हो", डा. भट्टराई भन्नुहुन्छ- "यो विकल्पको लागि पनि हाम्रो नियतमाथि शंका नगर्न र हामीसँग गणतान्त्रिक-प्रजातान्त्रिक सहकार्य गर्न संसदीय दल र अन्तर्राष्ट्रिय शक्तिहरूलाई हाम्रो नीति वक्तव्यले सहयोग गर्नेछ ।"

## लाभ-हानीको लेखाजोखा

त्यसो त संयुक्त राष्ट्र संघ कुनै पनि रूपमा नेपालको द्वन्द्वमा संलग्न हुनासाथ माओवादीलाई केही राजनीतिक लाभसमेत हासिल हुनेछ । सर्वप्रथम त 'जनयुद्ध'ले अन्तर्राष्ट्रिय रूपमा वैधता प्राप्त गर्नेछ भने ऊमाथि लगाइएका 'आतंककारी'लगायतका फौजदारी अभिलेखहरू पनि राजनीतिक रूपमा पखालिने छन् ।

यसरी राष्ट्र संघ आएको खण्डमा माओवादीहरूका राजनीतिक मुद्दाहरूले स्वभाविक रूपमा प्राथमिकता पाउने डा. विपिन अधिकारी बताउनुहुन्छ । संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय र राष्ट्र संघीय परियोजना सेवा कार्यालयमा समेत परामर्शदाता भइसक्नुभएका डा. अधिकारी भन्नुहुन्छ : "माओवादी क्रान्तिकारी शक्तिको रूपमा स्थापित हुन्छ वा हुँदैन भन्ने कुरा राष्ट्र संघको सरोकार हुँदैन, बरू उसको सरोकार त प्रजातान्त्रिक समाधानको खोजीतर्फ हुन्छ ।"

वास्तवमै राष्ट्र संघको के कस्तो सहयोग हुनसक्ला ? अहिलेकै सन्दर्भमा पनि राष्ट्र संघका सहायक महासचिव कुलचन्द्र गौतम भन्नुहुन्छ- "यदि नेपालको बहुदलीय प्रजातन्त्र तथा सम्वैधानिक राजतन्त्रको आधारभूत मान्यतालाई आत्मसात गर्दै एउटा सक्षम तथा स्वच्छ छविको सरकारमार्फत् विद्यमान समस्याहरूको राजनैतिक समाधान खोजिन्छ भने संयुक्त राष्ट्र संघलगायतका निकायहरूले प्रशस्त योगदान दिन सक्छन् ।" राष्ट्रिय मानवअधिकार आयोगबाट हालैमात्र प्रकाशित 'द्वन्द्व, मानवअधिकार र शान्ति : नेपालको अगाडि चुनौतिहरू' नामक पुस्तकमा 'पुनर्निर्माण र मेलमिलाप : नेपालको अग्रगामी मार्ग' शीर्षक लेखमा गौतमले राजनीतिक सुधार, गरीबी न्यूनीकरण, सुशासन र अन्तर्राष्ट्रिय सहयोगका पक्षमा राष्ट्र संघको संलग्नताको सकारात्मक भूमिका हुने सविस्तार उल्लेख गर्नुभएको छ ।

हाल राजावादी र माओवादी शक्ति प्रत्यक्षतः सशस्त्र द्वन्द्वमा सामेल भएको अवस्थामा राष्ट्र संघ संलग्न हुँदा 'विद्रोहीको एजेन्डा पहिला टेबलमा आउने' डा. अधिकारी बताउनुहुन्छ । त्यो अवस्थामा राजाको शक्तिकै बारेमा विद्रोही पक्षले सम्झौता गर्ने हुनाले राजाको निम्ति राष्ट्र संघको संलग्नता अरूचिकर हुनसक्छ । एमाले, कांग्रेसजस्ता मूलप्रवाहका शक्तिशाली दलहरूलाई भने आफ्नो राजनीतिक वर्चस्व गुम्ने डरले माओवादी प्रस्तावको कार्यान्वियन अहितकर लाग्नसक्छ ।

## राष्ट्रसंघ कसरी आउँछ ?

कुनै पनि देशको सरकारले निमन्त्रणा नगरी राष्ट्र संघ आउँदैन । बोलाएर आउँदा पनि उसले सहयोगका लागि आधारभूत शर्तहरू अगाडि सार्छ । त्यसपछि राज्य पक्ष र राष्ट्र संघबीच एक समझदारी पत्रमा हस्ताक्षर गरिन्छ, जसमा संघको भूमिका परिभाषित हुन्छ । डा. अधिकारी हस्ताक्षर प्रकृयामा संसदवादी, माओवादीजस्ता राजनीतिक शक्तिहरूलाई पनि साक्षी वा सहभागीको रूपमा संलग्न गराउन सकिने उपाय देख्नुहुन्छ । यसरी राष्ट्रिय सहमतिको आधारमा तय गरिएको भूमिकाअनुरूप संक्रमणकालीन अवधिका लागि राष्ट्र संघको नेपाल कार्यालय स्थापना हुन्छ । त्यसपछि आरम्भ हुन्छ- 'राजनैतिक शक्ति परिचालनको प्रकृया ।' यसअन्तर्गत अन्तरिम सरकार गठन र त्यसमा सहभागिताको सन्तुलन, अन्तरिम कार्यक्रम आदिसमेत पर्दछन् । पूर्वी टिमोर र कम्वोडियामा समझदारी पत्रलाई नै अन्तरिम विधानको रूपमा स्वीकारिएको थियो ।

राष्ट्र संघले संचालन गरेका संक्रमणकालीन शासनमध्ये पूर्वी टिमोरको अभ्यास सबैभन्दा सफल र पछिल्लो उदाहरण मानिन्छ । राष्ट्र संघको गम्भीर कूटनीतिक प्रयासको परिणामस्वरूप इण्डोनेसियालाई विश्वासमा लिएर पूर्वी टिमोरले स्वतन्त्रता पाएको थियो । हजारौं मानिस मारिएपछि त्यहाँ सन् २००१ मा आम-निर्वाचन र २००२ मा सत्ता हस्तान्तरण सम्भव भएको थियो ।

सन् १९५५ देखिको सशस्त्र द्वन्द्वमध्ये १९७५-१९९१ को अवधिमा मात्र १७ लाख मानिस मारिएको कम्वोडियामा पनि राष्ट्र संघले हिंसा अन्त्य गर्न सफलता पाएको थियो । त्यहाँ खमेररूज, राजावादी र प्रजातन्त्रवादी शक्तिहरूलाई मिलाएर युद्धविराम गराई उनीहरूकै सहमति र संलग्नतामा प्रजातान्त्रिक नयाँ संविधान तर्जुमा हुनसक्यो ।

अमेरिकी आक्रमणबाट ध्वस्त र आन्तरिक सशस्त्र गृहयुद्धबाट अन्यौलग्रस्त अफगानिस्तानमा पनि *लोया जिर्गा*बाट पारित संविधान निर्माणमा राष्ट्र संघको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । यसरी प्रजातन्त्र र मानवअधिकारका आधारभूत मान्यता र विद्यमान राजनीतिक शक्ति सन्तुलन देखिने गरी संविधान बनाउने प्रत्याभूति राष्ट्र संघले गर्नसक्छ भने निर्मित संविधानको सफल कार्यान्वियनको लागि सदैव अन्तर्राष्ट्रिय समुदायलाई परिचालन पनि गरिरहेको हुन्छ ।

कतिपय अवस्थामा समझदारी-पत्रमा नेताहरूले हस्ताक्षर गरे पनि विद्रोही कार्यकर्ताहरूले विद्रोह गरिरहन सक्छन् । दुवै सेना निस्कृय राखिएको अवस्थामा ती विद्रोहीहरूलाई निःशस्त्र पार्न र शान्ति कायम गर्नु चुनौतीको विषय हुनजान्छ । अफ्रिकी राष्ट्रहरू हाइटी, सिएरा लियोन, रूवान्डा, लाइबेरियाजस्ता मुलुकमा शान्ति सेनाविना राजनीतिक स्थायित्व कायम हुन नसकेको देखिन्छ । तर नेपालका माओवादी विद्रोहीहरूभित्र त्यो अवस्था नरहेको पद्मरत्न तुलाधरको विश्लेषण छ ।

माओवादीले पनि शान्ति सेना नै आउने ढंगले प्रस्ताव अगाडि सारेको भने देखिँदैन । "हामीले त राष्ट्रसंघीय मानवअधिकारसम्बन्धी निकायहरू र अन्तर्राष्ट्रिय मानवअधिकार संगठनहरूद्वारा सुपरिवेक्षणको कुरामात्र गरेका हौं, हाम्रो चाहना 'सिभिल सुपरभिजन'मात्र हो ।" माओवादी प्रवक्ता कृष्णबहादुर महरा बताउनुहुन्छ ।

## शाही सेना निस्कृय बस्ला ?

विगतमा शाही नेपाली सेना ब्यारेकको पाँच किलोमिटरको परिधिभित्र सीमित हुने सहमतिमा तत्कालीन सरकारका वरिष्ठ मन्त्रीहरूले नै हस्ताक्षर गरे पनि कार्यान्वयन हुनसकेन । तसर्थ, शाही सेना निस्कृय राख्ने कुरा सहज छैन । शाही नेपाली सेनाका एक उच्च अधिकारी त माओवादीको प्रस्तावलाई 'राजनीतिक बल्छी'को संज्ञा दिन्छन् ।

अरू देशमा जसरी नेपालमा सत्ताविहीनता नभएकोले सत्ता हस्तान्तरण प्रक्रियामा राष्ट्र संघ संलग्न हुन कठिन छ । एक त नेपालको फौजी अवस्था पनि माओवादीले भने जसरी नै 'रणनीतिक सन्तुलन'मा छ भन्न स्वतन्त्र आँखाहरूलाई कठिन छ भने अर्कोतर्फ राजाले आफूमाथि राष्ट्र संघकै भए पनि अर्को सार्वभौमसत्ता खडा हुन दिन सहज छैन ।

तर राज्यपक्ष राष्ट्रसंघलाई बोलाउन तयार भएको खण्डमा भने राष्ट्रसंघीय सुरक्षा परिषद्बाटै प्रस्ताव पारित गराएर ठूला राष्ट्रको समर्थन जुटाउने र छिमेकी मुलुकहरूलाई समेत विश्वासमा लिने कार्यमा राष्ट्र संघले कूटनीतिक उपाय अवलम्बन गर्नसक्ने डा. विपिन अधिकारी ठान्नुहुन्छ । यसक्रममा राष्ट्र संघलाई स्थानीय रूपमा काम गर्न सुरक्षा परिषद्ले आवश्यक ठानेमा मूल्य र मापदण्डहरूको ब्याख्या गरेर सजिलो पारिदिनसक्ने उहाँको विचार छ ।

**अफ्रिकी राष्ट्रहरु हाइटी, सिएरा लियोन, रुवान्डा, लाइबेरियाजस्ता मुलुकमा शान्ति सेनाविना राजनीतिक स्थायित्व कायम हुन नसकेको देखिन्छ । तर नेपालका माओवादी विद्रोहीहरुभित्र त्यो अवस्था नरहेको पद्मरत्न तुलाधरको विश्लेषण छ ।**



*डा. बाबुराम भट्टराई*

## राष्ट्र संघको चासो र भारतीय भूमिका

नेपालको आन्तरिक सशस्त्र द्वन्द्वमा सुपरिवेक्षकको रूपमा माओवादीले बोलाउने प्रस्ताव सार्वजनिक गर्नुभन्दा निक्कैअघि गत साउनमै राष्ट्र संघीय चासो सार्वजनिक भएको थियो । संयुक्त राष्ट्र संघका महासचिव कोफी अन्नानलाई उद्धृत गर्दै उहाँका विशेषदूत टी. स्यामुएलले साउन १४ गते भन्नुभएको थियो : "राष्ट्र संघ नेपालमा वार्तामार्फत् शान्तिपूर्ण समाधान खोज्ने कार्यमा नेपालले चाहेबमोजिम सहयोग गर्न सदा तत्पर छ ।"

नेपालको शान्तिवार्ता प्रकृयाले गम्भीर रूपमा अवरोधहरू खेप्नुपरेको तथ्य पनि महासचिवले बुझ्नुभएको खुलासा गर्दै स्यामुएलले भन्नुभएको थियो : "नेपालको शान्ति प्रकृयामा भइरहेका प्रयासहरूलाई महासचिवले गम्भीर चासोका साथ हेरिरहनुभएको छ ।" तर त्यो चासो र तत्परता भारतलाई मन परेन । महासचिवको सो विचार सार्वजनिक भएको २४ घण्टा नबित्दै भारतको विरोध भारतीय अखवारहरूमार्फत् सार्वजनिक भयो । र, साउन १६ गते *दि हिन्दू* र *दि टेलिग्राफ*ले नेपालको आन्तरिक मामलामा आन्तरिक प्रयासबाटै शान्तिको खोजी गरिनुपर्ने तर्क गर्दै 'राष्ट्र संघले हात हाल्नका लागि यो उपयुक्त विषय' नभएको टिप्पणी गरे । "या गम्भीर मानवअधिकार उल्लंघन हुनुपर्‍यो या भोकमरी या नरसंहार या ठूलो स्तरको मानवीय समस्या हुनुपर्‍यो", भारत सरकारको कुनै पनि स्रोतलाई उल्लेख नगरी ती अखवारले एकसाथ भने : "त्यस्ता कुनै समस्या नभएकोले राष्ट्र संघले हस्तक्षेप गर्ने दुस्साहस गर्नुहुँदैन ।"

नेपाली राजनीतिक स्थिरता वा अस्थिरताको प्रत्यक्ष लाभ वा हानी व्यहोर्ने विदेशीमध्ये भारत एक प्रमुख सरोकारवाला भएकोले नेपालप्रति भारतीय चासो सदैव देखिँदै आएको छ । सन् १९५० को सन्धि खारेजी र 'वर्क पर्मिट'का कुरा उठाउँदै आएको माओवादी हाल ती मुद्दाहरू अमूर्त भाषामा बोल्न थाल्नु, राजा, प्रधानमन्त्री र युवराजाधिराजको केही महिनाकै अन्तरालमा भारत भ्रमण हुनु, बेलायती विशेष दूत जेफ्री जेम्स हरेक पटक नेपाल भ्रमणपछि भारत पसेर स्वदेश फर्कनु र अमेरिकी सहायक विदेश मन्त्री क्रिस्टिना रोका भारत पसेर मात्रै नेपाल आउने रीति कायम हुनुजस्ता घटनाले सबैलाई भारतीय प्रभावले असर पारेको देखिन्छ ।

### बलशाली विकल्प

यो अवस्थामा राष्ट्र संघको भूमिका निर्धारण गर्ने कुरामा फेरि पनि सबै पक्षको भूमिका हुन्छ । तसर्थ, अहिलेसम्मका असफल वार्ताका परिणामले बलियो मध्यस्थकर्ताको आवश्यकतासमेत सबैले महसूस गरेका पनि छन् । डा. अधिकारी र अधिवक्ता संग्रौलाको विचारमा अहिलेसम्म देखिएका विकल्पमध्ये राष्ट्र संघलाई भूमिका दिनु 'सबैभन्दा उचित' हुन्छ । 'राष्ट्रसंघको स्थान लिनसक्ने अर्को शक्ति विश्वमै नरहेकोले यो राजनीतिक रूपमा संभव र व्यवहारिक रूपमा प्रयोगसिद्ध विकल्प हो', उहाँहरू भन्नुहुन्छ । ❑

४१ पेजको बाँकी

संस्थालाई दण्डित गर्ने अधिकार पनि हुनुपर्छ, म भन्छु ।" रामेशको यस्तो निश्छल, कञ्चन र गम्भीर जिम्मेवारीपनले वास्तवमा पुरस्कृत गर्ने संस्थालाई समेत झनै बढी जिम्मेवार बन्न बाध्य गराएको छ । रामेश अझै भन्नुहुन्छ : "पुरस्कार र सम्मानभन्दा पनि आफ्नो कर्तव्य निर्वाह गर्नु सबभन्दा राम्रो कुरा हो ।" जनताको विश्वास नबिगार्नु, जनताद्वारा दिइएको शक्ति र नामको दुरूपयोग नगर्नु, सबभन्दा राम्रो कुरो हो, रामेशजस्तो गहकिलो विचारवान व्यक्तित्वलाई सम्मान गर्न पाएकोमा राष्ट्रिय जन-सांस्कृतिक मञ्च गौरवान्वित बनेको छ ।

राष्ट्रिय जनसांस्कृतिक मञ्चजस्तो व्यापक जनाधार भएको संगठनले यति ढिलोमात्र यस्तो पुरस्कारको स्थापना गर्नु निश्चय पनि कमजोरी हो भनी स्वीकार गर्नैपर्छ । **मूल्यांकन मासिक**का सम्पादक तथा साहित्यकार हरिगोविन्द लुइँटेलको यस पुरस्कार स्थापनार्थ बारम्बार 'लौ न लौ, यत्तिको जनाधार भएको संगठनले त छिटो गर्न सक्नुपर्‍यो नि" भन्दै गरिएको झकझक्याइले पनि पुरस्कार स्थापना गर्नुमा सहयोग मिलेको छ । ढिलो भए पनि जन-संस्कृतिको क्षेत्रमा

पुरस्कारले रकम कति छ भन्ने भन्दा पनि जनताले स्रष्टालाई सम्मान गर्ने कुरा हो, सम्मानको परम्परा स्थापना गर्ने कुरा हो । सिंगो एउटा संगठनले गरेको सम्मान र दिएको पुरस्कार हो । वरिष्ठता र कनिष्ठता भन्ने सवाल यसमा जोड्न मिल्दैन ।" पुरस्कारद्वारा सम्मानित वरिष्ठ कलाकार रामेशले आफूले प्राप्त गरेको रू. दश हजारमा आफ्नो तर्फबाट रू. पाँच हजार थप गरी जम्मा रू. पन्ध्र हजार युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानलाई प्रदान गरेर आफ्नो चौडा छातीको परिचय दिनुभएको थियो ।

राज्यको स्रोत-साधन अन्यायपूर्ण तरिकाले अप्रगतिशील सांस्कृतिककर्मीहरूलाई मात्र प्रोत्साहित गर्ने काममा प्रयोग भइरहेको छ । त्यसैले प्रगतिशील सांस्कृतिककर्मीहरूले समेत त्यतिकै अधिकार लाग्ने राज्यको स्रोतमाथिको दावी पनि जरूरी भइसकेको छ । तर त्यसलाई सहज र सरल ढंगले प्राप्त गर्ने स्थिति भने छैन । त्यसको निम्ति सचेत र सार्थक राजनीतिक हस्तक्षेप अनिवार्य छ । अहिले भने राजनीतिक कामभन्दा कम महत्त्व पाइआएको तर महत्त्वपूर्ण जनसंस्कृतिको फाँटमा देखिएको यस किसिमको



उहाँको भनाइ छ- "म जनताबाट बद्नाम र तिरस्कृत तथाकथित नामधारी नेताहरूका हातबाट पुरस्कार थाप्न चाहन्न"

जनस्तरबाट नेपालमै एक विशिष्ठ पुरस्कार स्थापित भएकोमा खुशी मान्नुपर्ने अवस्था छ ।

यति हुँदाहुँदै पनि जन-संस्कृति पुरस्कारको नामबारे सामान्य छलफल र तर्कवितर्कहरू भने नउठेका होइनन् । गत पौष १९ गतेको पुरस्कार अर्पण समारोहमा पुरस्कृत व्यक्तित्व रामेशले 'जन-संस्कृति पुरस्कार' हैन 'जन-संस्कृति सम्मान' हुनुपर्छ भन्नुभयो । त्यसैगरी रायनले पनि 'पुरस्कार' भन्ने शब्दप्रति विमति राख्नुभयो । उहाँहरू दुवैको तर्क थियो- "पुरस्कार त नयाँ प्रतिभाहरूलाई प्रोत्साहनस्वरूप दिइने गरिन्छ, पुराना स्थापित व्यक्तित्वलाई हैन । नयाँले पुरानालाई पुरस्कृत गर्ने हैन, सम्मान गर्ने हो ।" यही विषयमा साहित्यकार हरिगोविन्द लुइँटेलको भनाइ चाहिँ भिन्न र उपयुक्त पनि थियो । उहाँको भनाइ थियो- "'जन-संस्कृति पुरस्कार' जनस्तरबाट स्थापना गरिएको अत्यन्त महत्त्वपूर्ण र स्वागतयोग्य पुरस्कार हो । "साहित्य सन्ध्या पुरस्कार, युद्धप्रसाद पुरस्कार, पारिजात स्मृति पुरस्कार, गोकुल पुरस्कार हुनसक्छ भने जनसंस्कृति पुरस्कार किन हुन सक्दैन ?" यो

शुरूवातलाई सकारात्मक रूपमा लिनु राम्रो होला । गैर-प्रगतिशील सांस्कृतिक फाँटमा अनेकौं विधाका स्थापित यो पुरस्कारभन्दा पनि साना पुरस्कारहरूले ती फाँटका स्रष्टाहरूलाई सम्मानित गरेर प्रोत्साहित र समाजमा स्थापित गर्दै लगिरहेका छन् । त्यस्ता कामहरूले स्वभावतः प्रगतिशील सांस्कृतिककर्मीहरूलाई र तिनका गतिविधिहरूलाई छायाँमा पार्ने काम भइआएका छन् । त्यसैले सिंगो राज्ययन्त्र नै प्रगतिशील सांस्कृतिक आन्दोलनको विपक्षमा छ भन्ने कुरालाई गम्भीरताका साथ लिंदै जन सांस्कृतिक कर्मीहरूले पनि उच्च सचेतनताका साथ आफ्नो काममा लाग्न ढिला भइसकेको छ ।

अन्त्यमा, पहिल्यै बालहितकारी पुरस्कार, *युद्धप्रसाद मिश्र स्मृति पुरस्कार* र चलचित्र *बलिदान* १०० दिन चलेवापतको अवार्डद्वारा सम्मानित व्यक्तित्व रामेशलाई यस जनसंस्कृति पुरस्कारद्वारा सम्मानित हुनुभएकोमा पुनः बधाई तथा जन-सांस्कृतिक आन्दोलनमा आफ्नो बाँकी जीवन पनि लगाइरहन सक्नुहोस् भन्ने शुभकामना ! ❑

# आर्थिक परिसूचकहरूको सेरोफेरोमा अर्थतन्त्र



**एक वर्षको अवधिमा ४.५ प्रतिशले डलरको तुलनामा नेपाली रुपियाँ अधिमूल्याङ्कित भएको छ**

दीपेन्द्र क्षेत्री

**चालु** आर्थिक वर्षको पाँचौं महिनामा अधिकांश समष्टिगत परिसूचकहरू अनुकूल अवस्थामा पाइएका छन् । पूँजीबजार, सरकारले केन्द्रीय बैंकसंग लिएको कर्जा (अधिविकर्ष), भारतीय मुद्राको संचिति र मूल्यस्फितिजस्ता परिसूचक भने प्रतिकूल अवस्थामा रहेका छन् ।

सरकारले प्राप्त गरेको अनुदान अघिल्लो वर्षको पाँचौं महिनाको तुलनामा रू. २३८.८ करोडले बढेको, पर्यटनबाट आम्दानी रू. १९१.१ करोडले र विप्रेषण (रेमिटान्स) रू ६२०.१ करोडले बढेको छ । विदेशी मुद्रामा प्राप्त हुने उक्त रकमहरूले मुद्रा प्रदायलाई यो अवधिमा ७.२ प्रतिशतले बढाउन सहयोग पुऱ्याएका छन् । मुद्रा प्रदाय- रूपियाँ बैंकबाट बाहिरिएर उपभोक्ता, व्यापारी र सर्वसाधारणको हातमा वा चल्ति खातामा राखिएको अवस्था- बढेकाले मूल्य बढाउन बल पुऱ्याएको छ । उपभोक्ता मूल्य बढ्न सरकारी खर्च वृद्धिले पनि थप बल पुऱ्याएको छ । समीक्षा अवधिमा उपभोक्ता मूल्य ८१.५ प्रतिशतले बढेको छ भने थोक (व्यापारको) मूल्य अपत्यारिलो ढंगले आकाशिएको छ । सर्वसाधारणको हातमा रूपियाँ रहेर पनि पूँजीबजारमा उनीहरूले लगानी गर्न इच्छा गरेका छैनन् । त्यसैले नेप्से (नेपाल सेक्यूरिटी एक्सचेञ्ज पूँजीबजार) सूचकांकमा ५.९ प्रतिशतले गिरावट आएको छ । तर सिक्काहरू, नगद र चल्ति खाताका अतिरिक्त मुद्दति खाता समेत समावेश भएको विस्तृत मुद्रा ११.० प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा अवधिमा सरकारले विकास खर्च १५.५ प्रतिशतले बढाई रू.३३६ करोड पुऱ्याएको छ भने साधारण खर्च ३.७ प्रतिशतले मात्र बढेको छ । राजश्व पनि १५.३ प्रतिशतले बढ्न गई रू. २०३५ करोड पुगेकोले साधारण खर्च थेगेर पनि विकास खर्चलाई टेवा पुऱ्याउन सकेको छ ।

देशको कुल व्यापार १२.७ प्रतिशतले बढेर समीक्षा अवधिमा रू. ७५२४ करोड पुग्यो । निकासी ६.७ प्रतिशतले बढे तापनि पैठारी १५.२ प्रतिशतले बढेकाले व्यापार घाटा पनि बढ्यो । भारततर्फ निकासीभन्दा नेपालमा भारतबाट पैठारी बढेको छ । र, विगत वर्षहरूमा पेट्रोलियम पदार्थ भारत बाहेकका मुलुकबाट ल्याई परिवर्त्यमुद्रामा भुक्तानी दिने गरेकोमा हाल आएर भारतीय मुद्रामा नै भुक्तानी हुन थालेको छ । त्यसको परिणामस्वरूप भारतीय मुद्राको संचिति ह्वात्तै घटेको छ ।

पर्यटनबाट आम्दानी विप्रेषण (रेमिटान्स) को रकम वृद्धि, सरकारलाई अनुदान प्राप्त रकम बढेकाले चालु खाता पनि नाफामा जाने क्रम जारी छ । यही कारणबाट पनि देशले भुक्तानी दिनेभन्दा देशमा भित्रिने अवस्था बलियो भएकाले शोधनान्तर बचत यस अवधिमा रू.९४ करोड पुगेको छ । गतवर्षको यसै अवधिमा रू.८९ करोडमात्र बचत थियो ।

देशको विनिमय संचिति रू.११०८८ करोड पुगेको छ, जसमध्ये रू.७४७ करोडमात्र भारतीय मुद्रामा रहेको छ । परिवर्त्य मुद्रामा संचिति पर्याप्त हुँदाहुँदै पनि अमेरिकी डलरसंगको नेपाली मुद्राको विनिमय दर खस्कँदै गएको छ । एक वर्षको अवधिमा ४.५ प्रतिशले डलरको तुलनामा नेपाली रूपियाँ अधिमूल्याङ्कित भएको छ । तर अन्तर्राष्ट्रिय मुद्रा बजारमा डलर कमजोर भएका कारणले नेपाली रूपियाँ बलियो देखिन गएको मात्र हो । ❑

## मुख्य समष्टिगत आर्थिक परिसूचकहरू

(रू. करोडमा)


| विवरण | २०५९ मार्ग | २०६० आषाढ | २०६० मार्ग | एक वर्षमा अन्तर % |
|---|---|---|---|---|
| विस्तृत मुद्रा [क] | २२८६१ | २४५९१ | २५३७५ | ११.० |
| मुद्रा प्रदाय [ख] | ७६५९ | ८३७५ | ८२११ | ७.२ |
| **वैकिङ क्षेत्रको विनिमय** | | | | |
| संचिति | १०५६४ | ११०३९ | ११००८ | ५.० |
| परिवर्त्य मुद्रा | ८२२० | ९९१७ | १०३४८ | २५.९ |
| भारतीय मुद्रा | २३४४ | ११२२ | ७४० | (६८.४) |
| विनिमय दर (अमेरिकी डलर) | ७८.२९ | ७७.६६ | ७४.३६ | ४.५ |
| **मुद्रा स्फिति (प्रतिशतमा)** | | | | |
| उपभोक्ता मूल्य | २.७ | ५.२ | ४.९ | ८.१५ |
| थोक मूल्य | ०.७ | ३.८ | ५.९ | ७४२.६ |
| **सरकारी खर्च** | | | | |
| सरकारी खर्च | २३२६ | ७२२० | २४६९ | ६.१ |
| विकास खर्च | २९१ | १६५३ | ३३६ | १५.५ |
| साधारण खर्च | १९०५ | २४३० | १९७५ | ३.७ |
| अन्य खर्च | १३० | १३७ | १५८ | २१.५ |
| अधिविकर्ष (ओभरड्राफ्ट) | १५ | -१३३ | ९४ | ५२६.६ |
| राजश्व | १७६५ | ५६२३ | २०३५ | १५.३ |
| **व्यापार** | | | | |
| निर्यात | १९२३ | ४९२५ | २०५२ | ६.७ |
| आयात | ४७५१ | १३५५५ | ५४७२ | १५.२ |
| कुल व्यापार | ६६७४ | १७४८० | ७५२४ | १२.७ |
| भारत | ३८०४ | ८३०३ | ४२०२ | १०.५ |
| अन्य मुलुक | २८७० | ९१७७ | ३३२२ | १५.७ |
| **शोधनान्तर स्थिति** | | | | |
| (आश्विन महिना) | ८५ | ५२० | ९४ | ९.९ |
| चालु खाता | ५११ | ९४३ | १०६५ | १०८.४ |
| नेप्से परिसूचक | २१४.५७ | २०४.८६ | २०१.९४ | (५.६) |

[क] मुद्रा प्रदाय र मुद्दती खाताको रकम । [ख] चलनचल्तिमा रहेका सिक्काहरू र चल्ति खाताको रकम

*स्रोत : नेपाल राष्ट्र बैंक*

## सतीले सरापेको देश

*मूल्यांकन* ११४ निक्कै ढिलो पढ्न पाइयो । 'हाम्रो मूल्यांकन'भित्र हामी नेपालीलाई 'एक्काइसौं शताब्दीका जागरूक नागरिकहरू' भनिएकोमा गौरव लाग्यो भने, भ्यालढोका थुनेर पिटिएको बिरालोको उदाहरण सटिक लाग्यो । हो, वास्तवमा आन्दोलनरत पार्टीहरूले सिफारिस गरेको सर्वदलीय सरकारलाई सत्ता सुम्पिदिनमै दरवारको दीर्घकालीन हित र कल्याण छ । नत्र अन्धो सिंह भएर जथाभावी आक्रमण गर्दै हिंड्ने दरवार, एकदिन दलदले खाल्डोमा पर्छ पर्छ । र, अब राजालाई कसैले पनि देउता मान्दैनन् । तर राजसंस्थाले विश्व इतिहास पढेकै छैनजस्तो छ । एकातिर सम्वैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र र मानवअधिकारप्रति कटिवद्ध भएको जनाउने र अर्कोतिर क्रियाकलाप र निर्देशनचाहिं त्यसको ठीक विपरीत देखाउने हुँदा यो त खालि दिउँसै रात पार्न खोजिएको प्रतीत हुन्छ । यहाँ त नागरिकका सम्पूर्ण मौलिक हकहरूलाई बन्दूकको बलले चिहान पारिएका छन् । सत्य बोल्नेहरूको जीब्रो लुछिएको छ । अमर गिरीले भनेझैं राज्यको मातहतमा बन्दूक चल्नुपर्नेमा, बन्दूकको मातहतमा राज्य चलाउनेहरूका लागि निकट भविष्य प्रत्युत्पादक सावित हुनेछ ।




अर्कोतिर, माओवादीहरूले सार्वजनिक गर्ने भनिएको 'माओवादी यौनसंहिता र उनीहरूको चन्दा प्रकरणका सम्बन्धमा संग्रौलाको टिप्पणी सोह्रैआना चित्तबुझ्दो छ । भनेजति चन्दा दिए जोसुकैले, जस्तोसुकै अपराध गरेको भए पनि छुट पाउने हो भने त 'क्रान्ति' प्रतिगमनकारी भएन र ? जनताको पक्षमा लडिएको अन्तिम लडाइं हो भने उनीहरूलाई पनि आदर्श आचारसंहिता लागू हुनुपर्‍यो । नत्र यो देशलाई सतीले सरापेको मान्नै पर्ला ।

**- कल्पलता श्रेष्ठ**

*धरान- १६, जनपथ (सुनसरी)*

## कुरा हैन प्रतिवद्धताको खाँचो छ

पूर्णाङ्क ११४ पढिसकेपछि मनमा लागेका शब्दहरू पठाएको छु । यस अंकको पनि 'अर्को कठपुतली सरकार होइन अधिकार सम्पन्न सरकारको खाँचो' शीर्षकको सम्पादकीयदेखि 'पाठकको कुरो'सम्मका सबै सामाग्री स्तरीय एवं पठनीय छन्, तर त्यसमध्ये पनि 'किन चाहियो संविधानसभा नै यति बेला ?' शीर्षकको कृष्ण खनालको बहस, हिंसा र प्रतिहिंसाको नग्ननृत्य शीर्षकको डि.आर. पोखेलको लेख 'बारूदको कुहिरो र परेवाहरू' शीर्षकको रमेश विकलको लेख, राजेन्द्र महर्जनको 'फासिवादको चिरफार' र भोजराज गैरेले पाल्पादेखि मलेसिया पुगेर आफैंले अनुभव गरी लेखेको वैदेशिक रोजगारमा गएका लाखौं नेपालीहरूको संक्षिप्त कथा भनै उत्कृष्ट लाग्यो ।

साँच्चै डि.आर. पोखेलले लेख्नुभएको जस्तो प्राचीनकालमा अश्वमेध, गोमेध र नरमेध यज्ञहरू स्वाहामन्त्र जपेरै सम्पन्न हुने गर्थे । सम्पूर्ण चराचर प्राणीहरू र वस्तुहरू ध्वजकुण्डमा होमेरै सखाप पारिन्थ्यो । राम र रावण, कृष्ण र कंश अनि देवी र दानवहरूबीचको लडाइँ सबैमा असत्य र अधर्मको विरूद्ध सत्य र धर्मको निम्ति भनेर नारा लगाइन्थ्यो । सत्य र धर्मको विजय भएको उपलक्ष्यमा विजयादशमी मनाउन लागेको पनि धेरै भइसकेको छ । तर सत्य र धर्म आज पनि दूर क्षितिज काटेर भागिसकेका छन् । दुर्गालाई खुशी पार्ने नाममा एकै दिनमा लाखौं लाख पशुपंक्षीको बलि चढाएर दशैं मनाउने र गढीमाइको मेला चलाउने धार्मिक चलनमात्र बाँकी छ । इतिहासमा सत्ताले सुब्बा कृष्णलालको कलम भाँच्न उनको 'मकैको खेती' ध्वस्त तुल्याएको थियो भने शुक्रराज शास्त्रीको गीता प्रवचनलाई फाँसीको फन्दामा झुण्ड्याएको थियो । आज त्यही व्यवहार पुनरावृत्ति हुँदै पत्रकार कृष्णसेन इच्छुक र कवि पूर्णविरामसम्म आइपुगेको छ । कृष्णसेन र पूर्णविरामहरू त मात्र प्रतिनिधि उदाहरण हुन् । पर्दापछाडि हजारौं कृष्णसेन र पूर्णविरामहरू कि त फाँसीको फन्दामा झुण्डिन बाध्य भइरहेछन् कि त सिंहदरवारभित्रै बेपत्ता भइरहेछन् ।




नेपालमा मात्र हैन संसारभरि समस्या उस्तै छ । संयुक्त राष्ट्र संघ लगायतका विश्वप्रसिद्ध मानव अधिकारवादी संगठनहरू मानव अधिकार र सु-शासनको लागि आवाज उठाउँछन्, तर ट्रुमेन, बुश र ब्लेयरहरूको कानले त्यो आवाज सुन्नै सक्दैनन् । पेट्रोलको लागि अनेक बहानामा इराक ध्वस्त हुन्छ ।

राज्य र माओवादी दुवैको कारणबाट ०५२ सालदेखि ०६० साल कार्तिकको दोस्रो हप्तासम्ममा ११ हजारभन्दा बढी नेपालीले ज्यान गुमाइसकेका छन् ।

संविधान संशोधनको आवश्यकता देखिंदा संशोधनको 'स'सम्म उच्चारण गर्न डराउने नेताहरू अहिले पूर्णतः नयाँ संविधानको आवश्यकता हुँदा संशोधनको टालटुले कुरो बोकेरसमेत हिंड्न थालेको पनि देखिएको छ । जनता र राष्ट्रको आवश्यकताभन्दा हाम्रा संसदीय पार्टीहरू सँधै एक कदम पछाडि परेका छन् । त्यसकारण चीन र रूसमा गरिएको क्रान्तिको अन्धनक्कल होइन, नेपाली माटोको मागअनुसारको क्रान्ति गर्न हाम्रा संसदीय दलहरू र माओवादी सबै प्रतिवद्ध बनून् ।

**- प्रकाश चन्द ढकाल**

*रत्ननगर नगरपालिका- ११, (जमुनापुर) चितवन, हाल : गल्फ हाउस रेष्टुरेण्ट, पो.ब.नं. ४१४३, दमाम : ३१४९१ साउदी अरेबीया*

## काव्यका अन्य विधा पनि समावेश होऊन्

*मूल्यांकन*ले आफ्नो उद्देश्यअनुरूपको बाटोमा विचार-अन्तर्क्रिया, बहस, चिन्तन, दर्शन, इतिहास, संस्कृति, साहित्य आदिलाई समेटेर हिंडिरहेको छ । पत्रपत्रिकाहरूको भीडमा *मूल्यांकन* मासिकको आफ्नो बेग्लै उँचाइ छ । संसारलाई हेर्ने *मूल्यांकन*को आँखा विज्ञानसम्मत छ, अर्थात् *मूल्यांकन*को हिंडाई सभ्य, सुसंस्कृत भेद्‌भावरहित वैज्ञानिक समाजवादतिरको यात्रा हो । हामीलाई लाग्छ, *मूल्यांकन*ले यस प्रक्रियामा निरन्तर रूपमा आफूलाई सक्रिय बनाउनुपर्छ । अन्तरक्रिया प्रकाशनले प्रगतिशील क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ । केही महिनाअघि मासिक बालपत्रिका पहिलो अंकमात्रै निस्केर बन्द भयो । फेरि निरन्तरता दिन प्रयास गर्नुपर्‍यो । 'नवयुवा' पनि आफ्नो यात्रामा अविचलित हिंडिरहेको छ । बरू अन्तर्क्रिया प्रकाशनले एउटा विशुद्ध साहित्यि पत्रिका प्रकाशन गर्नसके अझ राम्रो हुने थियो । मासिक सम्भव नभएर द्वैमासिक वा त्रैमासिक गर्दा पनि हुन्छ । यदि तत्काल त्यो असम्भव छ भने *मूल्यांकन* आफैंले एक पृष्ठ कथालाई छुट्याओस् । अनि अर्को एक पृष्ठमा कविता, गीत, गजल र मुक्तक समावेश होऊन् । प्रायः प्रगतिशील पत्रिकाले केवल कविता प्रकाशित गर्छन् र गीत, गजल, मुक्तकलाई उपेक्षा गर्छन् । *मूल्यांकन*को उद्देश्यअनुसारका प्रगतिशीलधारबाट सिर्जना गरिएका गीत, गजल, मुक्तक प्रकाशित गर्ने हो भने भन् राम्रो हुने थियो ।

**- सङ्गीतश्रोता, प्रकाश पौडेल र अञ्जानबाबु शर्मा**

*मोदी मैदान सांस्कृतिक परिवार, संगीतपुर, बाजुङ्ग पर्वत ।*




ISO 9002 SGS

NS-Quality Award 2001

जीवन भनेको घर परिवार हो, आफ्नो बसोबासको सुखद कल्पनालाई मूर्तरुप दिन हामीले समयमा नै बुद्धिपूर्वक निर्णय गऱ्यौं - हिमाल स्टील छानेर । जसले युगानुकुल, आनन्ददायी र मजबुत घर बनाईदिएर हाम्रो जिम्मेवारी सफल पारी दिएको छ ।

हिमाल स्टील

टोरस्टील®

*हिमालले सुरक्षित घर बनाउँछ।*

**हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.**
ज्योति भवन, कान्तिपथ, पो.ब.नं. १३३, काठमाडौं
फोन: ४२२५२३०, ४२२५४९०, फ्याक्स: ४२२६३१४, ४२६८१८८

ल.प.जि.प्र.का. द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२ ०५० ५१

